सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ माघ २०८२, आइतबार (25 Jan 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २७६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ श्री लालीगुराँस सहकारी ठगी प्रकरण

कागजी कम्पनी खडा गरेर सवा ६ अर्ब अपचलन



सहकारीका सचिव जोडिएका १० कम्पनीमै पौने दुई अर्ब ऋण प्रवाह, अस्तित्वमा नरहेका ३० कम्पनीविरुद्ध अनुसन्धान गर्न सिआइबीमा सिफारिस

(विस्तृत पृष्ठ ३)

निर्वाचन घोषणापत्र र जनसरोकारका एजेन्डा



अग्रलेख

● प्रेमलकुमार खनाल

चुनावी घोषणापत्र औपचारिक कागजात मात्र होइन, यो त मतदाता र राजनीतिक दलबिचको विश्वासको आधार पनि हो

(पृष्ठ ४)

इरानमा सुरक्षा बलले किन ताकिरहेको छ प्रदर्शनकारीको आँखा ?



समकालीन इरानमा आँखा राजनीतिक हतियार बनेको छ। प्रदर्शनकारीले जे देख्छन्, त्यसबारे भिडियो खिच्छन्, दस्ताबेजीकरण गर्छन् र चौतर्फी फैलाउँछन्। तसर्थः विरोधीको आवाज दमन गर्न सरकारले आँखामै गोली हानेको छ।

(विस्तृत पृष्ठ ५)

पुँजी वृद्धिमा सरकारी बिमा कम्पनी निरीह

जीवनको पाँच अर्ब र निर्जीवनको दुई अर्ब ५० करोड न्यूनतम चुक्ता पुँजी हुनुपर्ने व्यवस्था, तर सरकारी स्वामित्वका जीवन बिमा कम्पनीको १८ करोड र निर्जीवनको २६ करोड ६६ लाख मात्रै पुँजी

व्यापारिक पूर्वाधार निर्माण गर्न नेपाल-चीनबिच समझदारी

किमाथांका नाकामा सडक, मितेरी पुल तथा रसुवाको टिमुरे, मुस्ताङको कोरला नाकामा सुक्खा बन्दरगाह निर्माणकार्यलाई निरन्तरता दिइने

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

प्रमुख दलबाट १४ मात्रै जेन-जी उम्मेदवार

प्रत्यक्षतर्फका ३,४०६ मध्ये जेन-जी समूहका उम्मेदवार १५३ मात्रै, ८२ जेन-जी उम्मेदवार स्वतन्त्र

■ रास्वपाबाट ९, राप्रपा ३, एमाले र नेकपाका १-१ जेन-जी उम्मेदवार

■ कांग्रेस र जसपा नेपालबाट छैनन् जेन-जी उम्मेदवार

■ ३,४०६ मध्ये सबैभन्दा पाका नेकपाबाट सर्लाही २ का उम्मेदवार ८८ वर्षीय महिन्द्र राय यादव

शुरोजंग पाण्डे / नयाँ पत्रिका


२३-२४ भदौको जेन-जी विद्रोहपछि २१ फागुनमा हुन लागेको पहिलो आमनिर्वाचनमा उक्त उमेर समूहका उम्मेदवार अत्यन्त न्यून देखिएको छ। निर्वाचन आयोगले सार्वजनिक गरेको उम्मेदवार सूचीअनुसार जेन-जी उमेर समूहका उम्मेदवार जम्मा १५३ जना मात्र छन्, जुन कुल उम्मेदवारको करिब ४.५ प्रतिशत हो।

दाबी-विरोध, उम्मेदवारी फिर्ता र खारेज प्रक्रियापछि निर्वाचन आयोगले शुक्रबार ३,४०६ जना उम्मेदवारको नामावली तय गरेको छ। प्रारम्भमा ३,४८७ जनाले उम्मेदवारी दर्ता गराएकामा ७२ जनाले नाम फिर्ता लिएका छन् भने नौजनाको उम्मेदवारी खारेज भएको छ।


संविधानअनुसार प्रतिनिधिसभा सदस्यका लागि न्यूनतम उमेर २५ वर्ष पूरा भएको हुनुपर्छ। यसअनुसार २५ देखि २८ वर्ष उमेरका १५३ जना उम्मेदवार छन्। बहुसंख्यक जेन-जी उमेर समूहका उम्मेदवार स्वतन्त्र छन्। ठुला पार्टी एमाले र नेकपाका एक-एकजना जेन-जी उमेर समूहको उम्मेदवार प्रतिस्पर्धामा छन्। कांग्रेसले भने कसैलाई उम्मेदवार बनाएको छैन।

एमालेबाट सर्लाही ४ मा २७ वर्षीय अमनिशकुमार यादव र नेकपाबाट बारा ४ मा जेन-जी उमेर


» पृष्ठ २ मा क्रमशः




कांग्रेस : **३२ देखि ७७ वर्षसम्मका उम्मेदवार**



एमाले : **२७ देखि ७८ वर्षसम्मका उम्मेदवार**



नेकपा : **२७ देखि ८८ वर्षसम्मका उम्मेदवार**



रास्वपा : **२५ देखि ६५ वर्षसम्मका उम्मेदवार**



राप्रपा : **२७ देखि ७७ वर्षसम्मका उम्मेदवार**

■ अन्य दलबाट जेन-जी उपस्थिति

जसपा नेपाल : **३० देखि ७६ वर्षसम्मका उम्मेदवार**
९४ उम्मेदवार, छैनन् जेन-जी

जनमत : **२७ देखि ७१ वर्षसम्मका उम्मेदवार**
६१ उम्मेदवार, ३ जेन-जी

उज्यालो नेपाल : **२५ देखि ६८ वर्षसम्मका उम्मेदवार**
१०५ उम्मेदवार, ७ जेन-जी

श्रम संस्कृति : **२६ देखि ७४ वर्षसम्मका उम्मेदवार**
१०९ उम्मेदवार, ३ जेन-जी

प्रगतिशील लोकतान्त्रिक : **२५ देखि ७४ वर्षसम्मका उम्मेदवार**
८२ उम्मेदवार, ४ जेन-जी

प्रमुख दलबाट जेन-जी समूहकी महिला उम्मेदवार एकजना मात्रै



१५३ जेन-जी उम्मेदवारमध्ये महिला जम्मा १५ जना छन्। त्यसमा पनि प्रमुख पाँच दलबाट एकजना मात्र महिला जेन-जी उम्मेदवार छिन्। २६ वर्षका टासी ल्यान्जोमलाई रास्वपाले हुम्लाबाट उम्मेदवार बनाएको छ।

प्रमुख दलबाट कान्छा उम्मेदवार दुवै रास्वपाका



प्रशान्त उप्रेती



भुवन टमटा

प्रमुख पाँच दलमा दुईजना २५ वर्षका उम्मेदवार छन्। दुवै रास्वपाका उम्मेदवार हुन्। मकवानपुर २ बाट प्रशान्त उप्रेती र मुगुबाट भुवन टमटालाई रास्वपाले उम्मेदवार बनाएको छ। सर्लाही २ मा नेकपाबाट उम्मेदवारी दिएका ८८ वर्षीय महिन्द्र राय यादव प्रत्यक्षतर्फका सबैभन्दा जेठा उम्मेदवार हुन्।

जेन-जी अभियन्ता रक्षा बम भन्छिन्-

अहिले पाँच प्रतिशतहाराहारी उम्मेदवारी स्वाभाविक मान्नुपर्छ, दुई वर्षपछि हुने स्थानीय चुनावमा सहभागिता बढ्छ



भ्रष्टाचारविरुद्ध सुशासन र तत्कालीन सरकारको तानाशाहीविरुद्ध २३-२४ भदौको विद्रोहमा जेन-जी युथ स्वस्फूर्त सडकमा आए। भोलिको दिनमा राजनीति गर्छु, चुनावमा उठ्छु भनेर आएका होइनन्। २३ भदौ धेरै युवा मारिए, २४ भदौमा कल्पना नगरेको घटना भए। नयाँ परिस्थिति बन्यो, अन्तरिम सरकार गठन भयो र लोकतान्त्रिक निकासका रूपमा चुनाव घोषणा भयो। २३ र २४ गतेको छानबिन र २३ गतेको न्याय पाउनुपर्छ भन्ने हो। अर्कोतिर आन्दोलन संस्थागत गर्नुपर्छ, आफैं सदनमा जानुपर्छ भन्ने सोचका साथीहरू पनि थिए। कलेज पढिरहेको, पिक करिअरमा काम गरेका वा भर्खर स्टार्टअप काम गर्दै गर्दा राजनीति नै मेरो करिअर हो भनेर सोच्न नसकेको अवस्था होला। इच्छा-आकांक्षा भएका साथीहरू उठिरहेका छन्। पाँच प्रतिशतहाराहारी उम्मेदवारी स्वाभाविक मान्नुपर्छ। मूल कुरा आन्दोलनको म्यान्डेट दलले पनि बोक्नुपर्छ। हामी नै संसद्मा पुग्नुपर्छ भन्दा पनि दलभित्र आन्तरिक लोकतान्त्रिक प्रणाली सुधिनुपर्छ। अबको दुई वर्षमा स्थानीय तह वा प्रदेश तहमा लड्न सक्छन्। त्यहाँ राम्रो सहभागिता हुन्छ। अझ पाँच वर्षमा यो उमेर समूह अझै परिपक्व हुन्छ र सहभागिता बढ्छ।

राष्ट्रिय सभाका १७ सिटका लागि आज मतदान

कांग्रेसका सुनील थापा पहिल्यै निर्विरोध

नयाँ पत्रिका

राष्ट्रिय सभाका १७ सिटका लागि आइतबार मतदान हुँदै छ। २० फागुनदेखि कार्यकाल सकिने १९ सिटमध्ये कोशी प्रदेशमा खसआर्यतर्फको एउटा पदमा कांग्रेसका सुनील थापा निर्विरोध भइसकेका छन् भने एक सिट सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्नेछन्। बाँकी १७ सिटका लागि मतदान हुन लागेको हो।

मतदानका लागि सम्पूर्ण तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ। बिहान ९ देखि ३ बजेसम्म सातवटै प्रदेशमा तोकिएको मतदानस्थलमा मतदान हुनेछ। निर्वाचनमा ४४ जनाले उम्मेदवारी दिएका छन्।

» पृष्ठ २ मा क्रमशः

यी ठाउँमा हुनेछ मतदान

कोशी : प्रदेश निर्वाचन कार्यालयपरिसर, विराटनगर

मधेश : महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुर

बागमती : भुटनदेवी माध्यमिक विद्यालय, हेटौंडा

गण्डकी : प्रदेश निर्वाचन कार्यालयपरिसर, पोखरा

लुम्बिनी : कर्मचारी मिलन केन्द्र, घोराही

कर्णाली : प्रदेश निर्वाचन कार्यालय परिसर, सुर्खेत

सुदूरपश्चिम : प्रदेश निर्वाचन कार्यालय परिसर, धनगढी

कांग्रेस-एमाले-जसपा नेपाल गठबन्धन, नेकपा एक्लै

राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस र एमालेले सात-सात सिट लिने गरी गठबन्धन गरेका छन्। जसपा नेपाललाई मधेश प्रदेशमा तीन सिट दिइएको छ भने एक सिट लोकतान्त्रिक समाजवादीबाट उम्मेदवार रहेका महन्थ ठाकुरका लागि छ। ठाकुरले हाल जसपा नेपालसँगै एकता गरिसकेका छन्। नेकपा एक्लै चुनावी मैदानमा छ। यो निर्वाचनमा प्रदेश सभा सदस्य, पालिका प्रमुख/उपप्रमुखले मत हाल्छन्।

त्रिविमा २२ दिनदेखि तालाबन्दी

शुल्क घटाउन माग गर्दै आन्दोलित विद्यार्थीले लगाए उपकुलपति, रेक्टर, रजिस्ट्रारलाई त्रिविपरिसर प्रवेशमै रोक

शिवहरि घिमिरे / नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयमा २२ दिनदेखि तालाबन्दी छ। गत १८ पुसदेखि अखिल क्रान्तिकारी र केही विद्यार्थीले चारवटा विभागको शुल्क घटाउनुपर्ने र पूर्वसर्त कार्यान्वयन गर्नुपर्ने मागसहित तालाबन्दी गरेका हुन्।

विद्यार्थीले उपकुलपति प्राडा दीपक अर्याल, रेक्टर प्राडा खड्ग केसी र रजिस्ट्रार प्राडा केदार रिजालको कार्यकक्षमा तालाबन्दी गरेपछि उनीहरू कार्यालय आउन सकेका छैनन्। पछिल्लो पाँच दिनदेखि विद्यार्थी संगठनले पदाधिकारीलाई त्रिविपरिसर प्रवेशमै रोक लगाएका छन्। विद्यार्थीले चारवटा विभागको शुल्क घटाउनुपर्ने माग राख्दै गत साउनदेखि त्रिविमा धर्ना दिँदै आएका थिए।

त्रिवि अन्तर्राष्ट्रिय सम्बन्ध तथा विकास,

» पृष्ठ २ मा क्रमशः



त्रिवि अन्तर्राष्ट्रिय सम्बन्ध तथा विकास, सामाजिक कार्य, लैंगिक अध्ययन र द्वन्द्व, शान्ति तथा विकास अध्ययन विभागको शुल्क महँगो छ। हाल त्रिविले यी विषय अध्ययन गर्दा प्रतिसेमेस्टर ४०-५० हजारसम्म शुल्क लिन्छ। चारवटा सेमेस्टरमा एक लाख ८० हजारदेखि तीन लाख रुपैयाँसम्म विद्यार्थीले शुल्क तिर्नुपर्ने हुन्छ। तर, एक वर्षअघि नै विभागमै रूपान्तरण भइसकेका विषयमा चर्को शुल्क असुलेको भन्दै विद्यार्थीले तालाबन्दी गरेका हुन्।

तस्बिर : **सतिश पोखरेल** / नयाँ पत्रिका

वैदेशिक रोजगारीका लागि ११० मुलुक खुला, १५१ मुलुक पुग्छन् युवा

श्रम सम्झौता १२ मुलुकसँग मात्रै, साउदी र ओमानसँग चाँडै नयाँ सम्झौताको गृहकार्य

सरकारले वैदेशिक रोजगारीका लागि अनुमति दिएको ११ मुलुकमा गएका छैनन् नेपाली, बरु अनुमति नदिएका ५२ देशमा पुगेका छन्

अजित अधिकारी / नयाँ पत्रिका

सरकारले वैदेशिक रोजगारीका लागि नेपाली युवालाई ११० मुलुकमा मान्यता प्रदान गरेको छ। तर, आकर्षक तलब र सुरक्षित कार्यस्थलको खोजी गर्दै नेपाली युवा १५१ मुलुकमा पुगेका छन्। वैदेशिक रोजगार विभागका अनुसार सरकारले मान्यता दिएका ११० मध्ये ९९ मुलुकमा मात्रै नेपाली गएका छन्। श्रम गर्न नेपाली पुगेका अन्य ५२ मुलुक सरकारले मान्यता नदिएका हुन्।

सरकारले वैदेशिक रोजगारीका लागि खुला गरे पनि जोखिमको सूचीमा राखेका इराक र लिबियामा समेत युवा पुगेका छन्। त्यस्तै, आर्थिक रूपमा कमजोर इथोपिया, फिजी, बर्मुडा, जमैका र हिंसा भड्किरहेका सुडान, कंगो, सोमालियालगायत देशमा समेत जोखिम मोलेर नेपाली युवा रोजगारीका लागि पुगेको विभागको तथ्यांक छ। तथ्यांकअनुसार ०८२/८३ को मंसिरमा मात्रै १०८ देशमा युवा श्रमको खोजीमा पुगेका छन्।

सरकारले श्रमका लागि ११० मुलुक जान खुला गरे पनि श्रम सम्झौता भने १२ देशसँग मात्रै गरेको छ। श्रम मन्त्रालयका अनुसार कतार, दक्षिण कोरिया, बहराइन, जोर्डन,

» पृष्ठ २ मा क्रमशः



■ सरकारले अनुमति नदिएको इथोपिया, सोमालिया र सुडानमा पनि नेपाली

वैदेशिक रोजगारीका लागि सरकारले हालसम मान्यता नदिएका ५२ देशमा नेपाली युवा पुगेका छन्। वैदेशिक रोजगार विभागका अनुसार ०८१/८२ मा श्रम स्वीकृति नलिएर अंगोला, बहमास, बर्माडोस, बेनिन, बर्मुडा, ब्रिटिस भर्जिन आइल्यान्ड, क्यामरुन, सेन्ट्रल अफ्रिकन रिपब्लिक, कुक आइल्यान्ड, कोते डिभोर, डिजिबाँती, डोमिनिकन रिपब्लिक, इक्वेडर, इक्वेडेरियल गुनिया, इथोपिया, फ्रेन्च पोलोसेनिया, ग्याबोन, जर्जिया, घाना, जमैका, लिथुनिया, माडागास्कर, मालावी, माली, मौरीटानिया, पलाउ र पपुवा न्युगिनीसम्म युवा पुगेका छन्।

त्यसैगरी, पेर्टोरिको, बुल्गेरिया, कंगो, रावन्डा, सेन्ट लुसिया, सेनेगल, सर्बिया, साइटा लियोन, सिन्ट मार्टिन, सोमालिया, सुडान, सुरिनेम, स्वाजिल्यान्ड, ताइवान, ताजिकिस्तान, टिमोर लिस्टे, टोगो, ट्रिनिडाड एन्ड टोबागो, तुर्केमिनिस्तान, ट्रक्स एन्ड काइकोस आइल्यान्ड, उरुग्वे, यमन र जाम्बियामा पनि नेपाली श्रम स्वीकृति लिएर रोजगारीका लागि पुग्ने गरेको विभागले जनाएको छ।



कांग्रेसले मधेशबाट चुनावी अभियान सुरु गर्ने



काठमाडौं / नेपाली कांग्रेसले आगामी निर्वाचनका लागि आफ्नो चुनावी अभियान मधेश प्रदेशबाट औपचारिक रूपमा सुरु गर्ने भएको छ। १६ माघमा जनकपुरमा आयोजना हुने प्रदेशस्तरीय सभामार्फत कांग्रेसले चुनावी गतिविधिलाई तीव्र बनाउने तयारी

» पृष्ठ २ मा क्रमशः

दुबईमा राम्रो कलेजमा पढाइदिने भन्दै प्रतिविद्यार्थी २२ लाखसम्म असुलेर ठगी

प्रतिबद्धताविपरीत सामान्य इन्स्टिच्युटमा भर्ना गरिदिएपछि पीडित ३५ विद्यार्थीले स्वदेश फर्किएर दिए उजुरी, ६ कन्सल्टेन्सी सञ्चालक पक्राउ

टेकराज थामी / नयाँ पत्रिका

उच्च शिक्षाका नाममा आठ लाखदेखि २२ लाखसम्म असुलेर विद्यार्थीलाई दुबई पुर्‍याई अलपत्र पारेको आरोपमा काठमाडौंका ६ कन्सल्टेन्सी सञ्चालक पक्राउ परेका छन्। ठगिएका ३५ विद्यार्थीले उजुरी दिएपछि बेस्ट पाथ एजुकेसनका २९ वर्षीय कृष्ण थापा, कान्तिपुर अब्रोड कन्सल्टेन्सीका सञ्चालकद्वय ४८ वर्षीय हेमराज भट्ट र ४८ वर्षकै दामोदर ढकाल, मर्करी एजुकेसनका रामचन्द्र टन्डन, सिटीहब एजुकेसनका ३१ वर्षीय सुवास सिलवाल र अर्का एक सञ्चालकलाई सिआइबीले पक्राउ गरेको हो।

सिआइबीका अनुसार पीडितको उजुरी आउने क्रम जारी छ। संयुक्त अरब इमिरेट्स (युएई) का कलेजमा अध्ययन गर्न पठाउने प्रलोभनमा यी कन्सल्टेन्सीले प्रतिविद्यार्थी आठ लाखदेखि २२ लाखसम्म उठाएको पीडितले बताएका छन्। यस विषयमा सिआइबीले दुई सातदेखि अनुसन्धान गरिरहेको छ।

'दुबईका विभिन्न कलेजमा नेपाली विद्यार्थीलाई महँगो शुल्क असुलेर लैजाने, तर प्रतिबद्धता पूरा नगर्ने कन्सल्टेन्सीका सञ्चालक पक्राउ परेका छन्। उनीहरूविरुद्ध ३५ भन्दा धेरै विद्यार्थीले उजुरी दिएका छन्। घटनालाई सिआइबीले गम्भीर रूपमा लिएको छ, अनुसन्धान जारी छ,' सिआइबी प्रमुख एआइजी डा. मनोज केसीले भने। पीडितहरू नेपाल फर्किएर प्रहरीको शरणमा पुगेका हुन्।



शिवकुमार श्रेष्ठ
प्रवक्ता, सिआइबी

दुबईमा रहेको शैक्षिक संस्थामा अध्ययन गराउन भन्दै काठमाडौंका कन्सल्टेन्सीले विद्यार्थीबाट रकम असुल्छन्। उनीहरूले विद्यार्थीलाई दुबई त लगे, तर प्रलोभन दिँदा भनेजस्तो शैक्षिक संस्थामा भर्ना गरिदिएनन्। ठगिएको महसुस गरेपछि पीडित विद्यार्थी सिआइबीमा आए। त्यसपछि सञ्चालकलाई पक्राउ गरिएको हो, घटनाका सम्बन्धमा विस्तृत अनुसन्धान भइरहेको छ।

प्रहरीका अनुसार ती कन्सल्टेन्सीले युएईमा बेलायत, फ्रान्स, अस्ट्रेलियाका स्थापित विश्वविद्यालयबाट सम्बन्धनप्राप्त कजेल रहेको र उक्त कलेजमा अध्ययन गराइदिने भन्दै प्रलोभन बाँडेका थिए। उक्त कलेजमा क्रेडिट ट्रान्सफर हुने एकेडेमिक कोर्ससमेत रहेको बताएका थिए। तर, सामान्य ट्रेनिङ इन्स्टिच्युटमा भर्ना गरेर भविष्यमाथि खेलबाड गरेका थिए।

'पूर्वसहमतिअनुसार उनीहरूले विद्यार्थीलाई युएई त लैजान्थे, तर त्यहाँ बेलायत, फ्रान्स, अस्ट्रेलियाका स्थापित विश्वविद्यालयबाट सम्बन्धनप्राप्त कजेलमा नभई सामान्य ट्रेनिङ इन्स्टिच्युटमा भर्ना गराउँथे,' अनुसन्धानमा खटिएका एक प्रहरी अधिकृतले भने, 'ती इन्स्टिच्युट यस्ता थिए, जसले युएईस्थित कमिसन फर एकेडेमिक एक्रेडिसन (सिएए) बाट समेत अनुमति लिएका थिएनन्।' सिएए युएईस्थित शिक्षा मन्त्रालयअन्तर्गतको सरकारी निकाय हो। जसले शैक्षिक संस्था सञ्चालनका लागि अनुमति दिने गर्छ।

अध्ययनमा गएका विद्यार्थी यसको भेद थाहा पाएपछि गुनासो गर्न काठमाडौंस्थित सम्बन्धित कन्सल्टेन्सीमा पुगेका थिए। तर, कन्सल्टेन्सीका सञ्चालकले गैरजिम्मेवार जवाफ दिएपछि उनीहरू जाहेरी लिएर सिआइबी पुगेका थिए। सोही जाहेरीका आधारमा ६ कन्सल्टेन्सी सञ्चालक पक्राउ परेको सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठले बताए।

'दुबईमा रहेको शैक्षिक संस्थामा अध्ययन गराउन भन्दै काठमाडौंका कन्सल्टेन्सीले विद्यार्थीबाट रकम असुल्छन्। उनीहरूले विद्यार्थीलाई दुबई त लगे, तर प्रलोभन दिँदा भनेजस्तो शैक्षिक संस्थामा भर्ना गरिदिएनन्। ठगिएको महसुस गरेपछि पीडित विद्यार्थी सिआइबीमा आए। त्यसपछि सञ्चालकलाई पक्राउ गरिएको हो,' उनले भने, 'घटनाका सम्बन्धमा विस्तृत अनुसन्धान भइरहेको छ।'

प्रमुख दलबाट...

पृष्ठ १ बाट क्रमशः

समूहका २७ वर्षकै अजय कुसवाह छन्।

त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टीले नौजना जेन-जीलाई उम्मेदवार बनाएको छ। जसअनुसार मकवानपुर २ मा २५ वर्षीय प्रशान्त उप्रेती, मुगुमा २५ वर्षीय भुवन टमटा, नवलपरासी २ मा २६ वर्षीय मनीष खनाल, हुम्लामा २६ वर्षीया टासी ल्हान्जोम, कैलाली २ मा २६ वर्षीय केपी खनाल, अछाम १ मा २७ वर्षीय ओमप्रकाश रावल, तेह्रथुममा २८ वर्षीय सुरेन्द्र कार्की, सिराहा १ मा बब्लु गुप्ता र रुपन्देही २ मा २८ वर्षीय सुलभ खरेल छन्।

राप्रपाले मोरङ ६ मा २७ वर्षीय सविन निरौला, सप्तरी २ मा २७ वर्षीय अजयकुमार दास र सुर्खेतमा २८ वर्षीय रवि हमाल ठकुरीसहित तीनजनालाई उम्मेदवार बनाएको छ। नेमकिपा, प्रगतिशील लोकतान्त्रिक पार्टी, श्रम संस्कृति पार्टी, मंगोल अर्गनाइजेसन, प्रगतिशील लोकतान्त्रिक पार्टी, जनमत पार्टीलगायतबाट पनि जेन-जी उमेरका उम्मेदवार प्रतिस्पर्धामा छन्। स्वतन्त्र ८२ उम्मेद्वार जेनजी उमेर समूहका छन्। तीमध्ये महिला १५ जना छन्।

१,०५७ युवा उम्मेदवार

कांग्रेस नौ, एमाले १२, नेकपा १९, रास्वपा ६१, राप्रपाका ३० युवा उम्मेदवार

२९ देखि ४० वर्ष उमेर समूहका ९०४ जना र जेन-जी उमेर समूहका १५३ सहित ४० वर्षमुनिका १,०५७ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

कांग्रेसले १६५ मध्ये नौ निर्वाचन क्षेत्रमा युवा उम्मेदवार उठाएको छ। जसअनुसार मुस्ताङमा उम्मेदवारी दिएका ३२ वर्षीय योगेश गौचन थकाली नै कांग्रेसका सबैभन्दा कान्छा उम्मेदवार हुन्। सबै युवा पुरुष छन्।

एमालेले १२ निर्वाचन क्षेत्रमा युवा उम्मेदवार उठाएको छ। सर्लाही ४ मा उम्मेदवारी दिएका २७ वर्षीय अमनिशकुमार यादव नै एमालेबाट सबैभन्दा कान्छा तथा जेन-जी उम्मेदवार हुन्। एमालेबाट ओखलढुंगामा ३० वर्षीया अस्मिता थापासहित तीनजना युवा महिला उम्मेदवार प्रतिस्पर्धामा छन्। सोलुखम्बुमा ३२ वर्षीया कल्पना राई र बर्दिया २ मा ४० वर्षीया विमला विक उम्मेदवार छन्।

नेकपाले १९ क्षेत्रमा युवा उम्मेदवार उठाएको छ। बारा ४ का २७ वर्षीय अजय कुसवाह नेकपाबाट कान्छा तथा जेन-जी उम्मेदवार प्रतिस्पर्धामा छन्। नेकपाबाट पनि काठमाडौं १ मा ३८ वर्षीया मेनुका भण्डारी, रौतहट ३ मा ३९ वर्षीया पुनम देवी र सुनसरी २ मा ४० वर्षीया रामकुमारी चौधरी प्रतिस्पर्धामा छन्।

रास्वपाबाट ६१ जना उम्मेदवार युवा उमेर समूहका छन्। मकवानपुर २ का २५ वर्षीय प्रशान्त उप्रेती र मुगुका २५ वर्षकै भुवन टमटा रास्वपाका कान्छा जेन-जी उम्मेदवार छन्। ७० मध्ये नौजना युवा महिलालाई रास्वपाले उम्मेदवार बनाएको छ। जसमध्ये हुम्लाकी २६ वर्षीया टासी ल्हान्जोम, झापा १ की २९ वर्षीया निशा डाँगी, २९ वर्षकै जुम्लामा विनिता कठायत, काठमाडौं १ मा ३० वर्षीया रञ्जु न्यौपाने, चितवन ३ मा ३० वर्षीया सोविता गौतम, मोरङ ६ मा ३१ वर्षीया रुविना आचार्य, ललितपुर ३ मा ३६ वर्षीया तोसिमा कार्की, धादिङ १ मा ३७ वर्षीया आशिका तामाङ छन्।

राप्रपाबाट ३० जना उम्मेदवार युवा उमेर समूहका छन्। मोरङ ६ का सविन निरौला र सप्तरी २ का २७ वर्षीय अजयकुमार दास राप्रपाका सबैभन्दा कान्छा उम्मेदवार हुन्। स्वतन्त्र र अन्य पार्टीबाट पनि युवा उमेर समूहका उम्मेदवार छन्।

४१ देखि ६० वर्षका १९ सय २५ उम्मेदवार, नेकपाबाट धेरै

४१ देखि ६० वर्षका १,९०७ जना उम्मेदवार छन्। कांग्रेसबाट यो उमेर समूहका १०६ जना छन्। एमालेबाट पनि १०७ जना नै यही उमेर समूहका छन्। नेकपाबाट १०८ जना छन्। रास्वपाबाट ९२ तथा राप्रपाबाट ९४ जना उम्मेदवार यो समूहबाट छन्। अन्य पार्टी र स्वतन्त्रका पनि यही समूहबाट बढी उम्मेदवार छन्।

६१ देखि ७० वर्षका उम्मेदवार ३५८ जना, रास्वपाबाट दुईजना

कांग्रेसबाट ४३ जना ६१ देखि ७० उमेर समूहका उम्मेदवार छन्। ७० वर्षका दुईजना छन्। त्यस्तै, एमालेबाट ४२ जना छन्। जसमा ६९ वर्षका एक जना छन्। नेकपाबाट ३२ जना छन्, तीमध्ये सातजना ७० वर्षका छन्। रास्वपाबाट यो उमेर समूहका दुईजना रहेकामा एकजना ६३ वर्षीय र अर्को ६५ वर्षीय छन्। राप्रपाबाट २७ जना छन्। तीमध्ये ७० वर्षका एकजना छन्।

७१ देखि ८८ वर्षका ६६ उम्मेदवार, ८८ वर्षीय महिन्द्र राय यादव सबैभन्दा पाका उम्मेदवार

७१ देखि ८८ वर्षसम्मका ६६ जना उम्मेदवार छन्। तीमध्ये ८० कटेका ६ जना छन्। जसमा ६ पुरुष र एक महिला छन्। सर्लाही २ बाट नेकपाका उम्मेदवार ८८ वर्षीय महिन्द्र राय यादव प्रत्यक्षतर्फका सबैभन्दा जेठा उम्मेदवार हुन्। त्यसपछि क्रमशः काठमाडौं ४ मा स्वतन्त्र उम्मेदवार ८७ वर्षीय मदनदेव आचार्य, झापा १ मा ८३ वर्षीय हिरण्यप्रसाद भट्टराई ज्येष्ठ उम्मेदवार छन्। महिलातर्फ काठमाडौं ९ मा स्वतन्त्र उम्मेदवारी दिएकी ८२ वर्षीया पञ्चकुमारी मानन्धर सबैभन्दा वृद्धा महिला उम्मेदवार हुन्।

यो उमेर समूहमा कांग्रेसबाट सातजना उम्मेदवार छन्। चितवन ३ का ७७ वर्षीय टेकप्रसाद गुरुङ कांग्रेसबाट सबैभन्दा वृद्ध उम्मेदवार छन्।

त्यस्तै, एमालेबाट तीनजना उम्मेदवार रहेकामा पर्सा ४ का ७८ वर्षीय जालिम मियाँ मन्सुरीसबैभन्दा ज्येष्ठ उम्मेदवार हुन्। यो समूहबाट नेकपाका चारजनाले उम्मेदवारी दिएकोमा सर्लाही २ का ८८ वर्षीय यादव सो पार्टीका ज्येष्ठ उम्मेदवार हुन्।

रास्वपाबाट यो उमेर समूहका उम्मेदवार छैनन्। राप्रपाबाट नौजना यो उमेर समूहका उम्मेदवार छन्। सो पार्टीबाट ७७ वर्षीय नवलपरासी २ का ध्रुवबहादुर प्रधान सबैभन्दा ज्येष्ठ उम्मेदवार हुन्।

राष्ट्रिय सभाका...

पृष्ठ १ बाट क्रमशः

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि प्रदेश सभा सदस्य, नगर प्रमुख तथा उपप्रमुख र गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष मतदाता रहने व्यवस्था छ।

निर्वाचनमा कांग्रेस र एमालेले सात-सात सिट लिने गरी गठबन्धन गरेका छन्। जसपा नेपाललाई मधेश प्रदेशमा तीन सिट दिएको छ भने एक सिट लोकतान्त्रिक समाजवादीबाट उम्मेदवार रहेका महन्थ ठाकुरका लागि छ। ठाकुरले हाल जसपा नेपालसँगै एकता गरिसकेका छन्। नेकपा एक्लै चुनावी मैदानमा छ।

राष्ट्रिय सभाका लागि कांग्रेसको मतभार २१ हजारभन्दा बढी छ। त्यस्तै, एमालेको १७ हजारभन्दा बढी र नेकपाको १२ हजारभन्दा बढी मतभार छ।

निर्वाचन आयोगका अनुसार महिला सात, दलित दुई, अपांगता भएका दुई र अन्य क्लस्टरबाट सातजना नयाँ सांसद राष्ट्रिय सभामा आउँदै छन्। मधेशबाट महिला, दलित, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक र अन्यबाट एक-एकजना गरी चारजना निर्वाचित हुनेछन्। त्यस्तै, कोशीबाट महिला, दलित र अन्य एक-एक गरी तीनजना, बागमतीमा महिला र अन्य एक-एक गरी दुईजना, गण्डकीमा महिला र अन्य एक-एक गरी दुईजना चयन हुँदै छन्।

यसबाहेक लुम्बिनीबाट महिला, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक र अन्य एक-एक गरी तीनजना, कर्णालीमा महिला र अन्य एक-एक गरी दुईजना तथा सुदूरपश्चिममा महिला र अन्य क्लस्टरमा एक-एक गरी दुईजना निर्वाचित हुनेछन्।

वैदेशिक रोजगारीका...

पृष्ठ १ बाट क्रमशः

मलेसिया, जापान, मौरिसस, युएई, इजरायल, बेलायत, रोमानिया र जर्मनीसँग श्रम सम्झौता भएको छ। थप दुई देश साउदी र ओमानसँग श्रम सम्झौताका लागि मन्त्रिपरिषद्ले स्वीकृति दिइसकेको छ।

'साउदी र ओमानसँग हस्ताक्षर भएपछि श्रम सम्झौता हुने मुलुकको संख्या १४ पुग्नेछ,' श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले भने। वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र तलब-सुविधाको सुनिश्चितताका लागि सबै गन्तव्य मुलुकसँग श्रम सम्झौतालाई प्राथमिकतामा राखिएको बताए। 'श्रम सम्झौता भएपछि तोकिएको काम गर्न लगाउने र तोकिएको ज्याला दिनुपर्ने सर्त पालना गर्न सम्बन्धित देश र त्यहाँको कम्पनी जवाफदेही बन्नुपर्छ,' उनले भने, 'कुनै कामदारलाई सर्तविपरीतको कार्य गराए कानुनी उपचारको बाटो रहन्छ।'

विदेशी रोजगारदाताले सर्त पालना नगर्दा श्रम सम्झौता भएको खण्डमा कानुनी उपचार खोज्न सजिलो हुने वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले बताए। 'श्रम सम्झौता भएको मुलुकमा युवालाई पठाउन तुलनात्मक रूपमा सहज हुन्छ। कुनै समस्या भयो भने कानुनी लडाइँ लड्ने अधिकार रहन्छ,' गुरुङले भने, 'त्यसैले सरकारले जतिसक्दो धेरै देशसँग श्रम सम्झौता गरेर वैदेशिक रोजगारीको दायरालाई विस्तार गर्न सहयोग गर्नुपर्छ।' तर, रोजगारीका लागि धेरै युवा जाने खाडी मुलुकमध्ये कुवेतसँग पनि श्रम सम्झौता हुन सकेको छैन। ०८१/८२ मा कुवेतमा ५९ हजार ६५ युवा रोजगारीका लागि पुगेको तथ्यांक छ।

१२ देशसँग मात्रै श्रम सम्झौता

वैदेशिक रोजगारी मर्यादित, सुरक्षित र उपयुक्त तलब-सुविधाको सुनिश्चितताका लागि सरकारले हालसम्म १२ देशसँग मात्रै श्रम सम्झौता गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार कतार, दक्षिण कोरिया, बहराइन, जोर्डन, मलेसिया, जापान, मौरिसस, युएई, इजरायल, बेलायत, रोमानिया र जर्मनीसँग श्रम सम्झौता भएको छ। यीमध्ये कोरिया र इजरायल सरकारीस्तरबाट युवा पठाइने गरिएको छ भने जापानमा सरकारको सहजीकरणमा म्यानपावर र कन्सल्टेन्सीले युवालाई पठाइरहेका छन्। अन्य देशमा म्यानपावरमार्फत युवा रोजगारीका लागि जाने गरेका छन्।

श्रम सम्झौता भएमध्ये सबैभन्दा धेरै युएईको रोजगारीमा आकर्षण छ। ०८१/८२ मा आठ लाख ३९ हजार युवा वैदेशिक रोजगारीका लागि जाँदा युएईमा मात्रै दुई लाख ७४ हजार ५९० जना गएको विभागले जनाएको छ। त्यस्तै, कतारमा एक लाख ४० हजार ७९२, कोरिया १४ हजार २२४, बहराइन ११ हजार ६२४, जोर्डन दुई हजार ५२, मलेसिया ४९ हजार १८७ र जापान २३ हजार ७१ जना पुगेको विभागले जनाएको छ। सोही वर्ष मौरिससमा पाँच हजार ७४०, इजरायलमा १३ सय ४२, बेलायतमा एक हजार २८९, रोमानियामा २७ हजार ८७४ र जर्मनीमा २२८ नेपाली वैदेशिक रोजगारीका लागि गएको विभागले जनाएको छ।

साउदी र ओमानसँग पनि श्रम सम्झौता हुँदै

१३ भदौको मन्त्रिपरिषद् बैठकले साउदीसँग श्रम सम्झौता गर्न स्वीकृति दिइसकेको छ। आउँदो १२ र १३ माघमा साउदीसँग श्रम सम्झौता हुन लागेको श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले जानकारी दिए। 'साउदीसँग श्रम सम्झौताका लागि एजेन्डा तयारी गर्ने काम भइरहेको छ, मन्त्रीस्तरमा सम्झौता हुनेछ,' उनले भने। मन्त्रालयको एक टोली साउदी पुगेर सम्झौता गर्ने उनले बताए।

कात्तिक र मंसिरमा वैदेशिक रोजगारीमा सबैभन्दा धेरै युवा साउदी गएको तथ्यांक छ। विभागका अनुसार कात्तिकमा १५ हजार ७६९ र मंसिरमा १४ हजार ३३९ युवा साउदी गएका थिए।

त्यस्तै, ओमानसँग पनि श्रम सम्झौता गर्न २१ पुसको मन्त्रिपरिषद् बैठकले स्वीकृति दिएको छ। युवाले रोज्ने १० देशभित्रको सूचीमा ओमान पर्दै आएको छ। गत आवमा कुल आठ हजार ६०१ जना ओमान पुगेको तथ्यांक छ। 'यी दुई देशसँग हस्ताक्षर भएपछि श्रम सम्झौता हुने मुलुकको संख्या १४ हुनेछ,' उनले भने।

बढ्दो रेमिट्यान्सले विदेशी मुद्रा प्राप्तिमा योगदान

०८२/८३ को मंसिर मसान्तसम्म रेमिट्यान्स ३५.६ प्रतिशतले बढेर आठ खर्ब ७० अर्ब ३१ करोड पुगेको छ। कात्तिकसम्म ६ खर्ब ८७ अर्ब १३ करोड रेमिट्यान्स भित्रिएको थियो। मंसिरमा मात्रै एक खर्ब ८३ अर्ब १८ करोडको रेमिट्यान्स भित्रिएको छ। ०८१/८२ मा कुल १७ खर्ब २३ अर्ब रेमिट्यान्स भित्रिएको छ। बढ्दो रेमिट्यान्सले विदेशी मुद्रा सञ्चितिमा पनि निरन्तर योगदान पुगिरहेको राष्ट्र बैंकले जनाएको छ। मंसिर मसान्तसम्म विदेशी मुद्रा सञ्चिति २२ अर्ब १३ करोड डलर छ।

कोरिया र इजरायलमा मुख्य आकर्षण

सरकारीस्तरबाट रोजगारीका सबै प्रक्रिया र मापदण्ड लागू भएका दक्षिण कोरिया र इजरायलमा कामदारका रूपमा जान युवामा सबैभन्दा बढी आकर्षण छ। कोरियाको रोजगारीमा सहजीकरण गर्दै आएको श्रम मन्त्रालयअन्तर्गतको इपिएस शाखाका अनुसार भाषा परीक्षा उत्तीर्ण गरेर बसेका करिब १५ हजार युवा कोरियाली रोजगारीको पर्खाइमा छन्।

यस वर्ष थप ५३ सय युवाले भाषा परीक्षा उत्तीर्ण गरेर रोस्टरमा बस्न लागेका छन्। गत असोजअघि इपिएस शाखाले ५३ सय युवाका लागि भाषा परीक्षा लिन आवेदन खुलाउँदा एक लाख तीन हजारले परीक्षा दिएका थिए। कोरियाले कृषि, उत्पादन र पानीजहाजमा काम गर्न नेपाली युवा लिँदै आएको छ। जिटुजी प्रक्रियाबाट लिने भएकाले आकर्षक तलब र सुरक्षित कार्यस्थल हुने गरेको छ।

त्यस्तै, जिटुजी प्रक्रियाबाटै इजरायलको रोजगारीमा जान पनि युवाबिच प्रतिस्पर्धा हुने गरेको छ। इजरायलले कृषि र केयर गिभरका लागि नेपाली युवा लिने गरेको छ। वार्षिक १२ सयहाराहारी युवा इजरायलमा रोजगारीका लागि जाने गरेका छन्। इजरायलसँगको श्रम सम्झौता चाँडै नवीकरण गर्न लागेकाले त्यसवेला रोजगारीका थप क्षेत्रको पहिचान गरिने श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले जानकारी दिए।


वैदेशिक रोजगारीका लागि खुला छन् यी ११० देश

श्रम मन्त्रालयले वैदेशिक रोजगारीका लागि ११० मुलुक खुला गरेको छ। अफगानिस्तान, अल्बेनिया, अल्जेरिया, अर्जेन्टिना, अर्मेनिया, अस्ट्रेलिया, अस्ट्रिया, अजरबैजान, बहराइन, बंगलादेश, बेलारुस, बेल्जियम, बोलेभिया, बोस्निया हर्जगोभिना, ब्राजिल, ब्रुनाई, बुल्गेरिया, क्यानडा, चिली, चीन, कोलम्बिया, कम्बोडिया, कंगो, कोस्टारिका, क्रोएसिया, क्युबा, साइप्रस, चेक रिपब्लिक, डेनमार्क, इजिप्ट, इस्टोनिया, फिजी, फिनल्यान्ड, फ्रान्स, जर्मनी, बेलायत र ग्रिस वैदेशिक रोजगारीका लागि खुला गरिएका छन्।

त्यसैगरी, गुयना, होल्सी, हङकङ, हंगेरी, आइसल्यान्ड, इन्डोनेसिया, इरान, इराक, आयरल्यान्ड, इजरायल, इटाली, जापान, जोर्डन, काजकास्तन, केन्या, कोसोभो, कुवेत, लाओस, लात्भिया, लेबनान, लिबिया, लक्जम्बर्ग, मकाउ, मलेसिया, माल्दिभ्स, माल्टा, मेसेडोनिया, मेक्सिको, माल्डोभा, मंगोलिया, मोरिसस, मोरक्को, मोजाम्बिक, म्यानमार, नेदरल्यान्ड, न्युजिल्यान्ड र निकारागुवामा पनि वैदेशिक रोजगारीमा जान अनुमति प्रदान गरिएको छ।

मन्त्रालयले श्रम गन्तव्यका लागि खुला गरिएका देशहरूको सूचीमा नाइजेरिया, नर्वे, ओमान, पाकिस्तान, पानामा, पेरु, पोल्यान्ड, पोर्चुगल, कतार, कोरिया, स्लोभाकिया, रोमानिया, रसिया, साइपान, साउदी अरेबिया, सिंगापुर, स्लोभानिया, साउद अफ्रिका, स्पेन, श्रीलंका, स्विडेन, स्विट्जरल्यान्ड, सिचेलिस, तान्जेनिया, थाइल्यान्ड, फिलिपिन्स, ट्युनेसिया, टर्की, युगान्डा, युक्रेन, युएई, अमेरिका, उज्वेकिस्तान, भेनेजुएला, भियतनाम र जिम्बावेसमेत रहेका छन्। इराक र लिबियामा श्रम गन्तव्य खुला गरिए पनि सरकारले कडाइ गरेको छ।

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. २००१
कार्तिक ०८ गते

स्वर्गारोहणः
वि.सं. २०८२
मंसिर २६ गते

स्व. जगन्नाथ रिमाल

हाम्रा सहकर्मी श्री प्रकाश रिमालका पूजनीय पिता **जगन्नाथ रिमाल**को स्वर्गारोहण भएको आज ४५औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक
www.sanimabank.com
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोनः +९७७-१-५९७००३३
फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

कांग्रेसले...

पृष्ठ १ बाट क्रमशः

गरेको हो। जनकपुरको सभामा पार्टी सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मालगायत शीर्ष नेताहरूको उपस्थिति रहनेछ। सभालाई उनीहरूले सम्बोधन गर्ने कार्यक्रम तय भएको छ। कांग्रेसले उपसभापति शर्मालाई केन्द्रीयस्तरको चुनावी प्रचारप्रसार समितिको संयोजकको जिम्मेवारीसमेत दिएको छ।

जनकपुरमा हुने सभाको समन्वय केन्द्रीय तहबाट उपसभापति शर्माले गर्नेछन् भने प्रदेशस्तरको तयारीका लागि मधेश प्रदेश समितिको बैठक शनिबार बस्ने तयारी भइरहेको छ। मधेश प्रदेशका प्रचार संयोजक नितेशकुमार गुप्ताका अनुसार सभालाई प्रभावकारी बनाउन संगठनात्मक तयारी तीव्र पारिएको छ।

कांग्रेस सभापति गगन थापा सर्लाही ४ बाट उम्मेदवार बनेका छन्। यसपटकको निर्वाचनलाई लक्षित गर्दै प्रमुख राजनीतिक दलहरूले मधेश प्रदेशलाई केन्द्रमा राखेर आफ्ना गतिविधि विस्तार गरिरहेका छन्।

यसअघि जनकपुरमै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले चुनावी सभा आयोजना गरिसकेको छ, जहाँबाट काठमाडौंका निवर्तमान मेयर बालेन शाहले पहिलोपटक औपचारिक रूपमा चुनावी सभालाई सम्बोधन गरेका थिए।

स्कुटर हरायो

मिति २०८२/१०/०७ गते अन्दाजी २३:२० बजेको समयमा ललितपुर जिल्ला ल.म.न.पा.का-१७, बि.एण्ड.बि. स्थित पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको हरियो खरानी रंगको 109.19 CC को होण्डा डियो स्कुटर हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : संगिता लामा
मो.सा.नं.: बा.प्र. ०२-०५५ प ११५६
चेसिस नं.: ME4JF39JMRD076943
इन्जिन नं.: JF39ED1100611
सम्पर्क नं.: 9803865500

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/१०/११ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंक को सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/०३/२९ मा दर्ता नं. १२४२५५/७०/०७१ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३० स्थित तोया डेभलपर्स प्रा.लि.
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. श्याम प्रधानको बुहारी, पूर्ण चन्द्र प्रधानको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ४ स्थित स्थायी ठेगाना भएको सुनिता गुरुङ (ना.प्र.प.नं. १०३६७, काठमाण्डौ)
२. हिरा लाल प्रधानको नाति, श्याम प्रधानको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको पूर्ण चन्द्र प्रधान (ना.प्र.प.नं. ८१०३-५९७२-६०१७, काठमाण्डौ)

त्रिविमा...

पृष्ठ १ बाट क्रमशः

सामाजिक कार्य, लैंगिक अध्ययन र द्वन्द्व, शान्ति तथा विकास अध्ययन विभागको शुल्क महँगो छ। हाल त्रिविले यी विषय अध्ययन गर्दा प्रतिसेमेस्टर ४०-५० हजारसम्म शुल्क लिन्छ। चारवटा सेमेस्टरमा एक लाख ८० हजारदेखि तीन लाख रुपैयाँसम्म विद्यार्थीले शुल्क तिर्नुपर्ने हुन्छ। तर, एक वर्षअघि नै विभागमै रूपान्तरण भइसकेका विषयमा चर्को शुल्क असुलेको भन्दै विद्यार्थीले तालाबन्दी गरेका हुन्।

अन्तर्राष्ट्रिय सम्बन्ध तथा विकास (आइआरडी)मा स्नातकोत्तरमा अध्ययनरत विद्यार्थी मनिष चौलागाईंले पनि त्रिविले सम्झौता भएको शुल्क कार्यान्वयन नगरेको बताए। 'विभागमा रूपान्तरण भएको एक वर्ष हुँदा पनि अझै शुल्क घटाइएको छैन, विभाग नै बनिसकेपछि शुल्क पनि निर्धारण गर्नुपर्‍यो नि,' उनले भने।

एमएसडब्लूमा अध्ययन विद्यार्थी कवीन्द्र ढकालले विश्वविद्यालयले पुरानै शुल्क लिँदै आएकाले विरोध गरिरहेको बताए। 'अहिलेसम्म पनि विश्वविद्यालयले एक लाख ८० हजार शुल्क लिँदै आएको छ, २१ भदौमा भएको सहमतिअनुसार एक लाख १० हजार शुल्क तिर्छौं भनेर भनिरहेका छौं,' उनले भने, 'तर, विश्वविद्यालयले मानिरहेको छैन, सोही कारण तालाबन्दी भएको हो।'

विद्यार्थीले आन्दोलन चर्काएपछि २१ भदौमा शुल्क घटाउने सम्झौता भएको थियो। तर, त्यो सम्झौता हालसम्म पनि कार्यान्वयन हुन नसकेको भन्दै विद्यार्थीले १८ पुसदेखि तालाबन्दी थालेका हुन्। सम्झौताअनुसार चारवटै विभागको शुल्क घटाएर एक लाख १० हजार रुपैयाँसम्म कायम गर्ने, त्रिवि सभाबाटै निर्णय गरेर त्रिविका सबै क्याम्पसको शुल्क निर्धारण गर्न अध्ययन समिति बनाउनेलगायत सम्झौता भएको थियो। हाल त्रिविले देशैभरका क्याम्पसको शुल्क निर्धारणका लागि समिति पनि खडा गरिसकेको छ।

देशैभरका क्याम्पसहरूको शुल्क निर्धारणका लागि अध्ययन हुँदै

उपकुलपति प्राडा दीपक अर्यालका अनुसार १ माघमा त्रिविअन्तर्गतका क्याम्पसको शुल्क निर्धारणसम्बन्धी समिति गठन भएको थियो। १० मंसिरमा बसेको सिनेट बैठकले समिति बनाउने निर्णय गरेबमोजिम व्यवस्थापनको संकायका सहायक डिन प्राडा दिलीप पराजुलीको संयोजकत्वमा अंग्रेजी विभागमा विभागीय प्रमुख प्राडा ध्रुव कार्की र अर्थशास्त्र विभागका प्राडा सूर्य थापा सदस्य रहने गरी समिति बनेको थियो। समितिको समयसीमा तीन महिनालाई तोकिएको र त्रिविअन्तर्गतका क्याम्पसमा सबै संकाय तथा विषयको शुल्क अध्ययन गर्न लागिएको उपकुलपति प्राडा अर्यालले बताए।

'हामीले विद्यार्थीले भनेअनुसार समिति बनाएका छौं, त्यो समितिले अध्ययन गरेपछि शुल्क घट्छ वा निर्धारण हुन्छ, उहाँहरूले केन्द्रीय विभाग भइसकेपछि केन्द्र सरकारबाट पैसा आउँछ विद्यार्थीबाट नउठाउनुहोस् भन्नुभएको छ। तर, सरकारले तीन-चार वर्षसम्म बजेट दिँदैन, हामी शुल्क भने घटाउँछौं,' उनले भने, 'विद्यार्थीले ताला खोल्नुभयो भने अध्ययन गर्न र उहाँहरूका माग कार्यान्वयन गर्न सहज हुन्छ, ताला नै लगाएर कसरी माग पूरा हुन्छ ?'

अर्यालका अनुसार त्रिविका समग्र क्याम्पसले विद्यार्थीबाट लिँदै आएको शुल्कबारे समितिले अध्ययन गर्नेछ। समितिले देशैभरका क्याम्पसको अध्ययन गरेर प्रतिवेदन बुझाएपछि त्रिवि सभामा प्रस्तुत गरेर कार्यान्वयनमा लैजाने उपकुलपति अर्यालले बताए। उनका अनुसार हाल चारवटा विभाग बनेका ती विषय त्रिविमा मानविकी संकायअन्तर्गत १४ वर्षदेखि पढाइ हुँदै आएका थिए। विश्वबजारमा बढी बिकाउ मानिने ती विषयलाई त्रिविले एक वर्षअघिदेखि विभाग बनाएको हो। हाल त्रिविका अन्य विभागको शुल्क प्रतिसेमेस्टर २० हजार रुपैयाँ छ। विज्ञान संकायको भने प्रयोगात्मक हुने भएकाले विद्यार्थीसँग प्रयोगात्मकका लागि छुट्टै शुल्क लिइन्छ। तर, हालै बनाइएका चार विभागमा भने अन्य विभागको तुलनामा दोब्बर शुल्क लिने गरिएकोमा विद्यार्थीले आपत्ति जनाउँदै आएका हुन्।

■ श्री लालीगुराँस सहकारी ठगी प्रकरण

कागजी कम्पनी खडा गरेर सवा ६ अर्ब अपचलन

सहकारीका सचिव जोडिएका १० कम्पनीमै पौने दुई अर्ब ऋण प्रवाह, अस्तित्वमा नरहेका ३० कम्पनीविरुद्ध अनुसन्धान गर्न सिआइबीमा सिफारिस



■ सिआइबी प्रमुख **डा. मनोज केसी** भन्छन्- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट अनुसन्धानका लागि भन्दै सिफारिसहरू आइरहन्छन्। कतिपय सम्बन्धित जिल्लास्थित प्रहरी कार्यालयलाई अनुसन्धान गर्न पठाउँछौं। जटिल प्रकृतिको छ भने हामी आफैं अनुसन्धान गर्छौं। श्री लालीगुराँसको सम्बन्धमा पनि त्यही भएको होला।

टेकराज थामी / नयाँ पत्रिका

ललितपुरको पुल्चोकस्थित श्री लालीगुराँस सहकारीका सञ्चालकले कागजी कम्पनीसमेत खडा गरेर २२ हजार बचतकर्ताको ६ अर्ब ३० करोड डुबाएको पाइएको छ। विभिन्न ३० कम्पनीका नाममा सहकारीबाट झन्डै तीन अर्ब रुपैयाँबराबरको ऋण प्रवाह गरिएको छ, जसमध्ये केही अस्तित्वमै छैनन् भने केही कागजमै सीमित छन्। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले यसरी ऋण प्रवाह गरिएका कम्पनीमाथि अनुसन्धान गर्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई सिफारिस गरेको छ।

४ चैत ०८० मा समस्याग्रस्त घोषित श्री लालीगुराँस सहकारीका अध्यक्ष अमरदास श्रेष्ठ र कार्यकारी अधिकृत सुरेन्द्र भण्डारी हुन्। सहकारीको सचिवसमेत रहेका भण्डारी कांग्रेसको वित्तीय तथा सहकारी विभागका पूर्वसचिव पनि हुन्। त्यस्तै, सहकारीको उपाध्यक्ष हजुरी विष्ट, कोषाध्यक्ष अमृतकुमार अर्याल तथा सञ्चालक समिति सदस्यमा कदम जोशी र भोलाकुमार श्रेष्ठ छन्।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमणकुमार गौतमले लालीगुराँसबाट ऋण प्रवाह गरिएका ३० कम्पनीविरुद्ध अनुसन्धान गर्न सिआइबीलाई सिफारिस गरिएको बताए। '३० कम्पनीको नाममा ठुलो परिमाणमा ऋण प्रवाह भएको देखिन्छ। तीमध्ये कतिपय कम्पनी सञ्चालनमै छैनन्। कागजमा सीमित कम्पनी पनि छन्। हिसाबकिताब नै शंकास्पद देखिएपछि अनुसन्धान गर्न सिआइबीलाई सिफारिस गरेर पठाएका छौं,' उनले भने।

ऋण प्रवाह गरिएका १० कम्पनीमा सहकारीका सचिव भण्डारी प्रत्यक्ष जोडिएका छन्। उनीसहितको टोलीले कम्पनी दर्ता गराएर सहकारीबाट ऋण लिएका थिए। यसरी १० कम्पनीका नाममा मात्रै एक अर्ब ७१ करोड ६० लाख २१ हजार २३५ रुपैयाँ ऋण प्रवाह भएको देखिन्छ। जबकि, दुई कम्पनी मात्रै फिल्डमा देखिन्छन्। तर, ती पनि सञ्चालनमा छैनन्। बाँकी आठ कम्पनीमध्ये कतिपय अस्तित्वमै छैनन्, कतिपयका कागजातसमेत भेटिएका छैनन्।

समितिबाट प्राप्त विवरणअनुसार कार्यकारी अधिकृत भण्डारीसहितको टोलीले सिन्धुपाल्चोकमा भैरवकुण्ड हाइड्रोपावर कम्पनी खडा गरेका थिए। त्यसका लागि सहकारीबाट २९ करोड ३७ लाख ६५ हजार ९७ रुपैयाँ ऋण लिएका थिए। यो कम्पनीको फिल्डमा कार्यालय त छ, तर सञ्चालनमा छैन। त्यस्तै, अभिनय इन्भेस्टमेन्ट ट्रेनिङ कम्पनीका नाममा २६ करोड १९ लाख ९३ हजार १५० रुपैयाँ ऋण प्रवाह भएको छ। यसको पनि कार्यालय छ, तर सञ्चालनमा छैन।

भण्डारीसहितको टोलीले ललितपुरमा लालीगुराँस जनस्वास्थ्य सहकारी लिमिटेड खडा गरेको थियो। त्यसका नाममा पनि ३३ करोड ७० लाख ९५ हजार २७६ रुपैयाँ ऋण लिएको थियो। यो कम्पनी पनि दर्ता देखिन्छ, तर अस्तित्वमा छैन। यही टोलीले नै स्थापना गरेको लालीगुराँस प्रोफेसनल लर्निङ सेन्टरका नाममा सहकारीबाट चार करोड ४४ लाख ७२ हजार ७४२ रुपैयाँ, स्वागत इन्भेस्टमेन्ट ट्रेनिङ कम्पनीको नाममा १२ करोड ८१ लाख १३ हजार ८४४ र पेज टु प्रिन्ट मिडियाका नाममा १७ करोड ९२ लाख पाँच हजार ५६५ रुपैयाँ ऋण प्रवाह भएको छ। तर, अध्ययन गरिरहेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले न अहिलेसम्म यी तीनवटै कम्पनीको कार्यालय भटेको छ न कुनै कागजातसमेत फेला पार्न सकेको छ।

त्यसबाहेक पनि उनीहरूले सहकारीबाट लालीगुराँस हस्पिटलका नाममा १२ करोड ७४ लाख ४७ हजार ७५७, लालीगुराँस एजुकेसन फाउन्डेसनका नाममा १८ करोड चार लाख ६३ हजार ४११, लालीगुराँस डेरी फर्मको नाममा दुई करोड १३ लाख २५ हजार २२३, एग्रिकल्चर प्रोजेक्ट प्रोडक्टका नाममा १४ करोड २१ लाख ३९ हजार १७० रुपैयाँ ऋण लगेको देखिएको छ। समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले यी चारवटै कम्पनीको पनि कार्यालयसमेत भेटेको छैन। ऋणका लागि मात्रै कम्पनी खडा गरिएको समितिको निष्कर्ष छ।



सुरेन्द्र भण्डारी जोडिएका कम्पनी

कम्पनी	ऋण
भैरव कुण्ड हाइड्रोपावर कम्पनी	२९,३७,६५,०९७
लालीगुराँस जनस्वास्थ्य सहकारी	३३,७०,९५,२७६
लालीगुराँस हस्पिटल	१२,७४,४७,७५७
लालीगुराँस एजुकेसन फाउन्डेसन	१८,०४,६३,४११
लालीगुराँस प्रोफेसनल लर्निङ सेन्टर	४,४४,७२,७४२
लालीगुराँस डेरी फर्म	२,१३,२५,२२३
स्वागत इन्भेस्टमेन्ट ट्रेनिङ कम्पनी	१२,८१,१३,८४४
पेज टु प्रिन्ट मिडिया	१७,९२,०५,५६५
एग्रिकल्चर प्रोजेक्ट अदर प्रोडक्ट	१४,२१,३९,१७०
अभिनय इन्भेस्टमेन्ट ट्रेनिङ कम्पनी	२६,९९,९३, १५०
जम्मा	१,७१,६०,२१,२३५

भण्डारीसहितको टोलीले स्थापना गरेर ऋण प्रवाह गरेका भैरव कुण्ड र अभिनय इन्भेस्टमेन्टबाहेकका अन्य आठ कम्पनीमा मात्रै एक अर्ब १६ करोड दुई लाख ६२ हजार ९८८ रुपैयाँ ऋण प्रवाह भएको समितिले जनाएको छ।

भण्डारी जोडिएका १० बाहेकका ३० कम्पनीमा पनि सहकारीबाट ऋण प्रवाह भएको पाइएको छ। जसमा अग्नि एयर, सुजस कन्स्ट्रक्सन, हेलम्बु कन्स्ट्रक्सन, एसटी शेर्पा उद्योग, असिन रियल स्टेट, फूलबारी मिनी मार्केट, मुगल गार्डेन रेस्टुरेन्ट, बज्र एकेडेमीलगायतका कम्पनी छन्। यी ३० कम्पनीमा करिब एक अर्ब ऋण प्रवाह भएको छ। समितिले यी कम्पनीहरूमाथि पनि अनुसन्धान गर्न सिआइबीलाई सिफारिस गरेको छ।

सिआइबी प्रमुख डा. मनोज केसीले अनुसन्धानका सम्बन्धमा प्रस्ट खुलाउन चाहेनन्। 'समितिबाट अनुसन्धानका लागि भन्दै सिफारिसहरू आइरहन्छन्। कतिपय सम्बन्धित जिल्लास्थित प्रहरी कार्यालयलाई अनुसन्धान गर्न पठाउँछौं। जटिल प्रकृतिको छ भने हामी आफैं अनुसन्धान गर्छौं,' उनले भने, 'श्री लालीगुराँसको सम्बन्धमा पनि त्यही भएको होला।'

सहकारीका सचिवसमेत रहेका कार्यकारी अधिकृत भण्डारीले रकम अपचलन र मुद्दामामिलाबारे आफूलाई कुनै जानकारी नभएको बताए। 'श्री लालीगुराँस अहिले समस्याग्रस्त सहकारी समितिले चलाएको छ। समितिको अध्यक्ष श्रीमण गौतम हुन्। उनलाई सोध्नुहोस्। म अहिले सहकारीको सिइओ होइन।' कागजी कम्पनी खडा गरेर सहकारीको रकम हिनामिना गरेको विषयमा पनि भण्डारी पन्छिन खोजे। उल्टै प्रश्न गरे, 'तपाईंसँग कसैले कम्पनी कागजी भनेको कुनै लिखित प्रमाण छ ? यस विषयमा म अहिले कुरा गर्न आवश्यक ठान्दिनँ,' उनको भनाइ छ।

■ झन्डै डेढ वर्षअघि अदालत पुगेको थियो मुद्दा

पुल्चोकमा कार्यालय रहेको लालीगुराँस सहकारीले करिब २२ हजार बचतकर्ताको ६ अर्ब ३० करोड डुबाएको छ। बचत रकम डुबेपछि ललितपुर महानगरपालिका- ४, पुल्चोकका ६५ वर्षीय महेश थापाले सञ्चालकहरूविरुद्ध प्रहरीमा उजुरी दिएका थिए। सहकारीका अमरदास श्रेष्ठ, सचिव तथा कार्यकारी अधिकृत सुरेन्द्र भण्डारी, कोषाध्यक्ष अमृतकुमार अर्याल र सञ्चालक समिति सदस्य कदम जोशी पक्राउ परेका थिए। तर, जिल्ला अदालत ललितपुरमा धरौटी पेस गरेका उनीहरू हिरासतमुक्त भएका छन् भने मुद्दा अदालतमा विचाराधीन छ।

घटनाको अनुसन्धानपछि प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालत ललितपुरमा ८ साउन ०८१ मा सहकारीका सञ्चालकविरुद्ध मुद्दा दर्ता गरेको थियो। अदालतमा पेस गरिएको अभियोगपत्रमा भण्डारीले सहकारीको रकमले पर्सा, ललितपुर, सिन्धुपाल्चोकलगायत ठाउँमा कम्पनी खडा गरेर लगानी गरेको स्वीकार गरेका छन्। उनले प्रहरीसँगको बयानमा भनेका छन्, 'सहकारीमा रकम जम्मा गर्ने करिब २२ हजार बचतकर्ताको ६ अर्ब ३० करोडबराबरको रकम छ। बचतकर्ताहरूको रकमबाट पर्सामा गाई फर्म, ललितपुरको गोदावरीमा दुग्ध प्रोसेसिङ सेन्टर, सिन्धुपाल्चोकको भैरवकुण्डमा हाइड्रोपावर, ललितपुरको ताल्सीखेलमा लालीगुराँस अस्पताल तथा विभिन्न परियोजनाहरूमा लगानी गरेको छ।'

अदालतमा पेस भएको अभियोगपत्रमा सहकारीका सञ्चालकहरूले विभिन्न संस्थामा झुटो ऋण लगानी गरेको देखाई सहकारीको खाताबाट रकम निकाली व्यक्तिगत प्रयोजनमा प्रयोग गरेको देखिएको उल्लेख छ। 'संस्थामा झुटो ऋण लगानी गरेको देखाई प्रतिवादीहरूको मिलोमतोमा संस्थाका पदाधिकारी, सेयर सदस्यहरू, आफन्त तथा परिवार, सहकारीका कर्मचारीलगायतका नाममा ऋण लिएको देखाई उक्त रकम संस्थाबाट निकाली पर्याप्त धितो संरक्षणविना कतिपय अवस्थामा धितो सुरक्षणबेगर नै ऋणको बहानामा संस्थाको खाताबाट रकम निकाली व्यक्तिगत प्रयोजनमा प्रयोग गरेको भन्ने जाहेरी दरखास्तको व्यहोरा पुष्टि हुन्छ,' अभियोगपत्रमा उल्लेख छ।

जिल्ला अदालत ललितपुरका अनुसार श्री लालीगुराँसको मुद्दा अहिले अदालतमा विचाराधीन छ। अदालतका सूचना अधिकारी टीकाध्वज कार्कीले भने, 'भण्डारी जोडिएको श्री लालीगुराँस सहकारीको मुद्दा अहिले अदालतमा विचाराधीन छ।'

नेकपाबाट गजुरेलसहित सातजना निष्कासन



नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टीले हरिबोल गजुरेलसहित सात नेतालाई पार्टीबाट निष्कासन गरेको छ। पार्टीको आधिकारिक उम्मेवारविरूद्ध बागी उम्मेदवार खडा गरी त्यसको प्रस्तावक र समर्थक बनेको भन्दै गजुरेलसहितका नेतालाई निष्कासन गरेको हो। संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले शनिबार संयुक्त विज्ञप्ति जारी गरी सिन्धुलीका गजुरेल र महेश्वर दाहाल, डाडका कुलप्रसाद केसी, उदयपुरका मेजर राई, सिराहाका धर्मनाथ साह, राजकुमारी साह र जिवछ साहलाई अनुशासनको कारबाही गरी पार्टीबाट निष्कासन गरिएको जनाइएको छ।

सिन्धुली २ मा नेकपाले लेखनाथ दाहाललाई उम्मेदवार बनाएको छ। तर, महेश्वर दाहाल बागी उम्मेदवार बनेका थिए। उम्मेदवारी फिर्ता लिन प्रचण्ड र नेपालले निर्देशन दिएका थिए। तर, फिर्ता नलिएपछि उनीहरूलाई कारबाही गरिएको नेकपाले जनाएको छ।

डाडमा नेकपाले मेटमणि चौधरीलाई उम्मेदवार बनाएको छ। कुलप्रसाद केसीले बागी उम्मेदवारी दिएपछि उनलाई पार्टीबाट निस्कासन गरिएको हो। धर्मनाथ साह एमालेबाट उम्मेदवार बनेका छन्।

नेकपाका संयोजक प्रचण्डले देशलाई संकटबाट मुक्त गराउन नेकपालाई बलियो शक्तिको रूपमा स्थापित गर्नुपर्ने बताएका छन्। लेखक, विश्लेषक युग पाठकलाई शनिबार पार्टी प्रवेश गराउँदै उनले निष्पक्ष निर्वाचन गराई नेकपालाई बलियो बनाउनुपर्नेमा जोड दिए। समाजवादी क्रान्तिका लागि सबै एकजुट भएर लाग्नुपर्ने उनको भनाइ थियो। 'निर्वाचन स्वच्छ र निष्पक्ष बनाउन सकियो भने हाम्रो पार्टी पहिलो शक्ति बन्न सक्छ। अब पार्टीलाई बलियो बनाएर राष्ट्र र जनहित सुनिश्चित गर्न लागौं। जनवादी क्रान्तिपछि अब समाजवादी क्रान्तिका लागि सबै एकजुट भएर अघि बढ्नुपर्छ,' उनले भने। नेकपामा पार्टी प्रवेशको लहर चलेको दाबी गर्दै सशक्त रूपमा अघि बढ्ने उनले बताए। निर्वाचनमा हुने अवाञ्छित गतिविधि रोक्न सबै सचेत हुनुपर्ने उनको भनाइ थियो।

रामेछापमा निर्वाचन प्रहरी ४३३ अपुग, पुनः आवेदन माग

रामेछाप / २१ फागुनको नर्वाचनका लागि भर्ना खुलाइएको निर्वाचन प्रहरीमा ४३३ जना अपुग भएपछि जिल्ला प्रहरी कार्यालय रामेछापले तेस्रोपटक म्याद थप आवेदन माग गरेको छ। निर्वाचन प्रहरीमा भर्ना हुन चाहने व्यक्तिले १० र ११ माघमा दरखास्त दिन पाउनेछन्। निर्वाचनका लागि रामेछापमा एक हजार ३३३ जना दरबन्दीका लागि जिल्ला प्रहरी कार्यालयले पहिलोपटक २५ पुसदेखि १ माघसम्मका लागि दरखास्त आह्वान गरेको थियो। मागबमोजिम दरखास्त नपरेपछि प्रहरीले पुनः दुई दिन म्याद थप गरेर दोस्रोपटक सूचना निकालेको थियो। सूचनासँगै प्रहरीले बजार एरियामा दरखास्त पेस गर्न माइकिङसमेत गरेको थियो।

दुईपटक म्याद थप गर्दा जम्मा नौ सयजनाले मात्रै आवेदन पेस गरेका थिए। आवेदन पेस गरेकाहरूको हकमा तालिम सञ्चालन गर्दै आएको र नपुग अन्य प्रहरीको हकमा पुनः तेस्रोपटक सूचना प्रकाशन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीषक भोलाकुमार भट्टले जानकारी दिए। निर्वाचन प्रहरीको कार्यअवधि ४० दिनको हुने छ। निर्वाचन अवधिभर हुने ४० दिनमा उनीहरूले ३४ हजार ७७६ रुपैयाँ तलब-सुविधा पाउनेछन्। त्यसबाहेक निर्वाचन प्रहरीलाई रासन र आतेजाते खर्च ८४६ रुपैयाँ थप तयारी खर्चसमेत पाउनेछन्। त्यसैगरी, उनीहरूले चार दिनका लागि दैनिक तीन सयको दरले खाजा खर्च र पोसाकबापतको छुट्टै रकमसमेत प्रदान गरिनेछ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय धनकुटाले दोस्रोपटक पुनः निर्वाचन प्रहरी भर्नाका लागि दरखास्त आह्वान गरेको छ। मागअनुसारको आवेदन नपरेपछि पुनः दरखास्त आह्वान भएको हो। ६७ जना निर्वाचन प्रहरी अपुग भएकाले १० र ११ माघका लागि पुनः दरखास्त आह्वान गरिएको जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी निरीक्षक किशोर तामाङले बताए।

योग्यता पुगेका इच्छुक नेपाली नागरिकले जिल्ला प्रहरी कार्यालय धनकुटा, सशस्त्र प्रहरी बल नेपाल नं. ६ गुल्म हे. क्वा. छिन्ताङ धनकुटा, इलाका प्रहरी कार्यालय छिन्ताङ तथा इलाका प्रहरी कार्यालय राजारानी धनकुटामध्ये जहाँ अनुकूल हुन्छ त्यहीं दरखास्त दिन सक्नेछन्। धनकुटामा एक हजार ८५ निर्वाचन प्रहरीको कोटा निर्धारण गरिएको छ। निर्वाचन प्रहरीका लागि २५ पुसदेखि १ माघसम्मका लागि दरखास्त आह्वान गरेको थियो। सो अवधिमा धनकुटामा आठ सय ७६ जनाको मात्र आवेदन परेपछि ३ माघसम्मलाई म्याद थप गरिएको थियो। सो अवधिमा पनि मागअनुसारको संख्या नपुगेपछि पुनः दोस्रोपटक दरखास्त माग गरिएको हो। धनकुटामा एक लाख १८ हजार ४२५ जना मतदाता छन्। एक सय १९ मतदानस्थल र एक सय ६६ मतदान केन्द्र छन्।

ल्यान्डफिल साइटको विवादले १४ दिनदेखि उठेन पोखराको फोहोर

कास्कीमा **रोहितराज पराजुली**

ल्यान्डफिल साइटको विषयलाई लिएर भएको विवादका कारण पोखरामा १४ दिनदेखि फोहोर उठ्न सकेको छैन। यसअघि पोखराको फोहोरमैला व्यवस्थापनका लागि एसियाली विकास बैंकको ऋण सहयोगमा ०६१ मा पोखरा महानगरपालिका- १८ बाच्छेबुडुवामा ल्यान्डफिल्ड साइट निर्माण गरी फोहोर व्यवस्थापन हुँदै आएका थियो।

२५ वर्षका लागि पोखराको फोहोर फ्याँक्न सकिने गरी निर्माण गरिएको बाच्छेबुडुवास्थित ल्यान्डफिल साइट १७ पुस ०७९ मा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि बन्द भएको थियो। विमानस्थलका कारण सञ्चालनमा रहेको ल्यान्डफिल साइट बन्द भएपछि पोखराको फोहोर अस्थायी रूपमा ६ महिनाको समय तोकेर पोखरा-३२ स्थित लामेआहालमा व्यवस्थापन गरिएको थियो। ६ महिनाका लागि भनिएकोमा करिब साढे तीन वर्ष हुन लाग्दासमेत स्थायी साइट तयार हुन नसक्दा फोहोर विसर्जनलाई लिएर विवाद बढ्दै गएको हो। ६ महिनाका लागि भनिएको लामेआहालस्थित अस्थायी ल्यान्डफिल साइटसमेत भरिएको र त्यसको वैकल्पिक व्यवस्था हुन नसक्दा १४ दिनदेखि पोखराको फोहोर सडक र घरमै थुप्रिएको छ।

पोखरामा हाल दैनिक एक सय ८० देखि दुई सय टन फोहोरमैला संकलन हुने गरेको महानगर ल्यान्डफिल साइट इन्चार्ज हर्क गायकले जानकारी दिए। उनका अनुसार फोहोर फाल्दै आएको लामेआहालस्थित अस्थायी साइट भरिएकाले फोहोर व्यवस्थापनमा समस्या भएको छ। लामेआहालस्थित खोलाले कटान गरेको खाल्डोमा लगी अस्थायी रूपमा फोहोर फाल्दै आइएकोमा त्यो भरिएको र अर्को स्थानको टुंगो नलाग्दा समस्या भएको उनको भनाइ छ।



फोहोर व्यवस्थापनका लागि शनिबार बसेको सर्वपक्षीय बैठक

लामेआहालमा समेत गरेको सम्झौताअनुसार महानगरले काम नगरेको भन्दै स्थानीयले पटक-पटक फोहोर लैजान अवरोध गर्दै आएका थिए। दुई सातादेखि फोहोर नउठदा पोखराका मुख्य र भित्री सडकको चोक, सडकछेउमा फोहोरको थुप्रो देखिन थालेका छन्। लामेआहालमा अस्थायी रूपमा फोहोर फ्याँक्दै आएको महानगरले पोखरा-३३ स्थित झाँक्रीखोलामा ल्यान्डफिलसहितको आधुनिक फोहोर प्रशोधन केन्द्र निर्माणको योजना अघि सारे पनि स्थानीयको विरोधपछि अघि बढ्नसकेको छैन। झाँक्रीखोलाको योजना दुई वर्षअघि सुरु गरिएको थियो।

दुई सातादेखि फोहोर उठ्न नसकेपछि नगरप्रमुख धनराज आचार्यको आह्वानमा शनिबार सर्वपक्षीय बैठक बस्यो। बैठकमा दलका जिल्ला र नगरस्तरीय समितिका प्रमुख तथा प्रतिनिधिहरू, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित चारवटै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता थियो। लामो समयदेखि फोहोर नउठ्दा नगरवासीको जनस्वास्थ्यमा समेत गम्भीर असर पर्न सक्ने भएपछि समाधानका लागि आचार्यले बैठक बोलाएका हुन्।

महावीरको चुनावी प्रतिबद्धता सार्वजनिक



म्यादी / आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा म्याग्दीबाट स्वतन्त्र उम्मेदवारी दिएका पूर्वमन्त्री महावीर पुनले सडकमै पत्रकार सम्मेलन गरेर आफ्नो प्रतिबद्धता सार्वजनिक गरेका छन्। मुख्य निर्वाचन अधिकृतको कार्यालयले त्रिभुज निर्वाचन चिह्न प्रदान गरेसँगै पुनले शनिबार जिल्ला सदरमुकाम बेनीबजारको वीरेन्द्रचोकमा सडकमा पत्रकार सम्मेलन गरी आफ्नो चुनावी प्रतिबद्धता सार्वजनिक गरेका हुन्।

राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्षसमेत रहेका पुन सुशीला कार्की नेतृत्वको सरकारमा शिक्षामन्त्री थिए। मन्त्री पदबाट राजीनामा दिएर स्वतन्त्र उम्मेदवारी दर्ता गराएका पुनले आफू मन्त्री रहँदा नेपालको शिक्षा क्षेत्र सुधारका लागि तयार गरेका विधेयकलाई अध्यादेशको रूपमा जारी गर्न राष्ट्रपतिले सहयोग नगरेको र आफ्नो योजना विफल भएकाले त्यसलाई टुंगोमा पुऱ्याउन आफू उम्मेदवार बनेको बताए। शिक्षामन्त्री हुँदा नेपालको विद्यालय शिक्षा, व्यावसायिक शिक्षा र विश्वविद्यालय शिक्षामा रहेका बेथिति हटाउन र सुधार गर्न अध्यादेशमार्फत कार्यान्वयन गर्ने गरी तयार गरेका तीनवटा ऐन र चारवटा नियमावली अलपत्र परेकाले त्यसलाई आगामी संसद्बाट कार्यान्वयन गराउन मन्त्रीबाट राजीनामा दिएर उम्मेदवार बनेको बताए।

'पहिले राष्ट्रपति अध्यादेश ल्याउन सकारात्मक देखिनुभएको थियो, अन्तिममा दुई महिना लगाएर विज्ञ टोलीसमेतको सहयोगमा तयार गरेका ऐन र नियमावलीका मस्यौदा अघि बढ्ने स्थिति रहेन। निर्वाचन आचारसंहिताका कारण पनि आगामी संसद्बाट मात्रै त्यसलाई अघि बढाउन सकिने भएकाले म निर्वाचनमा होमिएको हुँ,' पुनले भने।

आशय पत्र पेश गर्नें सम्बन्धी सार्वजनिक सूचना

महिला, कानून र विकास मञ्च (FWLD) विगत ३० वर्षदेखी महिलाको मानव अधिकारको क्षेत्रमा वकालत तथा पैरवी गर्दै आईरहेको छ। यसै सन्दर्भमा प्रतिनिधिसभाको आगामी निर्वाचन लक्षित यस संस्थाले मतदाता शिक्षा तथा अधिकार सम्बन्धी पब्लिक सर्भिस एनाउन्समेन्ट (PSA) र रेडियो नाटक सम्बन्धी कार्यक्रम सञ्चालन गर्न गइरहेको हुँदा PSA र रेडियो नाटक तयार र प्रशारण गर्न इच्छुक र योग्य संस्थाहरूको लागि आशय पत्र (Expression of Interest) आह्वान गरिएको छ। इच्छुक संस्थाको विस्तृत विवरण सहितको आशय पत्र, संस्था दर्ताको प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र, VAT दर्ता, FWLD को इमेल info@fwld.org मा २०८२ माघ १८ गते साँझ ५:०० बजेभित्र पेश गर्नका लागि सुचित गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारी FWLD को वेबसाइट https://fwld.org/job/call-for-proposal-7/ मा हेर्न सकिने छ।

FWLD
महिला, कानून र विकास मञ्च (FWLD)
७२, आदर्श मार्ग, थापाथली, काठमाडौं, नेपाल
९७७-१-५३३३५२४/५३३३५२५, info@fwld.org

Kaligandaki Rural Municipality
Office of the Rural Municipal Executive
Purtighat, Gulmi

Invitation for Online Bids

Date of publication: 25 Jan., 2026(2082-10-11)

1. Kaligandaki Rural Municipality invites electronic bids from eligible bidders for the below mentioned work under National Competitive Bidding Procedures. The details of the project is as follows:

S. N.	Contract No.	Contract Name	Bid Document Price (NRs)	Required Turnover (NRs)	Required Bid Capacity (NRs)	Last Date and Time of Bid Submission	Bid Opening Date and Time
1	KRM/NCB/ WORKS/ 2082/2083/06	Construction of Administrative Building of Kaligandaki Rural Municipality, Purtighat, Gulmi	5,000.00	84,860,000.00	67,880,000.00	24/02/2026 12:00 PM	24/02/2026 2:00 PM

2. Bidders can get further information from office of Kaligandaki Rural Municipality, Purtighat, Gulmi, Fascaline No. 9857067925/9857089605, website https://kaligandakimungulmi.gov.np/or visit PPMO's website: www.bolpatra.gov.np/egp.
3. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of the Rural Municipal Executive, Kaligandaki Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

निर्वाचन घोषणापत्र र जनसरोकारका एजेन्डा

चुनावी घोषणापत्र औपचारिक कागजात मात्र होइन, यो त मतदाता र राजनीतिक दलबिचको विश्वासको आधार पनि हो



● प्रेमलकुमार खनाल

अग्रलेख

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा यही ६ माघमा देशव्यापी रूपमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्रको हैसियतमा उम्मेदवारले नामांकन गरेका छन्। उम्मेदवारको नामांकन दाखिलासँगै देशभर सहर, बजार तथा गाउँघरतिर चुनावी सरगर्मी बढ्न थालेको छ। हाम्रो जस्तो देशमा निर्वाचनमा मतदान गर्न उम्मेदवारले निर्वाचन घोषणापत्रमा जाहेर गरिएको प्रतिबद्धता, राजनीतिक दलमा मतदाताको आबद्धता, झुकाव, उम्मेदवार तथा दलका कार्यकर्ताले मतदातालाई पार्ने प्रभाव आदिमध्ये कुन आधारमा मतदाताले उम्मेदवारलाई मतदान गर्छन्, त्यसको कुनै मापदण्ड छैन।

निर्वाचनमा राजनीतिक दलले जारी गर्ने चुनावी घोषणापत्रको लोकतान्त्रिक व्यवस्थामा ठुलो महत्त्व हुन्छ। चुनावी घोषणापत्रमार्फत दलले बहुमत पाएमा सरकार बनेपछि के-कस्ता नीति, योजना र कार्यक्रम लागू गर्छन् भन्ने कुरा मतदातालाई जानकारी गराउने उद्देश्यले त्यस्ता घोषणापत्र तयार पारिएका हुन्छन्। घोषणापत्रले मतदातालाई सचेत निर्णय लिन सहयोग पुऱ्याउँछ। घोषणापत्र दलको सार्वजनिक प्रतिबद्धता पनि हो। यसमा उल्लेख गरिएका प्रतिबद्धता र कार्यक्रम कार्यान्वयन गर्नु दलको नैतिक र राजनीतिक जिम्मेवारी हुन्छ।

सामान्यतः बहुदलीय परिपाटीमा राजनीतिक दलका तर्फबाट निर्वाचनमा खडा गरिएका उम्मेदवारमध्ये उत्कृष्ट चुनावी घोषणापत्र जनसमक्ष प्रस्तुत गर्ने, स्वच्छ छवि भएको, विकासप्रेमी उम्मेदवार नै मतदाताको छनोटमा पर्नुपर्ने हो। तर, व्यवहारमा त्यस्तो हुने गरेको पाइँदैन। निर्वाचनमा पैसा, जातीयता, क्षेत्रीयता र त्यस क्षेत्रमा राजनीतिक दलको प्रभावजस्ता कारणले बढ्ता प्रभाव पारेको पाइन्छ।

राजनीतिक दल गणतन्त्रको जरालाई आधारभूत तहसम्मै फैलाउने माध्यम हुन्। मुलुकको आर्थिक-सामाजिक रूपान्तरण गरेर सुशासन, रोजगारी, सामाजिक न्याय र समृद्धि हासिल गर्न निर्वाचनको महत्त्व छ। जनताको प्रत्यक्ष जीवनसँग जोडिने सरकारको नेतृत्व गर्ने जनप्रतिनिधि छनोट गर्दा जुन दलको उम्मेदवारले उत्कृष्ट चुनावी घोषणापत्र र प्रतिबद्धता लिएर जनसमक्ष जान्छन्, तिनैलाई मतदाताले छनोट गर्ने निर्वाचन प्रणाली आजको आवश्यकता हो।

मुलुकमा ०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिबाट सामन्ती राजतन्त्र अन्त्य भई संघीय ढाँचाको लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुरुवात भएको छ। केन्द्रीकृत र एकात्मक ढाँचाको शासन प्रणाली अन्त्य भएर तीन तहको सरकार गठन भई सिंहदरबारको अधिकार अब सोझै गाउँघर पुग्ने गरी संघीय शासन प्रणालीको सुरुवात भएको छ। संघीय शासन प्रणालीमा पनि प्रभावकारी डेलिभरी हुन सकेको छैन। भ्रष्टाचारमुक्त प्रशासन बन्न सकेको छैन। योग्यता, निष्पक्षता, पारदर्शिता र मितव्ययितालाई सरकारले आत्मसात् गर्न नसक्दा मुलुकमा सुशासन कायम गर्न चुनौतीपूर्ण बनेको छ।

आसन्न निर्वाचनमा राजनीतिक दलले जारी गर्ने चुनावी घोषणापत्रको विशेष महत्त्व छ। विगतमा सरकार सञ्चालन गर्दा उत्पन्न भएका चुनौती र समस्यालाई दृष्टिगत गरी राजनीतिक दलले चुनावी घोषणापत्र जारी गर्न आवश्यक छ। खासगरी, संविधानले उल्लेख गरेको जनताका आधारभूत अधिकार र मौलिक हकका रूपमा रहेको शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी, सामाजिक सुरक्षालगायत अधिकारलाई जनतालाई निःशुल्क र सर्वसुलभ ढंगबाट उपलब्ध गराउने कोणबाट चुनावी घोषणापत्रमा नीति तथा कार्यक्रम अगाडि सार्न जरुरी छ।

मुलुकमा उत्पादन वृद्धि गर्ने, व्यापक रोजगारीका अवसर सिर्जना गर्ने, छुवाछुत, जातीय विभेद अन्त्य गर्ने, निरक्षरता उन्मूलन गर्ने र स्थानीयस्तरमा हुने आर्थिक, सामाजिक शोषणका रूपहरूलाई अन्त्य गर्ने दिशामा राजनीतिक दलहरूको प्रतिबद्धता चुनावी घोषणापत्रमार्फत जनसमक्ष आउन जरुरी छ। यस क्रममा राजनीतिक दलबाट मुलुकमा सुशासन कायम गर्ने, उत्पादन र रोजगारी वृद्धि गर्ने ,जनतालाई राहत प्रदान गर्ने, जनतालाई आधारभूत सेवा र सुविधाको सेवा प्रदान गर्ने, पूर्वाधार विकासमा जोड दिने र राष्ट्रिय हितको संरक्षण र संवर्द्धन गर्ने ढंगबाट नीति तथा कार्यक्रम राजनीतिक दलहरूले जनतासमक्ष ल्याउन जरुरी छ।

यतिवेला मुलुकमा सुशासन कायम गर्ने विषय नै प्रमुख कार्यभार रहेको छ। सुशासन कायम गर्न राजनीतिक अस्थिरताले चुनौती खडा गरेको छ। कुनै पनि राजनीतिक दलले बहुमत ल्याउन नसक्ने खर्चिलो निर्वाचन प्रणालीमा सुधार गर्नुपर्नेछ। संसद्बाट निर्वाचित हुने कार्यकारी प्रधानमन्त्री रहेको वर्तमान शासकीय प्रणालीमा सुधार गर्नुपर्ने आवाज उठिरहेको छ। यस्तै, संवैधानिक अंग र न्यायिक निकायमा नियुक्ति प्रक्रिया र अधिकारमा सुधार गर्ने, यी अंगमा प्रतिस्पर्धाबाट नियुक्त गर्ने यस्तै कूटनीतिक नियोगमा टिओआरका आधारमा प्रतिस्पर्धाबाट नियुक्ति गर्ने गरी सुधार गर्न आवश्यक छ। निर्वाचनलाई मितव्ययी बनाउन तीनवटै तहको एकैपटक निर्वाचन गर्ने, दुईपटक मात्रै प्रधानमन्त्री, मन्त्री र सांसद हुने र विज्ञ व्यक्ति मन्त्री हुने गरी सुधार गर्न आवश्यक छ।

पार्टी सदस्यको सार्वभौम अधिकार सुनिश्चित गर्न सांसद, मेयर, वडाध्यक्षको प्रारम्भिक उम्मेदवारी छनोट सम्बन्धित क्षेत्रका पार्टी सदस्यबाट गर्ने र पार्टी केन्द्रले अनुमोदन मात्रै गर्ने गरी सुधार गर्न आवश्यक छ। यस्तै, सरकारी खर्च घटाएर मितव्ययिता कायम गर्न संघ र प्रदेशमा बढीमा ११ र ५ मन्त्रालय कायम गर्ने र बढीमा पाँच सय स्थानीय तहका सरकार कायम गर्न आवश्यक छ। विश्वविद्यालय, सार्वजनिक संस्थानमा विज्ञ र प्राज्ञ व्यक्ति प्रतिस्पर्धाबाट नियुक्ति गर्ने, प्रधानमन्त्रीको सट्टामा प्राज्ञ व्यक्ति कुलपति हुने गरी सुधार गर्ने, संवैधानिक अदालत गठन गर्ने र स्थानीय पालिकामा जनप्रतिनिधिको सट्टामा न्यायिक अदालतको व्यवस्था गर्ने, श्रमिक क्लस्टर थप गरी संसद्मा श्रमिक वर्गको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने र संवैधानिक श्रम आयोग गठन गर्ने, न्यायिक सम्पत्ति छानबिन आयोग गठन गर्ने विषयमा राजनीतिक दलहरूले चुनावी घोषणापत्रमार्फत आफ्नो एजेन्डा अगाडि सार्न जरुरी छ।



राजनीतिक दलले वैज्ञानिक भूमि सुधार लागू गरी भूमिहीन दलित, किसानलाई जग्गा उपलब्ध गराउने, घरवारविहीन जनतालाई जनता आवास कार्यक्रम सञ्चालन गरी आवास सुविधा उपलब्ध गराउने, आगलागीबाट नोक्सानी हुने कच्ची घरलाई विस्थापित गरी सुरक्षित आवास योजना लागू गर्ने, गरिब र बेरोजगारको पहिचान गरी सस्तो र सुलभ पुँजी, सीपमूलक तालिम उपलब्ध गराई स्वरोजगार बनाउने, वार्षिक पाँच-सात लाख मानिसलाई रोजगारीको सुनिश्चितता गर्ने, यसका लागि बैंकिङ क्षेत्रको अधिक तरलता र विभिन्न राष्ट्रिय कोषको परिचालन गरेर 'रिभल्भिङ फन्ड' हुने गरी राष्ट्रियस्तरमा पाँच खर्बसम्मको 'राष्ट्रिय उत्पादन तथा रोजगारी वृद्धि कोष' स्थापना गरी सञ्चालन गर्ने र कोषबाट सीप तालिम प्राप्त गरेकालाई स्वरोजगार बन्न र लघु उद्यम सञ्चालन गर्न सुलभ पुँजी उपलब्ध गराउने, यसका लागि स्थानीय तहले व्यवस्थापकीय र समन्वयात्मक भूमिका निर्वाह गर्ने गरी घोषणापत्रमा एजेन्डा अगाडि सार्न जरुरी छ।

> चुनावी घोषणापत्र मुलुकको आर्थिक, सामाजिक विकास गर्ने कार्यक्रमिक प्रतिबद्धताको दस्तावेज भएकाले यो यथार्थपरक, जनमुखी र कार्यान्वयनयोग्य हुनु जरुरी छ

यस्तै, किसानलाई सुलभ पुँजी, बिउ, मल, सिँचाइ, प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउने, किसानले उत्पादन गरेको वस्तुको मूल्य र बजारको सुनिश्चितता गर्न स्थानीयस्तरमा कोल्ड स्टोरेजसहित कृषि उपज खरिदबिक्री केन्द्र स्थापना गरी बजार र मूल्यको ग्यारेन्टी गर्नु जरुरी छ। बिचौलिया राज अन्त्य गर्ने, किसानलाई बिमा र उत्पादनका आधारमा अनुदान सुनिश्चित गर्ने कार्यमा दलहरूको ध्यान जानुपर्छ। श्रमिक र बेरोजगारको पञ्जीकरण गरी राष्ट्रियस्तरमा सूचना तथ्यांक अद्यावधिक गर्ने, श्रमिकको न्यूनतम ज्याला र सामाजिक सुरक्षा सुनिश्चित गर्ने, गरिब, बेरोजगार, न्यून आय भएका श्रमजीवीका लागि रासन कार्डको व्यवस्था गर्नु जरुरी छ। हरेक पालिकामा सहकारीमा आधारित सुपथ मूल्यका पसल खडा गरी गरिब, बेरोजगार, श्रमिक किसानलाई रासन कार्डका आधारमा वस्तु बिक्री वितरण गरी राहत प्रदान गर्ने, बाँझो खेतीयोग्य आबादी र पर्ती सरकारी जग्गामा माटो परीक्षण गरी कृषि खाद्यान्न, फलफूल, जडीबुटी, पशुपालन, तरकारी खेती, सहकारिता र सामूहिक पकेट खेती सञ्चालन गरी स्थानीय तहको व्यवस्थापन र समन्वयमा उत्पादन अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नु खाँचो छ।

संघीय राज्य प्रणालीअनुरूप जनउपयोगी सार्वजनिक संस्थानहरू- कृषि सामग्री संस्थान, नेपाल खाद्य तथा व्यापार केन्द्र, नेपाल औषधी लिमिटेड, दुग्ध विकास संस्थान, साझा यातायातजस्ता सार्वजनिक संस्थानमा स्थानीय सरकारको पुँजी लगानी गरी पुनर्संरचना गरेर यी संस्थानको सेवा ७५३ वटै पालिकामा शाखा बिक्री डिपो स्थापना गरी सेवा प्रवाह गर्न सक्नुपर्छ। व्यापार घाटा घटाउन र विद्युत् खपत वृद्धि गर्न विद्युतीय सवारी साधन र विद्युतीय चुलो प्रयोगलाई राष्ट्रिय अभियानको रूपमा सञ्चालन गरिनुपर्छ। आगामी पाँच वर्षमा देशका प्रमुख सहरमा सुविधासम्पन्न सार्वजनिक विद्युतीय साझा यातायात बससेवा सञ्चालन गर्न पनि त्यति नै जरुरी छ।

हिमाल र पहाडी भेगमा आधुनिक कृषि फर्म, पशुपालन, जडीबुटी खेती राष्ट्रिय कार्यक्रमका रूपमा सञ्चालन गर्नुपर्छ। यसका लागि कृषि पर्यटन विकास प्राधिकरण गठन गरी सहकारीमा आधारित खेती प्रणाली लागू गर्नुपर्छ। चुरे पहाड पूर्व-पश्चिम सिँचाइको व्यवस्था गरी तराई मधेशमा रोजगारी र कृषि उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गर्नु जरुरी छ। खोला, नदीमा तटबन्ध निर्माण गरी उकास जग्गामा आधुनिक कृषि खेती सञ्चालन गर्नुपर्छ। तीन वर्षमा खाद्यान्न, तरकारी, फलफूल, मासु, दुध, घिउ, अन्डामा आत्मनिर्भर हुने गरी राष्ट्रिय उत्पादन वृद्धि अभियान सञ्चालन गरी दुई छिमेकी देशको बजारसम्म पहुँच विस्तार गर्नुपर्छ।

प्रदेशस्तरमा आधुनिक प्रादेशिक प्राविधिक विश्वविद्यालय खडा गरी आवश्यक प्राविधिक जनशक्ति उत्पादन र आपूर्ति सुनिश्चित गर्नुपर्छ। आधुनिक, प्रविधियुक्त एक निर्वाचन क्षेत्र एक क्याम्पस, एक वा दुई वडा एक माध्यमिक विद्यालय, एक वडा दुई प्राथमिक विद्यालय सञ्चालन हुने गरी पुनर्संरचना गर्नुपर्छ। हरेक पालिकास्तरमा डाक्टर, नर्स, अनमी, ल्याब, औषधीसहितको सुविधासम्पन्न अस्पताल स्थापना गरी सञ्चालन गर्नुका साथै हरेक पालिकामा ज्येष्ठ नागरिक आरोग्य केन्द्र सञ्चालन गर्नुपर्छ।

जलविद्युत् उत्पादनमा जनताको सहभागिता र लगानी अभिवृद्धि गर्ने, आधुनिक बस्तीको विकास गरी जोखिमयुक्त आवास क्षेत्रलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने र उत्तर-दक्षिण रेलमार्ग निर्माणका लागि त्रिदेशीय संयुक्त लगानी जुटाउने कार्यमा दलहरूको ध्यान जानुपर्छ। हरेक पालिकास्तरमा मुख्य सडकमा जोडिने गरी कृषि सडकको विकास र विस्तार गर्ने योजनालाई घोषणापत्रमा उल्लेख गर्नुपर्छ। विगतका असमान सन्धि सम्झौताको राष्ट्रिय हितअनुरूप पुनरावलोकन गरी सञ्चालन गर्ने, नेपालको भूमि अतिक्रमित लिपुलेक, लिम्पियाधुरा, कालापानी, सुस्तालगायत क्षेत्रमा नेपालको भूमि कायम गर्न राजनीतिक, जनस्तर र कूटनीतिक रूपमा प्रभावकारी छलफल, संवाद र वार्ता गर्ने पाटोमा पनि दलहरूको ध्यान जानु जरुरी छ। नेपालको राष्ट्रिय हित र आर्थिक विकासमा टेवा पुग्ने हिसाबले मात्र वैदेशिक ऋण र अनुदान स्वीकार गर्ने र सीमा सुरक्षा कायम गरी मानव तस्करी, राजस्व चुहावट नियन्त्रण गर्ने, यसका लागि राहदानी, परिचयपत्र कडाइसाथ लागू गर्ने विषयलाई घोषणापत्रमा उल्लेख गर्न जरुरी छ।

अन्त्यमा, निर्वाचनमा राजनीतिक दलले जारी गर्ने चुनावी घोषणापत्र केवल औपचारिक कागजात मात्र होइन, यो मतदाता र राजनीतिक दलबिचको विश्वासको आधार हो। यो मुलुकको आर्थिक, सामाजिक विकास गर्ने कार्यक्रमिक प्रतिबद्धताको दस्तावेज पनि हो। त्यसैले, यसको निर्माण यथार्थपरक, जनमुखी र कार्यान्वयनयोग्य हुनु अत्यन्त आवश्यक छ।

(खनाल नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



निर्वाचनअघि नै प्रधानमन्त्रीको उम्मेदवार तोकेर जानु कति उचित हो ?

रास्वपा, एमाले र कांग्रेसका तर्फबाट भावी प्रधानमन्त्रीको उम्मेदवार तोकिएपछि सम्भावित प्रधानमन्त्रीको अनुहार 'थोक'मै देखिएको छ। हामीले आत्मसात् गरेको बहुदलीय संसदीय प्रजातन्त्र र संविधानले यसरी निर्वाचनअघि नै प्रधानमन्त्रीको उम्मेदवारको घोषणा कल्पना गरेको छैन। तैपनि, दलहरूले यस्तो घोषणा गर्नुले उनीहरूको हतारोपनको संकेत गरेको छ। आखिर घोषणा गरे पनि या नगरे पनि निर्वाचन जितेर आएपछि बहुसंख्यक दलका प्रमुख नै संसदीय दलका नेता बन्ने र तिनैमध्येबाट कोही प्रधानमन्त्री बन्ने हुन्। संसदीय व्यवस्थामा मतदाताले व्यक्तिलाई होइन, दललाई मतदान गर्छन्। त्यसैले पनि निर्वाचनभन्दा पहिल्यै कसैलाई प्रधानमन्त्रीको मोहर लगाएर पठाउनु उचित हुँदैन।

यस्तो घोषणाले नेपाली राजनीतिमा कस्तो प्रभाव पार्ला ?

यस्तो घोषणाले निश्चित रूपमा केही न केही प्रभाव त पारी नै हाल्छ। प्रधानमन्त्रीमा प्रस्तावित नेताको लोकतन्त्र, संविधान र संसदीय व्यवस्थाप्रतिको निष्ठाका आधारमा मतदाताले उसको विचार र भिजन हेरेर छनोट गर्ने सम्भावना हुन्छ। यसले केही प्रतिशत मत 'डाइभर्ट' गर्न सक्छ। यस्तो अवस्थामा दल गौण बन्न पुग्छ, नेताको 'ब्रान्ड'ले महत्त्व पाउँछ र राजनीतिमा नयाँ-नयाँ 'पोस्टर ब्वाई'को उदय हुन पुग्छ।

यस्तो घोषणा निर्वाचन परिणामपछि पनि कायम रहन सक्ला त ?

यसका लागि सबैभन्दा पहिले प्रधानमन्त्रीको उम्मेदवारमा घोषित व्यक्तिले चुनाव जितेर आउनुपऱ्यो। जितेर आइसकेपछि पनि ऊ आफ्नो दलका सांसदबाट संसदीय दलको नेतामा चुनिनुपऱ्यो। लोकतन्त्रमा संसदीय दलको छनोट गर्नु सांसदहरूको सार्वभौमिक अधिकार पनि हो। त्यसपछि पनि प्रधानमन्त्री बन्न उसको दलले बहुमत पाउनुपऱ्यो या गठबन्धन गरेर उसका पक्षमा बहुमत पुऱ्याउन सक्नुपऱ्यो। त्यसैले, अहिले घोषणा गर्दैमा सो व्यक्ति प्रधानमन्त्री बनिहाल्ने परिस्थिति चुनावपछि नबन्न पनि सक्छ।

प्रेरक प्रसंग

साधु र चोर

गाउँको मन्दिरमा एक साधु बस्थे। त्यसै गाउँमा एउटा चोर पनि बस्थ्यो। चोर चढ्दो जवानीमा थियो भने साधु जवानीको उत्तरार्धतिरको यात्रामा थिए। चोर हुनेखाने परिवारकै सन्तान थियो। ऊ अन्यत्रभन्दा पनि आफ्नै गाउँमा सानोतिनो मालमत्ता र धन, सम्पत्तिमाथि लामो हात गर्थ्यो। सानोतिनो चोरीबाट आफ्नो मोजमस्ती पूरा गर्नु उसको दैनिकी बनेको थियो। उसको चोरीबाट मानिसलाई दुःख बढी र क्षति कम हुने गर्थ्यो।



एकपटक चोरले मन्दिरका साधुसित निकै ठुलो रकमको थैली भएको थाहा पायो। त्यसलाई उडाउनुपऱ्यो भन्ने सोचेर उसले बिस्तारै साधुको कुटीसम्म जानेआउने क्रम बढायो। चोर मुखमा रामराम, बगलीमा छुरा राखेर साधुको सेवामा लाग्यो। त्यसो त साधु पनि चोरको मनोभावबाट अपरिचित थिएनन्। उनी मनमनै भन्थे- यो चोरले दिउँसै चोरी नगरे पनि रातमा यसलाई उल्लु बनाउन मैले जानेको छु। उता चोरलाई साधुको साथमा धनको थैली देखेर तनाव हुन्थ्यो। एक रात चोर साधुको कुटीमै बस्यो। कसरी थैली चोरौँ भन्ने दाउमा चोर र त्यसलाई कसरी जोगाऊँ भन्ने चिन्तामा साधु, रातभर यताउता पल्टिँदै रात बिताए। बिहान भालेको डाक सुनेपछि मात्र साधुको शरीरमा प्राण सञ्चार भयो।

अर्को दिनदेखि साधुले रातमा थैलीलाई बाहिर राखिदिन्थे भने दिनमा भित्र। उनी रातभरि आनन्दले घुरिरहन्थे। उता चोर भने रातभर निवासभित्रै थैली खोजिरहन्थ्यो।

एकरात साधुको आत्माले उनलाई भन्यो- ओइ साधु, तँ पापी होस्। तँलाई त्यस थैलीसित किन यति ठुलो मोह ? अब सब मोह छोड्, बिचरा चोरको भलाइ गर्। सोही रात चोरको आत्माले पनि उसलाई भन्यो- ओइ चोर, तँलाई भगवान्ले देखिरहेका छन्। चोरीको चक्करमा लागेर तैँले जिन्दगीको आनन्द गुमाइरहेको छस्। यति लामो जिन्दगी यही थैलीको सहारामा त बित्दैन। कतै चोरी गर्दागर्दै पक्राउ परिस् भने के होला ? त्यस रात साधुले थैली बाहिर राखेनन्। बिहान उठ्दा साधुले थैली राखेकै स्थानमा पाए। तर, चोर भने त्यहाँ थिएन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

थापालाई बधाई

नेपाली कांग्रेसको काठमाडौंमा सम्पन्न दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्य समिति शुक्रबार सानेपास्थित पार्टी केन्द्रीय कार्यालय बिपी स्मृति भवनमा प्रवेश गरेको छ। यसअघि विशेष महाधिवेशनपछि निर्वाचन आयोगले आधिकारिक मान्यता दिए पनि यो कार्य समिति केन्द्रीय कार्यालयमा प्रवेश गर्न पाएको थिएन। शुक्रवार विधिवत् पार्टी कार्यालय प्रवेश गरेको यो कार्यसमितिको बैठकले पार्टीका नवनिर्वाचित सभापति गगन थापालाई आगामी निर्वाचनपछि बन्ने सरकारको प्रधानमन्त्रीका रूपमा अघि सार्ने औपचारिक निर्णय गरेको छ। यसका लागि कांग्रेस सभापति थापालाई विशेष बधाई तथा शुभकामना। अब उनले पार्टीको निर्वाचन अभियानलाई कसरी हाँक्छन्, त्यो भने आगामी दिनले नै बताउनेछन्।

● **सुनन्दा पालिखे**, टाँडी, चितवन

भ्युटावर केका लागि ?

झापाको दमकमा डेढ अर्ब लगानीमा ठडिएको दमक भ्युटावर अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन। एमाले अध्यक्ष केपी ओलीको सपना बनेको यो भ्युटावरमा राज्यको त्यति ठुलो रकम फसेको छ। निर्माण सम्पन्न भई उद्घाटन भइसके पनि भ्युटावर अझै सञ्चालनमा आउन सकेको छैन। त्यति विशाल टावर बने पनि सञ्चालनमा आउन नसक्दा राज्यलाई ठुलो घाटा भइरहेको छ। सञ्चालन खर्चसमेत उठाउन नसक्ने भ्युटावर केका लागि ?

● **भावुक स्याङ्तान**, कुमारीगाल, काठमाडौं

कारण खोजी गरौँ

पहाडी र हिमाली जिल्लामा निर्वाचन प्रहरीमा भर्ना हुने युवा नभेटिएको र मागभन्दा निकै न्यून उत्तीर्ण भएको समाचार पढियो। यतिखेर देशमा विद्यालयले शिक्षक नपाउने, विभिन्न उद्योग, कलकारखानाले मजदुर नपाउनेजस्ता समस्या बढ्दै गएका छन्। यसका साथै, नेपाली सेना, प्रहरी या सशस्त्र प्रहरीमा पनि भर्ना खुल्दा निकै कम आवेदन पर्ने गरेका छन्। यस्तो किन भइरहेको छ, यसको कारण खोजी गरौँ र युवालाई विदेश पलायन हुनबाट रोकौँ।

● **अशोक चौधरी**, सानेपा, ललितपुर

मौन नभएर के गर्नु त ?

५ माघको नयाँ पत्रिकामा निना एल ख्रुस्चेभको 'भेनेजुएलाबारे किन मौन छन् पुटिन ?' शीर्षकको लेख पढेँ। मलाई त यो हेरेर नै अचम्म लाग्यो कि भेनेजुएलाकी विपक्षी नेता मचाडोले आफ्नो नोबेल पुरस्कार नै ट्रम्पलाई दिइनन् मात्र भेनेजुएलाको घटनाका लागि ट्रम्पलाई धन्यवाद पनि दिइन्।

मलाई त लाग्छ कि शान्तिका लागि नोबेल पुरस्कारको चयन नै गलत थियो। जहाँ मचाडोजस्ती प्रतिपक्षी र मदुरोजस्ता संस्थापन हुन्छन्, त्यसलाई कसैले सहयोग नगर्नु अनौठो होइन। ट्रम्प आक्रामकतालाई नै सुरक्षाको सर्वोत्तम उपाय हो भने सिद्धान्तमा हिँडिरहेका छन्। यस्तोमा पुटिनले पुरानो सोभियत संघको साखलाई मरिगए फर्काउन सक्नेछैनन्। चीन चुपचाप 'लिबरलाइजेसन र नयाँ विश्वव्यवस्थाको खाका बनाउनमा तल्लीन छ र अमेरिकाको छटपटाहट ट्रम्पमा मुखरित भएको हेरिरहेका छन्। पुटिन र सी भावी विश्वयुद्धको बाटो हेरिरहेका छन्। त्यसका लागि अभिशप्त स्थल युरोप नै हो। भारत त सनकी हिटलर र मुसोलिनीका वेला पनि आफूलाई शान्तिको अग्रदूत नै बनाएर हिँड्यो। सायद उसले भारतमा भएको महाविश्वयुद्ध महाभारतबाटै पाठ सिकिसकेको छ।

पुटिनको त कुरा छाड्नुस्, चीनलाई जसले पनि संकटको साथी होइन भन्छन्। हो चीन संकटको साथी होइन, बदलावको साथी हो। उसले यसको बदला विश्वयुद्ध वा नयाँ विश्वव्यवस्थामा लिनेछ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
sy4256206@gmail.com

मानिसहरूले सोचेभन्दा बलियो छ युरोप

बाँकी विश्वले युरोपलाई शक्तिका रूपमा हेर्दा पनि युरोपेली नेता भने समूहको सबलतालाई नै कमजोरी ठान्ने गल्ती गरिरहेका छन्



देश/विदेश

● अल्बर्टो अलेमानो

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, उनका उपराष्ट्रपति जेडी भान्स र ट्रम्प नेतृत्वको 'मागा' अभियन्ताले युरोपेली संघ पतनोन्मुख भएको भ्रम फैलाइरहेका छन्। तर, यो मात्र भ्रम हो, यथार्थ होइन। यथार्थमा युरोपेली आयोग (इयू) परियोजना यसका संस्थापकले गरेका सबैभन्दा आशावादी अपेक्षाभन्दा पनि धेरै हिसाबमा अझ सफल साबित भएको छ।

आधुनिक इतिहासमा पहिलोपटक युरोपले एकल राजनीतिक शक्तिको पहिचान बनाएको छ। अब यो सार्वभौम राज्यहरूको खुकुलो समूह वा साझा बजार मात्र रहेन। जबकि सन् १९८९ मा बर्लिन पर्खाल ढलेपछि वा सन् २००० को दशकको सुरुमा इयूको पूर्वी विस्तार हुँदासम्म पनि त्यस्तो लाग्दैनथ्यो। विगत तीन दशकको अवधिमा युरोपले एउटा बलियो राजनीतिक र नियामक व्यवस्थालाई आकार दिएको छ।

अहिले कुनै बाह्य शक्तिले इयूमा रहेका २७ सदस्य राष्ट्रका राष्ट्रिय सरकारसँग व्यवहार गरे पनि इयूसँग फेरि अलग सम्बन्ध बनाउनैपर्ने भएको छ। अर्थात्, विदेशी शक्तिका लागि इयू एउटा अलग एकल शक्ति बनेको छ। अहिले विश्व शक्तिले युरोपप्रति अपनाउने नीति र व्यवहारले पनि यसैलाई इंगित गर्छ। उदाहरणका लागि ट्रम्प सरकारले अंगिकार गरेको नयाँ 'राष्ट्रिय सुरक्षा रणनीति (एनएसएस)'ले इयूका सदस्य राष्ट्रमाथि ध्यान केन्द्रित नगरी समग्र 'युरोप'लाई गिर्दो शक्ति भनेको छ। त्यस्तै, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेनमाथिको युद्धलाई जायज ठहऱ्याउन इयू (अझ विशेषगरी नेटो) को विस्तारलाई औँल्याउँछन्। त्यस्तै, चीनले युरोपलाई एउटा प्रतिद्वन्द्वी नियामक शक्तिका रूपमा हेर्छ।

इयूले आफूलाई अझ भूराजनीतिक अभिनेताभन्दा अगाडि बढेर आर्थिक र राजनीतिक जीवन व्यवस्थित गर्ने प्रतिस्पर्धी मोडलका रूपमा विकास गरेको छ। यसै कारण स्वयं युरोपेली नीति-निर्मातासमेत विगतमा ओझेल परेको एक आधारभूत प्रश्नको सामना गर्न बाध्य छन्- के इयू केवल एक समन्वय संयन्त्र मात्र हो या साझा नियति भएको राजनीतिक समुदाय ? यसको जवाफ युरोपले भन्दा पहिल्यै विश्वले दिइसकेको छ। युरोपेलीले आफैँ स्विकारून् वा नस्विकारून्, युरोप एक राजनीतिक समुदायमा बदलिइसकेको छ। भलै यो पहिचान स्वतः निर्माण भएको होइन र यो स्वतः टिक्ने ग्यारेन्टी पनि छैन। अर्थात्, इयूको भविष्य युरोपेली आयोगले आफ्नो विशिष्ट आर्थिक मोडेल जोगाउन सक्छ कि सक्दैन भन्नेमा निर्भर छ।

अमेरिकी पुँजीवादले गति, आकार र सञ्चयमा जोड दिन्छ भने चिनियाँ अधिनायकवादले बजार र राजनीतिक अधिकारलाई केन्द्रीकृत राज्य नियन्त्रणको अधीनमा राख्ने कुरामा विश्वास गर्छ। ती दुईभन्दा भिन्न युरोपको 'सामाजिक-बजार अर्थतन्त्र'ले लोकतन्त्र, सामाजिक सुरक्षा र कानुनको शासनलाई आर्थिक जीवनको केन्द्रमा राखेको छ। यस दृष्टिकोणबाट हेर्दा इयूप्रति ट्रम्प प्रशासनको शत्रुता कुनै निश्चित नियमप्रति मात्र होइन, भन्ने स्पष्ट हुन्छ। खासमा ट्रम्पको विरोध इयूले बोकेको प्रणालीप्रति हो, जहाँ श्रमिकले सामूहिक निर्णय प्रक्रियामार्फत आफ्नो आवाज उठाउन सक्छन्। जहाँ सबैलाई स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गरिएको छ। जहाँ एकाधिकारविरोधी कानुनले



राजनीतिक पहुँच प्रयोग गरी प्रतिस्पर्धालाई कमजोर बनाउने फर्ममाथि डन्डा चलाउँछ।

र, यस आर्थिक मोडेललाई इयूको विशाल आकारले पनि सम्भव बनाएको हो। इयूको एकीकृत नियामक ढाँचाभित्र अहिले ४५ करोड उपभोक्ता जोडिएका छन्, जुन विश्वको सबैभन्दा ठुलो एकल बजारमध्ये एक हो। यस बजारमाथि पहुँच हासिल गर्न चाहने बहुराष्ट्रिय फर्मले युरोपेली नियम पालना नगरी धरै छैन। यसले इयूलाई विश्वव्यापी प्रतिस्पर्धाको सर्तलाई आकार दिने शक्ति प्रदान गरेको छ।

दशकौँदेखि आलोचकले युरोपको सामाजिक मोडल दिगो नभएको बताउँदै आएका छन्। यसको नियामक शासन आर्थिक रूपमा आत्मघाती र बजारमाथिको लोकतान्त्रिक अवरोध मूर्खतापूर्ण रहेको तिनको दाबी छ। तर, आलोचकको दाबीविपरीत यस मोडेलले स्थिरता, समृद्धि र विश्वव्यापी प्रभाव प्रदान गरेको छ। तथ्यांकले इयू आर्थिक उत्पादकत्वमा अमेरिकाको हाराहारी र जीवनको गुणस्तरमा अझ अगाडि रहेको देखाउँछ। यस्तोमा समूहमा संस्थागत क्षमताको अभाव छैन, बरु यसको मोडेलको रक्षा गर्ने र युरोपेली एकीकरण प्रक्रिया पूरा गर्ने राजनीतिक इच्छाशक्तिको अभाव छ।

निश्चित रूपमा युरोपले गम्भीर चुनौती सामना नगरेको होइन। तर, जे-जति कमजोरी छन्, ती इयूको सामाजिक र नियामक मोडलका उपज होइनन्। यदि यो एकता भत्कियो भने ती अझ खराब बन्नेछन्। दुर्भाग्यवश, युरोपेली नेताले इयूको आर्थिक र नियामक मोडेलको अन्तर्राष्ट्रिय प्रतिरोधलाई यसको असफलता मान्ने गल्ती गरेका छन्। ती नेता पनि इयूको तुलनात्मक ह्रास र घट्दो औद्योगीकरण यही अति-नियमनको उपज बताउँदै नियमन घटाए सबै समस्या अन्त्य हुने सुझाव दिन थालेका छन्।

युरोपले सीधा अमेरिका वा चीनको नक्कल गर्न सक्दैन। किनकि, योसँग न त अमेरिकाको जस्तो वित्तीय र सैन्य प्रभुत्व छ, न त यहाँ चीनमा जस्तो श्रम र पुँजीमाथि केन्द्रीकृत नियन्त्रण नै कायम छ। र, इयूलाई अमेरिकी अति पुँजीवाद वा चिनियाँ राज्य नियन्त्रणको सानो संस्करण बन्नु नै किन परेको छ र ? प्रतिद्वन्द्वी साम्राज्यको विकास भइरहेको आजको विश्वमा युरोपले बोकेको मोडेल नै यसको सबैभन्दा ठुलो शक्ति हो।

(अलेमानो 'एइसी पेरिस'मा युरोपेली संघ कानुनका प्राध्यापक हुन्)

प्रोजेक्ट सिन्डिकेटबाट

इरानमा सुरक्षा बलले किन ताकिरहेको छ प्रदर्शनकारीको आँखा ?



इरानमा प्रदर्शनकारी र विशेषगरी लडाकुलाई आँखामा ताकेर गोली हानी निकै हिंसात्मक दमन गरिएको छ। शक्ति र सत्ताविरुद्ध लड्न साहस जुटाउनेलाई अन्धो बनाउनु देशको लामो इतिहासमा दमनको पछिल्लो कार्य हो।

हालैका वर्षमा इरानी विद्रोहीविरुद्धको कारबाहीका क्रममा र २०२२ मा राष्ट्रव्यापी स्वतन्त्रता आन्दोलनका क्रममा प्रदर्शनकारीका आँखामा लगाइएको चोटपटकको आवृत्तिलाई सार्वजनिक निगरानीमा राखिएको छ। नजिकबाट गरिएका प्रहारबाट महिला, युवा र विद्यार्थी र कतिपय अवस्थामा यात्रुले पनि सम्पूर्ण आँखा वा दृष्टि गुमाएका छन्।

यो सुरक्षा बलको एउटा रणनीतिको हिस्सा हो, जुन हामी अहिले फेरि देखिरहेका छौं। वकिल तथा २००३ को शान्ति नोबेल पुरस्कार विजेता सिरिन इबादीले जनवरी ९ मा अनुमान गरिन् कि वर्षको सुरुमा विरोध प्रदर्शन सुरु भएदेखि कम्तीमा ४०० जनालाई बन्दुकसँग सम्बन्धित हमलाका कारण आँखामा चोट लागेर तेहरानका विभिन्न अस्पतालमा भर्ना गरिएको छ।

■ आँखामा हुन्छ शक्ति

प्राचीन इरानी राजनीतिक संस्कृतिमा शक्ति र आँखा अभिन्न रूपमा जोडिएका छन्। म देख्छु, त्यसैले म जान्दछु। म देख्छु, त्यसैले म न्याय गर्छु। म देख्छु, त्यसैले म शासन गर्छु। यस्तो अवधारणा इरानको साहित्यिक र राजनीतिक क्षेत्रमा चल्छ। उदाहरणका लागि साहित्यकार तथा कवि फर्दौसी (१०औँ शताब्दी) ले लेखेको साहनामह (राजाहरूको पुस्तक) मा अन्धोपनले राजनीतिक र ब्रह्माण्डीय पतनको कथात्मक संकेत दिन्छ। अन्धोपन पतन हुनुको पर्यायवाची पनि हो।

साहनामहमा रुस्तमले एस्फन्डियारलाई तीरले अन्धो पारेको अंश इरानको राजनीतिक क्षेत्रका लागि एक प्रतीकात्मक दृश्य हो। आँखालाई लक्षित गरेर कथाले स्पष्ट रूपमा दृष्टि गुमाउनुलाई शक्तिको अयोग्यता र सार्वभौमिकता दाबी गर्ने सबै आधारहरूको अन्त्यसँग जोड्छ। ऐतिहासिक रूपमा अन्धोपनलाई राजनीतिज्ञलाई तटस्थ बनाउन एउटा हतियारको रूपमा प्रयोग गरिन्थ्यो। यो रगत नबगाई प्रतिद्वन्द्वी (राजकुमार वा प्रतिष्ठित) लाई हटाउने तरिका थियो, जुन अभिजात वर्गको सम्बन्धमा अपमानजनक मानिन्थ्यो। दृष्टिविहीन मानिसलाई मृत्युदण्ड दिइँदैनथ्यो, बरु तिनीहरूलाई राजनीतिक क्षेत्रबाट उन्मूलन गरिन्थ्यो।

फारसका साह अब्बास द ग्रेट (जसले १५८८ देखि १६२९ सम्म शासन गरे) ले आफ्ना धेरै छोरानातिलाई दृष्टिविहीन बनाए। उनीहरूलाई उनले आफूविरुद्ध षड्यन्त्र रचेको वा सिंहासनको उत्तराधिकारको विरोध गरेको शंका गरे। १७४२ मा नादेर साहले आफ्ना छोरा, तत्कालीन सिंहासनका उत्तराधिकारी रेजा कोली मिर्जालाई दृष्टिविहीन बनाउन आदेश दिए, जुन फारसमा राजनीतिक मौन अभ्यासको प्रतीकात्मक कार्य थियो।

■ प्रदर्शनकारीको आँखामा निसाना

इस्लामिक गणतन्त्रले दण्डको रूपमा आँखालाई निसाना बनाएको भन्ने आरोपलाई स्वीकार गर्दैन। तर, समकालीन दमनको समयमा प्रदर्शनकारीका आँखामा निसाना बनाउने घटनाको पुनरावृत्तिले प्रतीकात्मक निरन्तरता प्रकट गर्छ। एकपटक दुर्लभ, लक्षित, आँखामा आक्रमण गर्ने अभ्यास अब व्यापक छ, यद्यपि अधिकारीले यसलाई अस्वीकार गर्छन्। प्रदर्शनमा 'गैरघातक' भनिने हतियार प्रयोग गरिन्छ र तिनिहरूमा बिरलै रोक लगाइन्छ।

समकालीन इरानमा आँखा राजनीतिक हतियार बनेको छ। प्रदर्शनकारीले जे देख्छन्, त्यसबारे भिडियो खिच्छन्, दस्ताबेजीकरण गर्छन् र चौतर्फी फैलाउँछन्। तस्बिरहरू प्रसारित हुन्छन्, अर्को देशको सिमानासम्म पुग्छन् र सरकारको दाबीलाई कमजोर बनाउँछन्। जब आँखामा प्रहार हुन्छ, तपाईं अरूलाई देख्न वा देखाउन सक्नुहुन्न, जसले गर्दा भिडियो खिच्न, प्रमाण दिने काममा अवरोध आउँछ। निसाना केवल व्यक्तिको दृष्टिकोण होइन, यो फराकिलो दृष्टिकोण हो, जसले इरानका सडकलाई अन्तर्राष्ट्रिय जनमतसँग जोड्छ।

पुरातन समयमा विशेषगरी पुरुष अभिजात वर्गका लागि आरक्षित गरिएको दृष्टिविहीन बनाउने कार्यको विपरीत आजकल आँखासँग सम्बन्धित हिंसा मुख्यतया महिला र युवालाई लक्षित गरिन्छ।

> समकालीन इरानमा आँखा राजनीतिक हतियार बनेको छ। प्रदर्शनकारीले जे देख्छन्, त्यसबारे भिडियो खिच्छन्, दस्ताबेजीकरण गर्छन् र चौतर्फी फैलाउँछन्। तसर्थः विरोधीको आवाज दमन गर्न सरकारले आँखामै गोली हानेको छ।

■ देखिने क्रूरताको निरन्तरता

डिसेम्बर २०२५ को अन्त्यतिर सुरु भएको सामूहिक विरोध प्रदर्शनपछि जारी दमन, राष्ट्रव्यापी इन्टरनेट बन्दपछि झनै तीव्र भयो। यो प्रदर्शनकारीमाथि गरिएको हिंसात्मक कार्यको प्रभाव कम गर्न सरकारले जानाजानी गरेको कार्य थियो। स्वतन्त्र चिकित्सा रिपोर्ट र साक्षीहरूको विवरणले इरानी अस्पताल हताहतले भरिएका (विशेषगरी आँखासँग सम्बन्धित) साथै धेरै इरानी प्रान्तमा भिड नियन्त्रण गर्न गोलीसहितको बन्दुकको प्रयोग भएको उल्लेख छ। यी चोटले पुष्टि गर्छ कि शरीर र विशेषगरी आँखा अझै पनि दमनकारी शासनको मुख्य निसाना हो।

महिलाहरूको प्रत्यक्ष अनुभवले यी समकालीन अभ्यासको फरक कथा बताउँछ। २०२२ मा महसा जिना अमिनीको हत्यापछि इरानी समाजले महिलाले आन्दोलनको नेतृत्व गरिरहेको देखेको छ, जसमध्ये केहीलाई विरोध प्रदर्शनका क्रममा जानाजानी दृष्टिविहीन बनाइएको थियो। इतिहास राजनीतिक तटस्थताको टाढाको अतीतमा मात्र सीमित छैन, यो आजका महिलाको व्यक्तिगत शारीरिक अनुभवबाट पनि भरिपूर्ण छ, जहाँ आँखाको आघातलाई हिंसा र दृष्टिको क्षेत्रवरपर घुम्ने राजनीतिक संघर्षको संकेतको रूपमा व्याख्या गर्न सकिन्छ।

इस्लामिक गणतन्त्र राजतन्त्रको पवित्रताबाट अलग्गिएको हुन सक्छ, तर शरीरलाई व्यक्तिगत शक्ति 'होल्ड' गर्ने माध्यमका रूपमा लिइने प्राचीन सिद्धान्त अझै पनि अक्षुण्ण छ। राजाहरूले आफ्नो राजवंशको रक्षा गर्न आफ्ना प्रजालाई अन्धो बनाउने काम गर्थे भने सुरक्षा बलहरूले यसको अस्तित्व सुनिश्चित गर्न विकृति प्रयोग गर्थे। यो रणनीतिले विरोधाभाषपूर्ण प्रभाव उत्पन्न गर्छ। फारसमा प्राचीन समयमा राजनीतिक विनाशको हतियारको रूपमा अन्धो बनाउन प्रयोग गरिन्थ्यो। इतिहास दोहोरिँदैन तर यो इसारामार्फत जीवित रहन्छ। आँखामा गोली हानेर, इरानी सरकारले प्रभुत्वका लागि पुरानो नियम पुस्तिकालाई पुनर्जीवित गर्छ, व्यक्तिको देख्ने क्षमता खोस्नुहोस् र तपाईंले तिनीहरूलाई राजनीतिक रूपमा समाप्त पार्नुहोस्।

(द कन्भर्सेसनका लागि फिरोज़ेह नाहवन्दीको आलेख)

इतिहासमा आज

जनवरी २५



सन् १८०२ : फ्रान्सका सम्राट् नेपोलियन बोनापार्ट आफ्नो देशको अधीनमा परेको इटलीको पनि राष्ट्रपति घोषित।

सन् १८४० : अमेरिकी समुद्री अन्वेषक चार्ल्स विल्किसको नेतृत्वको टोलीले पहिलोपटक अन्टार्कटिका महादेश पत्ता लगायो।

सन् १९१८ : अखिल रुसी सोभियत कंग्रेसको तेस्रो बैठकले रुसलाई रुसी सोभियत गणतन्त्र घोषणा गऱ्यो।

सन् १९१९ : पेरिस शान्ति सम्मेलनका प्रतिनिधिले 'लिग अफ नेसन (राष्ट्र संघ)'को गठनसम्बन्धी प्रस्ताव स्वीकृत गरे।

सन् १९३९ : विश्वको पहिलो सफल आणविक विच्छेदन प्रयोग अमेरिकाको कोलम्बिया विश्वविद्यालयको पुपिन हलमा सम्पन्न भयो।

सन् १९४९ : इजरायलमा भएको पहिलो आमनिर्वाचनमा डेबिड बेन गुरियन नेतृत्वको मपाई पार्टी विजयी भयो।

सन् १९७४ : डा. क्रिस्चियन बनार्डको नेतृत्वमा विश्वको पहिलो मानव मुटु प्रत्यारोपण सफल भयो।

सन् १९८१ : इरानमा बन्धक रहेका ५२ अमेरिकी नागरिक ४४४ दिनपछि मुक्त गरिए।

सन् १९८१ : माओकी विधवा श्रीमतीलाई मृत्युदण्डको सजाय सुनाइयो। दुई वर्षपछि आजकै दिन सर्वोच्च अदालतले उनको सजाय घटाएर जन्मकैद बनाएको थियो।

सन् २०२१ : ज्यानेट यलेन अमेरिकाकी पहिलो महिला वित्तमन्त्री बनिन्।

सन् २०२३ : जेसिन्डा आर्डेनको राजीनामापछि उनकै पार्टी (लेबर)का अर्का नेता क्रिस हिप्किन्सले प्रधानमन्त्रीको शपथ लिए।

म्यानमारसँगको सीमामा तारबार लगाउने भारतको योजना

यांगुन/ भारतले स्वतन्त्र आवागमन सीमाक्षेत्र सम्झौतालाई रद्द गर्दै म्यानमारसँगको आफ्नो विशाल र खुला सीमामा तारबार लगाउने योजना बनाएको छ। म्यानमारका सयौँ सैनिक त्यहाँका विद्रोहीको हमलाबाट जोगिन भारत प्रवेश गर्ने क्रम बढेपछि सरकाले यस्तो योजना बनाएको हो। उत्तरपूर्वी राज्य असामको भ्रमणका क्रममा गृहमन्त्री अमित साहले भने, 'सरकारले पूरै खुला भारत-म्यानमार सीमामा तारबार लगाउने निर्णय गरेको छ।'

भारत र म्यानमारबिच दुर्गम जंगलदेखि लिएर हिउँले ढाकिएको हिमालयका चुचुरासम्म एक हजार दुई सय किलोमिटरभन्दा धेरै क्षेत्रमा सीमा जोडिएको छ। गृहमन्त्री साहले सरकारले स्वतन्त्र आवागमन सम्झौता अन्त्य गर्न लागेको बताए। उक्त सम्झौताले सीमावर्ती क्षेत्रमा बसोवास गर्नेहरूलाई भिसाविना एक-अर्काको क्षेत्रमा थोरै दूरीसम्म जाने अनुमति दिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८२/१०/११)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४९२
फोन नं: ९७७-१-४३२८२२९, ४३४२४३०
इमेल : info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

यस बैंक(सावीक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य देदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गर्नलिन इच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८२/१०/१८

तपशिल

बोलपत्र खोलिने मिति
२०८२/१०/१९ दिउँसो ३ बजे

क्र.सं	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१	**ऋणी : सुनिश गल्ला भण्डार (अधिविकर्ष कर्जा)** प्रा.फ.र.नं. : ७१६२/७३३/०७७/०७८, ठेगाना : औरही ५, महोत्तरी **ऋण प्रवाह गर्ने शाखा : बर्दिबास** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. राम असिस राय-जमानीकर्ता** (ना.प्र.नं.८६२६०३७०, मिति २०३९/०३/०८ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको), बाबु : बली राय यादब, बाजे : ध्रुब राय **२. श्याम यादव-जमानीकर्ता** (ना.प्र.नं. ८६२६३७९२, मिति २०५०/०४/१७ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको), बाबु : राम असिस राय, बाजे : बली राय यादब **३. धिरेन्द्र कुमार राय -जमानीकर्ता** (ना.प्र.नं.८६२६४८३२, मिति २०६१/०४/१८ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको), बाबु : राम असिस राय, बाजे : बली राय यादब **४. रन्जु कुमारी यादव -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.१८-०२-७७-०००२१, मिति २०७७/०३/०७ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको) पति : धिरेन्द्र कुमार राय, ससुरा : राम असिस राय **५. रेणुका कुमारी यादव -जमानीकर्ता** (ना.प्र.नं. ८६२६४८३३, मिति २०६१/०४/१८ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको), पति : श्याम यादव, ससुरा : राम असिस राय **६. राम झरी देवी-जमानीकर्ता** (ना.प्र.नं.८६२६०३७८, मिति २०४३/१०/०८ मा जि.प्र.का. महोत्तरीबाट जारी भएको), पति : राम असिस राय, ससुरा : बली राय यादब	रेणुका कुमारी यादवको नाममा महोत्तरी जिल्ला मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, भोइल टेमकिया गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ६५२(०-६-२-० विगाहा), कि.नं. ६४३(०-३-२.५-० विगाहा), कि.नं. ६४४(०-३-२.५-० विगाहा) र कि.नं. ६५१(०-६-२-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी, /सम्बन्धित मालपोत नजिकको शाखा
२.	**ऋणी : आर. एन. ट्रेडर्स (विविध कर्जा),** प्रा.फ.र.नं. : ६२०७/४७९/०७०/७१ ठेगाना : बेंगाडाबर ६, धनुषा, **ऋण प्रवाह गर्ने शाखा : बर्दिबास** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. राधा देवी पुर्वे-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. १७३०९७/६५४, मिति २०६३/१०/२३ मा जि.प्र.का. धनुषाबाट जारी भएको), पति : जय कुमार पुर्वे, ससुरा : कारी राम पर्वे **२. उर्मिला कुमारी-जमानीकर्ता** (ना.प्र.नं. १११८५१४९, मिति २०४४/११/१३ मा जि.प्र.का. धनुषाबाट जारी भएको), पति : कारी राम पुर्वे, ससुरा : खुबलाल पुर्वे **३. कारी राम पुर्वे -जमानीकर्ता** (ना.प्र.नं. १६१८४/१११८०७०९, मिति २०३४/१०/११ मा जि.प्र.का. धनुषाबाट जारी भएको), बाबु : खुबलाल पुर्वे, बाजे : रघुबर पर्वे **४. जय कुमार पुर्वे-जमानीकर्ता** (ना.प्र.नं. १११८५४५६, मिति २०५७/०५/०५ मा जि.प्र.का. धनुषाबाट जारी भएको), बाबु : कारी राम पुर्वे, बाजे : खुबलाल पुर्वे	१. कारी राम पुर्वेको नाममा धनुषा जिल्ला मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, बेंगाडाबर गा.वि.स./न.पा. वडा नं. ४(क) स्थित कि.नं. ४७४ (०-०-१३-० विगाहा) र कि.नं. ३३३(०-७-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. उर्मिला कुमारीको नाममा धनुषा जिल्ला मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, बेंगाडाबर गा.वि.स./न.पा. वडा नं. ४(क) स्थित कि.नं. ५०९ (०-२-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३. राधा देवी पुर्वेको नाममा धनुषा जिल्ला मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, बेंगाडाबर गा.वि.स./न.पा. वडा नं. ४ (क) स्थित कि.नं. ४३० (०-१-१३$^{३}/_{२}$ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी, /सम्बन्धित मालपोत नजिकको शाखा
३.	**ऋणी : जय कुमार पुर्वे (धितो कर्जा)** (ना.प्र.नं.१११८५४५६, मिति २०५७/०५/०५ मा जि.प्र.का. धनुषाबाट जारी भएको), ठेगाना : बेंगाडाबर ४, धनुषा बाबु : कारी राम पुर्वे, बाजे : खुब लाल पुर्वे, **ऋण प्रवाह गर्ने शाखा : बर्दिबास** **व्यक्तिगत जमानीकर्ताहरु :** **१. कारी राम पुर्वे -जमानीकर्ता** (ना.प्र.नं. १६१८४/१११८०७०९, मिति २०३४/१०/११ मा जि.प्र.का. धनुषाबाट जारी भएको),बाबु : खुब लाल पुर्वे, बाजे : रघुविर पुर्वे **२. उर्मिला कुमारी-जमानीकर्ता** (ना.प्र.नं. १११८५१४९, मिति २०४४/११/१३ मा जि.प्र.का. धनुषाबाट जारी भएको), पति : कारी राम पुर्वे, ससुरा : खुब लाल पुर्वे **३. राधा देवी पुर्वे-जमानीकर्ता** (ना.प्र.नं. १७३०९७/६५४, मिति २०६३/१०/२३ मा जि.प्र.का. धनुषाबाट जारी भएको), पति : जय कुमार पुर्वे, ससुरा : कारी राम पुर्वे	जय कुमार पुर्वेको नाममा धनुषा जिल्ला मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, बेंगाडाबर गा.वि.स./न.पा. वडा नं. ३(क) स्थित कि.न.३१०(०-३-५-० विगाहा), कि.नं. ३०७(०-१-०-० विगाहा), कि.नं. ३०९(०-३-०-० विगाहा) र कि.नं. ३६४(०-०-४-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गारुले चर्चेको सम्पुर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी /सम्बन्धित मालपोत नजिकको शाखा
४.	**ऋणी : आरती चौधरी (आवास कर्जा),** (ना.प्र.नं.०५१०५६/४९, मिति २०६७/०१/२७ मा जि.प्र.का. मोरङबाट जारी भएको), ठेगाना : का.म.न.पा. १५, काठमाडौं, बाबु : केवलराम चौधरी पति : हरि कुमार भोलन , ससुरा : तुलसी बहादुर भोलन, **ऋण प्रवाह गर्ने शाखा : बालुवाखानी** **व्यक्तिगत जमानीकर्ता :** **हरि कुमार भोलन-जमानीकर्ता** (ना.प्र.नं. ४९/०१७, मिति २०५३/०८/०५ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको), बाबु : तुलसी बहादुर भोलन, बाजे : कृष्ण बहादुर भोलन	आरती चौधरीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय मनमैजु, काठमाडौमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा गा.वि.स./न.पा. वडा नं. १(ग) स्थित कि.नं. ६१७(०-२-०-० रोपनी) र कि.नं. ६०२(०-१-२-० रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बालुवाखानी, कपन/सम्बन्धित मालपोत नजिकको शाखा
५.	**ऋणी : सुनिता पाण्डे र राम बहादुर पाण्डे (धितो कर्जा),** ठेगाना : कागेश्वरी मनोहरा ५, काठमाडौं **क) सुनिता पाण्डे** (ना.प्र.नं. १४२७/१९८३७, मिति २०५०/१२/२९ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), पति : राम बहादुर पाण्डे, ससुरा : केशर बहादुर पाण्डे **ख) राम बहादुर पाण्डे** (ना.प्र.नं. ११८०-१३४-५५८१२, मिति २०३२/०४/२७ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), बाबु : केशर बहादुर पाण्डे, बाजे : रण बहादुर पाण्डे **ऋण प्रवाह गर्ने शाखा : पाटन** **व्यक्तिगत जमानीकर्ता :** **निरञ्जन पाण्डे- जमानीकर्ता** (ना.प्र.नं.११६५६, मिति २०४८/०३/०७ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), बाबु : राम बहादुर पाण्डे, बाजे : केशर बहादुर पाण्डे	राम बहादुर पाण्डेको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय साँखु, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, डाँछी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं.२८१६(०-७-०-० रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय थली, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा
६.	**ऋणी : चन्दा किराना पसल (विविध कर्जा),** प्रा.फ.र.नं. : १०१११/०६१/६२ ठेगाना : बर्दगोरिया १, कैलाली, **ऋण प्रवाह गर्ने शाखा : धनगढी** **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१.ओम नारायण महतो-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.३६४०७२६, मिति २०५३/११/१६ मा जि.प्र.का.नवलपरासीबाट जारी भएको), बाबु : काशीराम महतो, बाजे : शिखाराम महतो **२.रुपा कुमारी चौधरी-जमानीकर्ता** (ना.प्र.नं. २४७७, मिति २०५२/१२/०१ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको), बाबु : हिरामणी चौधरी, पति : ओम नारायण महतो, ससुरा : काशीराम महता	ओम नारायण महतोको नाममा कैलाली जिल्ला मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, दादोधरा गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. १७३२(०-२-१९.७५ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धनगढी/सम्बन्धीत मालपोत नजिकको शाखा
७.	**ऋणीहरु : (क) एस.एस.ग्लास एण्ड यु.पि.भि.सी. सप्लायर्स (बैंक जमानत कर्जा)** दर्ता नं. : २५७६९९/०७७/०७८, ठेगाना : महालक्ष्मी १, ललितपुर **(ख) उमर खैयाम अंसारी र समा सिद्धिकी (विविध कर्जा)** **१. उमर खैयाम अंसारी** (ना.प्र.नं. १६०३२२६९५, मिति २०५३/०१/२५ मा जि.प्र.का.पर्सावाट जारी भएको), बाबु : मंजुर अंसारी, बाजे : रजाक अंसारी **२. समा सिद्धिकी** (ना.प्र.नं. ९४५६२, मिति २०५५/०४/०३ मा जि.प्र.का.ललितपुरबाट जारी भएको), पति : उमर खैयाम अंसारी , ससुरा : मंजुर अंसारी **ऋण प्रवाह गर्ने शाखा : ठैब** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१.उमर खैयाम अंसारी : ऐ.ऐ-जमानीकर्ता** **२.समा सिद्धिकी : ऐ.ऐ -शेयरधनी/जमानीकर्ता** **३.अमन अंसारी-जमानीकर्ता** (ना.प्र.नं. ३४-०१-७४-१६४८८, मिति २०७४/१२/२७ मा जि.प्र.का.पर्सावाट जारी भएको), बाबु : उमर खैयाम अंसारी, बाजे : मंजुर अंसारी	समा सिद्धिकीको नाममा ललितपुर जिल्ला मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला छम्पी गा.वि.स./न.पा. वडा नं.३(क) स्थित कि.नं. २५९(०-९-१-० रोपनी), कि.नं. २५८(०-९-२-० रोपनी) र कि.नं. ३२९(०-७-०-० रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पुर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय ठैब, ललितपुर/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगताार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सांविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन।

नोट :

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/-तिरी लिन सकिनेछ।

ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ११ माघ ०८२

पुँजी वृद्धिमा सरकारी बिमा कम्पनी निरीह

जीवनको पाँच अर्ब र निर्जीवनको दुई अर्ब ५० करोड न्यूनतम चुक्ता पुँजी हुनुपर्ने व्यवस्था, तर सरकारी स्वामित्वका जीवन बिमा कम्पनीको १८ करोड र निर्जीवनको २६ करोड ६६ लाख मात्रै पुँजी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नियामक निकाय नेपाल बिमा प्राधिकरणको निर्देशनमा निजी जीवन तथा निर्जीवन बिमा कम्पनीले न्यूनतम चुक्ता पुँजी कायम गरिरहँदा सरकारी स्वामित्वका दुई कम्पनी निरीह देखिएका छन्। जीवन बिमा कम्पनीको पाँच अर्ब र निर्जीवन बिमा कम्पनीको दुई अर्ब ५० करोड न्यूनतम चुक्ता पुँजी हुनुपर्ने व्यवस्था छ। तर, सरकारी स्वामित्वको राष्ट्रिय जीवन बिमा कम्पनीको १८ करोड १० लाख २० हजार र राष्ट्रिय बिमा कम्पनीको २६ करोड ६६ लाख ३९ हजार मात्रै चुक्ता पुँजी छ।

सरकारले विभिन्न समयमा चुक्ता पुँजी बढाउने म्याद थप गर्दै आएको छ। पछिल्लो सीमाको चुक्ता पुँजी कायम गर्नुपर्ने समय असार ०८१ मै सकिए पनि थप गरिएको छैन। हालसम्म धेरैजसो निजी स्वामित्वका कम्पनीले ढिलोचाँडो तोकिएको न्यूनतम चुक्ता पुँजी कायम गरेको देखिन्छ। तर, सरकारी स्वामित्वका कम्पनीले पुँजी बढाउन सकेका छैनन्। पहिला जीवन र निर्जीवन बिमा कम्पनीको चुक्ता पुँजी एक-एक करोड मात्रै थियो। पछि त्यो बढाएर १५-१५ करोड रुपैयाँ पुऱ्याइयो। त्यसलाई थप बढाएर जीवन बिमालाई ५० करोड र निर्जीवन बिमालाई २५ करोडको न्यूनतम सीमा तोकियो।

त्यसपछि चैत ०७३ मा तत्कालीन बिमा समितिले जीवन बिमाको दुई अर्ब र निर्जीवन बिमाको एक अर्ब न्यूनतम चुक्ता पुँजी हुनुपर्ने व्यवस्था गऱ्यो। पुनः ६ चैत ०७८ मा त्यो सीमा थप बढाएर जीवन बिमालाई पाँच अर्ब र निर्जीवन बिमालाई दुई अर्ब ५० करोड चुक्ता पुँजी हुनुपर्ने व्यवस्था गरियो।

आफ्नै छुट्टै ऐनमा २०२४ पुसमा स्थापना भएको राष्ट्रिय बिमा संस्थान मंसिर ०८० देखि रूपान्तरण भई 'राष्ट्रिय जीवन बिमा कम्पनी'का रूपमा सञ्चालित छ। आफ्नै ऐनमा सञ्चालित भएका कारण विगतमा संस्थानलाई पुँजी बढाउन कानुनी दबाब थिएन। यद्यपि, कम्पनीमा रूपान्तरण भएको एक वर्षभित्र न्यूनतम पुँजी पाँच अर्ब पुऱ्याउनुपर्ने सर्त थियो।

निर्जीवन बिमाको छुट्टै व्यवसाय गर्ने गरी संस्थानबाट छुट्टिएर जेठ ०७१ मा राष्ट्रिय बिमा कम्पनी स्थापना भएको थियो। त्यसबेला निर्जीवन बिमा कम्पनीको चुक्ता पुँजी २५ करोड थियो। आईपिओसहित सोहीअनुसारको पुँजी कायम गर्ने योजना थियो। त्यसपछि नियामक निकायले निर्जीवन बिमा कम्पनीका लागि चैत ०७३ मा एक अर्ब र चैत ०७८ मा दुई अर्ब ५० करोड न्यूनतम चुक्ता पुँजी पुऱ्याउने निर्णय गऱ्यो। तर, राष्ट्रिय बिमा कम्पनीले त्यो दुवै निर्देशनअनुसार पुँजी कायम गर्न सकेन। यो कम्पनीको अहिले २६ करोड ६६ लाख ३९ हजार मात्रै चुक्ता पुँजी छ।

पुँजी वृद्धिको योजना पेस गरेका छन्

● **साम्भराज लामिछाने**, निर्देशक, बिमा प्राधिकरण



दुवै कम्पनीले एक वर्षअघि नै पुँजी वृद्धिको योजना पेस गरेका छन्। सञ्चित नाफालाई पुँजीमा रूपान्तरण गर्ने र बाँकी रकम हकप्रद सेयरबाट पुऱ्याउने योजना थियो। हकप्रद सेयर भनेपछि सरकारले पनि पैसा थप गर्नुपर्छ, तर कार्यान्वयन भएको देखिएको छैन।

पुँजी वृद्धिमा ढिलाइ भएको छ

● **राजुरमण पौडेल**, पूर्वकार्यकारी निर्देशक, बिमा प्राधिकरण



सरकारी बिमा कम्पनीको पुँजी वृद्धिमा ढिलाइ भएको छ। समयमा लेखा परीक्षण नगर्नेलगायतका कारण पनि बोनस सेयरबाट पुँजी बढाउन सक्ने अवस्था भएन। सरकारले पनि पुँजी थप गर्नुपर्ने थियो, तर गरिदिएन। पछिल्लो समय सरकारी बिमा कम्पनीहरूले पुँजी वृद्धिका लागि काम गरेको देखिन्छ। तर, जति हुनुपर्ने हो, त्यति भएको छैन।

■ किन बढाउन सकेनन् पुँजी ?

जीवन र निर्जीवन बिमा व्यवसाय फरक-फरक कम्पनीबाट गर्ने गरी ०७१ मा संस्थान टुक्र्याइयो। तर, त्यसपछि पनि लामो समयसम्म राजनीतिक हस्तक्षेपका कारण पुँजी वृद्धि कठिन भएको कम्पनीका एक कर्मचारीले बताए। 'व्यवसाय बाँडफाँट गर्न कठिन भयो। सरकारी कम्पनी भएका कारण युनियन तथा राजनीतिक हस्तक्षेप भयो। संस्थागत सुशासन तथा वित्तीय अनुशासन पनि देखिएन। समयमा लेखा परीक्षण नगर्नेलगायतका समस्या देखियो। सरकारले पनि ठोस निर्णय गर्न सकेन। फलस्वरूप सरकारी बिमा कम्पनीको पुँजी वृद्धि अन्योलमा पऱ्यो,' उनले भने, 'यद्यपि, अहिले काम गर्न खोजेका छन्। नतिजा भने देखिएको छैन।'

प्राधिकरणका पूर्वकार्यकारी निर्देशक राजुरमण पौडेल सरकारी बिमा कम्पनीको पुँजी वृद्धिमा ढिलाइ भएको बताउँछन्। 'समयमा लेखा परीक्षण नगर्नेलगायतका कारण पनि बोनस सेयरबाट पुँजी बढाउन सक्ने अवस्था भएन। सरकारले पनि पुँजी थप गर्नुपर्ने थियो, तर गरिदिएन,' उनले भने, 'पछिल्लो समय सरकारी बिमा कम्पनीहरूले पुँजी वृद्धिका लागि काम गरेको देखिन्छ। तर, जति हुनुपर्ने हो, त्यति भएको छैन।'



पुँजी बढाउनका लागि मुख्यतः दुई विकल्प हुन्छन्। नाफाबाट बोनस सेयर दिएर वा हकप्रद सेयरमार्फत पनि पुँजी वृद्धि बढाउन सकिन्छ। तर, बिमा कम्पनीले लेखा परीक्षण गरेर नाफाबाट बोनस सेयर वितरण गर्न सकेका छैनन्। राष्ट्रिय बिमा कम्पनीले गत २९ असार ०८२ मा आव ०७६/७७ को साधारणसभा गरेको छ। त्यसपछिका आवको लेखा परीक्षण तथा साधारणसभा बाँकी नै छ।

राष्ट्रिय जीवन बिमा कम्पनीले भने गत ३ वैशाख ०८२ मा कम्पनीमा रूपान्तरण भएपछिको पहिलो साधारणसभा गरेको थियो। त्यसमा आव ०७३/७४ सम्मको लेखा परीक्षण प्रतिवेदन पारित भएको छ। त्यसपछि आवको लेखा परीक्षण तथा साधारणसभा हुन बाँकी छ। यसरी पूरै अवधिको लेखा परीक्षण तथा साधारणसभा गर्न नसक्दा कम्पनीले नाफाबाट पुँजी बढाउन सकेका छैनन्। यसैगरी सरकारले पनि पुँजी थप गर्ने गरी निर्णय गरेको छैन।

यी दुवै कम्पनीले सञ्चित नाफालाई पुँजीमा रूपान्तरण गर्ने र बाँकी हकप्रद सेयरबाट पुऱ्याउने भनेर पुँजी वृद्धिको योजना प्राधिकरणमा पेस गरेको प्राधिकरणका निर्देशक साम्भराज लामिछानेले बताए। 'दुवै कम्पनीले एक वर्षअघि नै पुँजी वृद्धिको योजना पेस गरेका हुन्। सञ्चित नाफालाई पुँजीमा रूपान्तरण गर्ने र बाँकी रकम हकप्रद सेयरबाट पुऱ्याउने योजना थियो। हकप्रद सेयर भनेपछि सरकारले पनि पैसा थप गर्नुपर्छ,' उनले भने, 'तर, कार्यान्वयन भएको देखिएको छैन।'

■ अहिले सरकारले नै रोकिदियो पुँजी वृद्धि

पुँजी वृद्धिमा ढिलाइ भइरहेको अवस्थामा सरकारले नै पुँजी वृद्धि रोकिदिएको छ। जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारले बजेट अभावको कारण देखाउँदै तत्काल सरकारी कम्पनीमा सेयर लगानी नगर्ने निर्णय गरेको छ, जुन निर्णय सरकारी कम्पनीमा पनि लागू हुन्छ। त्यसले गर्दा तत्काललाई सरकारी कम्पनीको पुँजी वृद्धि अन्योलमा परेको निर्देशक लामिछानेले बताए।

■ तीन निजीको चुक्ता पुँजी पुगेन

निजीतर्फ तीन निर्जीवन बिमा कम्पनीको पनि न्यूनतम चुक्ता पुँजी पुगेको छैन। प्राधिकरणको तथ्यांकअनुसार सानिमा जिआइसीको दुई अर्ब १५ करोड, प्रभु इन्स्योरेन्सको एक अर्ब ७० करोड र युनाइटेड अजोड इन्स्योरेन्सको दुई अर्ब ३१ करोड चुक्ता पुँजी छ। यी तीनवटै कम्पनीले हकप्रद सेयर जारी गर्न नेपाल धितोपत्र बोर्ड (सेबोन)मा निवेदन दिएका छन्। त्यो स्वीकृति भएर हकप्रद सेयर बिक्री गरेपछि तोकिएको पुँजी पुग्ने बताइएको छ। सानिमा जिआइसीले ३६ करोड ५५ लाख, प्रभुले ८३ करोड ५० लाख र युनाइटेड अजोडले २३ करोड १० लाख रुपैयाँबराबरको हकप्रद सेयर बिक्री गर्दै छन्।

■ सेबोनमा फाइल अड्किएपछि रोकिएको थियो कारबाही

सामान्यत समयमा पुँजी नपुऱ्याएको अवस्थामा प्राधिकरणले कुनै पनि व्यवसायमा रोक लगाउन सक्नेछ। तर, नेपाल धितोपत्र बोर्डमा हकप्रदको फाइल अड्किएपछि प्राधिकरणले कम्पनीमाथि कारबाही भने गरेन। पुँजी वृद्धिको नीति आएसँगै अधिकांश बिमा कम्पनी मर्जरमा गए। पहिला २० निर्जीवन र १९ जीवन बिमा कम्पनी थिए। अहिले त्यसमा १४-१४ वटा जीवन र निर्जीवन बिमा कम्पनी छन्। त्यसमा पुँजी नपुग्ने कम्पनीहरूले हकप्रद सेयर जारी गर्ने गरी सेबोनमा आवेदन दिएका थिए। तर, विभिन्न कारणले सेबोनको अध्यक्ष पद लामो समयसम्म रिक्त भएपछि हकप्रद सेयर निष्कासनको अनुमति जारी हुन सकेन। त्यसपछि प्राधिकरणले बिमा कम्पनीमाथि कारबाही रोकेको थियो। साथै, सोही कारण असार ०८१ पछि म्याद पनि थप नगरिएको निर्देशक लामिछानेले बताए।

व्यापारिक पूर्वाधार निर्माण गर्न नेपाल-चीनबिच समझदारी

किमाथांका नाकामा सडक, मितेरी पुल तथा रसुवाको टिमुरे, मुस्ताङको कोरला नाकामा सुक्खा बन्दरगाह निर्माणकार्यलाई निरन्तरता दिइने



नयाँ पत्रिका

नेपाल र चीनबिच व्यापार पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि समझदारी भएको छ। किमाथांका नाकामा सडक, मितेरी पुल र सुक्खा बन्दरगाह निर्माण गर्न, रसुवाको सुक्खा बन्दरगाह निर्माणलाई निरन्ता दिन र निर्माणधीन अन्य व्यापारिक पूर्वाधारलाई गति दिन दुई देशबिच समझदारी भएको हो।

नेपाल-चीन वाणिज्य सचिवस्तरीय बैठकमा दुई देशबिच यस्तो समझादारी भएको हो। 'नेपाल-चीन कोर्डिनेसन मेकानिजम अन बोर्डर ट्रेड एन्ड कोअपरेसन'को तेस्रो वाणिज्य सचिवस्तरीय बैठक ६-७ माघमा चीनको ल्हासामा सम्पन्न भएको थियो।

बैठकमा संखुवासभा जिल्लाको सीमानाका किमाथांकामा सडक, मितेरी पुल, नेपालको किमाथांका र चीनको सिजास्वायत्त क्षेत्र (छेन्ताङ)मा जोड्ने सडक र सुक्खा बन्दरगाह (आइसिडी) निर्माणका लागि नेपालले प्रस्ताव गरेको थियो। नेपालको प्रस्तावमा कूटनीतिक माध्यमबाट अगाडि बढाउन दुई पक्षबिच समझदारी भएको हो। त्यस्तै, रसुवा (जिलोङ)को टिमुरेस्थित सुक्खा बन्दरगाह निर्माणकार्यलाई निरन्तरता दिने, मुस्ताङको कोरला नाकाको दुवैतर्फ भन्सार प्रक्रिया सहज बनाउने र कोरला नाकामा सुक्खा बन्दरगाह निर्माण गर्ने प्रक्रियालाई तीव्रता दिने विषयमा समेत समझदारी भएको हो। हिल्सा-सिमिकोट सडक र रसुवा स्याफ्रुबेंसी सडक निर्माणकार्यमा नेपालको तर्फबाट सहजीकरण गर्ने तथा चीनको तर्फबाट निर्माणकार्यलाई तीव्रता दिने विषयमा समेत समझदारी भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

बैठकमा नेपालको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले गरेका थिए भने चीनको नेतृत्व सिजाङ जनसरकारका उपाध्यक्ष चाओ पेडले गरेका थिए। सन् २०२४ नोभेम्बरमा काठमाडौंमा सम्पन्न दोस्रो बैठकको निर्णय तथा सहमति कार्यान्वयनको प्रगति समीक्षा गरिएको थियो।

काठमाडौं-ल्हासा बस सेवा पुनः सञ्चालन हुने

नेपालको काठमाडौं र तिब्बतको राजधानी ल्हासाबिच सीधा बस सेवा पुनः सञ्चालन गरिने भएको छ। हालै सम्पन्न नेपाल-चीन वाणिज्य सचिवस्तरीय बैठकमा काठमाडौं-ल्हासा बस सेवा पुनः सञ्चालनका लागि सहमति भएको हो।

बैठकमा नेपाल-चीन उच्च प्रविधियुक्त कृषिपार्क निर्माण परियोजना अगाडि बढाउने सहमति भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ। त्यस्तै, दुवै पक्षले अथोराइज्ड इकोनोमिक अपरेटर (एइओ) प्रमाणीकरणको अवधारणा कार्यान्वयन तथा परम्परागत चिकित्सा क्षेत्रमा आपसी सहकार्य सुदृढ गर्ने विषयमा समेत सहमति भएको हो। बैठकमा चीनको जिलोङ र रसुवा जिल्लाको कुनै एक नगरपालिकाबिच भगिनी सम्बन्ध स्थापना गर्न चीनले प्रस्ताव गरेको थियो।

सुरुङमार्ग निर्माणदेखि भन्सार सहजीकरणमा छलफल

वाणिज्य सचिवस्तरीय बैठकमा दुवै पक्षबिच सन् १९८१ को व्यापार तथा भुक्तानी सम्झौताको समसामयिक संशोधनका विषयमा छलफल भएको थियो। त्यस्तै, व्यापारी, चालक र सहचालकका लागि सीमा प्रवेश पास सरलीकरण, टोखा-छहरे सुरुङ निर्माण प्रक्रियालाई तीव्रता, रासायनिक मल आयातका लागि कोटा निर्धारण, नेपाल अतिकम विकसित राष्ट्रबाट स्तरोन्नतिपश्चात् पनि चीनको शून्य भन्सार नीतिलाई निरन्तरता दिने विषय तथा विपत्का समयमा चिनियाँ पक्षले सवारीसाधन पुनर्मार्गीकरण (रिरुटिङ) सुविधा दिनेलगायत विषयमा समेत छलफल भएको मन्त्रालयले जनाएको छ।

त्यस्तै, भन्सार सहजीकरण र सीमा व्यवस्थापन सुधारका लागि दुवै पक्षले नेपाल-चीन सीमा यातायात सम्झौतालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी व्यापारको समय र लागत घटाउने विषयमा समेत छलफल भएको थियो।

निजी क्षेत्रको मनोबल बढाउन सुझाव

नयाँ पत्रिका

निजी क्षेत्रको मनोबल बढाउने काम गर्न अर्थविद्, नागरिक समाजका अगुवा तथा उद्योगी-व्यवसायीले सरकारलाई सुझाव दिएका छन्। जेन-जी आन्दोलनका क्रममा उद्योग-व्यवसायमाथि भएको आक्रमणबाट निजी क्षेत्र हतोत्साहित भएको भन्दै उनीहरूले आत्मविश्वास बढाउने काम गर्न सरकारलाई सुझाव दिएका हुन्।

विराटनगरमा शनिबार आयोजित 'निजी क्षेत्र : प्रश्न, पहिचान र प्रतिबद्धता' विषयक बृहत् अन्तर्क्रियामा राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपालले पछिल्लो समय निजी क्षेत्रको मनोबल गिरेको भन्दै त्यसलाई बढाउने गरी सबैले काम गर्नुपर्ने बताए। इन्सेकका पूर्वअध्यक्ष सुबोधराज प्याकुरेलले निजी क्षेत्रलाई जति थिचोमिचो गरे पनि हुन्छ भन्ने मनोवृत्ति विकास हुँदै गएकोप्रति चिन्ता व्यक्त गरे। उनले निजी क्षेत्र कमजोर नभई सशक्त, सक्षम र सबल भएको सन्देश प्रवाह गर्न आवश्यक रहेको औंल्याए। मिडिया एलायन्स नेपालका अध्यक्ष भास्करराज राजकर्णिकारले निजी क्षेत्र कमजोर हुँदा रोजगारी, समाज र राष्ट्र नै कमजोर हुने बताए।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष भवानी राणाले निजी क्षेत्रको आवाजलाई राज्यले गम्भीरतापूर्वक लिनुपर्नेमा जोड दिइन्। उनले निजी क्षेत्रप्रतिका गलत धारणालाई चिर्दै राज्य, निजी क्षेत्र र नागरिकबिच आपसी विश्वास पुनर्स्थापित गर्नुपर्ने बताइन्। राष्ट्रिय व्यावसायिक पहलका अध्यक्ष कुशकुमार जोशीले आर्थिक विकासको मेरुदण्डका रूपमा रहेको निजी क्षेत्र आजका दिनमा गहिरो पीडा, त्रास र अनिश्चितताको भुमरीमा फसेको उल्लेख गरे।

कार्यक्रममा उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले निजी क्षेत्रले दिगो, स्थिर र पूर्वानुमान गर्न सकिने नीतिको अपेक्षा गर्ने गरेको बताए। उद्योग संगठन मोरङका निवर्तमान अध्यक्ष राकेश सुरानाले अबका दिनमा राजनीतिक दलहरूले निजी क्षेत्रलाई निष्पक्ष, सुरक्षित र भरोसायोग्य वातावरण प्रदान गर्न प्रतिबद्धता जनाउन अत्यावश्यक रहेको औंल्याए। युवा उद्यमी तथा एनिटाइम वारका प्रबन्ध निर्देशक सिद्धि अधिकारीले अब बन्ने सरकारले दीर्घकालीन औद्योगिक नीति-निर्माण गरी विद्यमान कानुनहरूको सहज, पारदर्शी र प्रभावकारी कार्यान्वयन हुने वातावरण तयार पारे मात्रै लगानीमैत्री वातावरण सिर्जना हुने बताए। उद्योग संगठन मोरङ र राष्ट्रिय व्यावसायिक पहल तथा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको सहकार्यमा अन्तर्क्रिया आयोजना गरिएको थियो।

नेपाल सरकार, उद्योग विभागबाट इजाजत पत्र प्राप्त र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड
Palpa Cement Industries Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, नेपाल
उद्योग रहेको स्थान : सुनुवल, आदर्श ७, नवलपरासी
फोन नं. +९७७-७४१०१६८५/+९७७-७४१०१६८६, इमेल: info@rmcnepal.com वेभसाइट: www.tansencement.com

उद्योग प्रभावित क्षेत्र र खानी प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेडले आफ्नो जारी पूँजी रु. ३,७५,००,००,०००/- को २०% अर्थात् रु. ७५,००,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरको ७५,००,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये उद्योग प्रभावित क्षेत्र पश्चिम नवलपरासी (साविकको नवलपरासी जिल्ला), खानी रहेको क्षेत्र पाल्पा जिल्ला र रुपन्देही जिल्लाको देवदह नगरपालिकाको स्थानिय बासिन्दाहरुलाई जारी पूँजीको ५% अर्थात रु. १८,७५,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको १८,७५,००० साधारण शेयरहरुको मिति २०८२ पौष २५ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ माघ ११ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ माघ ११ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, संकलन केन्द्रहरु, नियमन निकायहरु तथा सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दछौं।

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता	दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने

नेटवर्थ सम्बन्धी विवरण:

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व. ०७९/८०	आ.व. ०८०/८१	आ.व. ०८१/८२	आ.व. ०८२/८३	आ.व. ०८३/८४	आ.व. ०८४/८५
प्रति शेयर नेटवर्थ रु.	१३०.१३	१३२.४५	१३५.७४	१३५.९६	१४४.२०	१५२.५६
प्रति शेयर नेटवर्थ रु. (पुर्नःमुल्यांकन कोष बाहेक)*	११४.०१	११६.३६	११९.६२	१२३.०६	१३१.३०	१३९.६६
प्रति शेयर आम्दानी रु.	१.३१	२.३४	३.२५	८.८०	८.१४	८.२६
जगेडा तथा कोषहरु (रु.हजारमा)	५०३,८४७	५७४,५५१	१,०७२,१९६	१,३४८,५३३	१,६५७,३८६	१,९७१,०७५

* लेखापरिक्षकद्वारा प्रमाणित नेटवर्थ सम्बन्धी विवरण।

आयोजनाको नाम	नेट प्रेजेन्ट भ्यालु (NPV)	इन्टरनल रेट अफ रिर्टन (IRR)	साधारण लगानी फिर्ता हुने अवधि	डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि
पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड	१,२९९.८७ करोड	१३.७८५	६ वर्ष ८ महिना	९ वर्ष १२ महिना

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड (Infomerics Credit Rating Nepal Ltd.) बानेश्वर हाईट, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२ जेष्ठ २ गते [IRN BB+ (Is) [Double B Plus (Issuer)] प्रमाणपत्र प्राप्त गरेको छ । जसले Moderate risk of default regarding timely servicing of financial obligations. Such issuers carry moderate credit risk भन्ने जनाउंदछ । इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN AAA (Is)" देखि "IRN D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड "IRN AAA (Is) ले बलियो आधार जनाउँछ भने IRN D (Is) ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यस सम्बन्धी विवरण पत्रको दफा ग.२२ (ठ) पृष्ठ ५५ उल्लेखि गरिएको छ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०२/०२ क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८३/०१/२९

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।

नोट: स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।

निष्काशन तथा बिक्री प्रबन्धक :

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोन: ४५११६०४, ४५११७३३
इमेल: info@nabilinvest.com.np, वेवसाइट: www.nabilinvest.com.np

HIMALAYAN BANK LIMITED.
SEALED BID NOTICE

((Date of publication 2026-01-25)

Himalayan Bank Limited (HBL), the "A" Class Commercial Bank invites Sealed Bid Quotation from VAT registered contractors/interior decorators for the interior construction of its branch office at Betrawati, Rasuwa.

Scope of Work:

- Civil & Architectural Works
- Furniture Works
- Electrical Works
- Sanitary Works
- Air Conditioning Works

Further details about nature of works, quantities and specifications are provided in the Tender Document.

Pre-Conditions:

- The interested firms/companies who have not previously work with Himalayan Bank Limited with satisfactory track record must have constructed at least five branches of National level "A" class Commercial Banks.
- Bidder shall be a single bidder; Joint Venture is not allowed.
- Bidding company has to perform the job and Sub-Contracting of the job is not allowed.
- The firm must submit the following documents:
  1. Company profile showing experiences in the related field.
  2. Firm/Company registration certificate.
  3. Copy of experience certificate with contract amount.
  4. Latest Tax Clearance Certificate.
  5. Latest CICL Report of the Company.
  6. Latest three years audited financial statement.
- A copy of Tender documents can be obtained from the General Administration Department, Corporate office, Kamaladi after submission of written application in company's letter head and deposit slip of Rs. 5,000/- (non-refundable) deposited in IDT Account at any nearest HBL Branches.
- Tender Security equivalent to a minimum of 2.5% of the tender amount must be furnished at the time of submission of proposals. The tender security shall, at the bidder's option, be in the form of cash deposited in IDT account of HBL or a bid bond issued by "A" Class Commercial Bank with validity of 60 days.
- The successful bidder will be required to submit a "Performance Bond" for the amount equivalent to 10% of the contract amount issued by "A" Class Commercial Bank with a validity of 180 days.
- **The successful bidder must complete the job within 30 days from the date of job order issued, no time extension shall be given.**
- Interested bidders must submit all the documents outlined in the tender document and failing to do so may result in the rejection of the tender.
- **Submission Deadline:** February 01, 2026 (Magh 18, 2082) within office hours.
- (Note: In case of public holiday, the submission deadline will be the next working day)
- The Bank reserves the right to accept or reject the bid fully or partially without assigning any reasons whatsoever.

HBL Himalayan Bank Ltd.

General Administration Department
Himalayan Bank Limited
Corporate Office, Kamaladi, Kathmandu
Phone: 01-5971346

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमश: १६९.३० र २४२९.६७ (व.मी) को जग्गा ।
२.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमश:०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा।
३.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा ।
४.	रुपन्देही जिल्ला, मधवनी गा.वि.स वडा नं. ७ (हाल रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११२२ क्षेत्रफल ०-०-१४.७५-० (विगाह) को घरजग्गा र कित्ता नं. १३१० को क्षेत्रफल ०-१-१०.७५-० (विगाह) को जग्गा ।
५.	काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा ।
६.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ को क्षेत्रफल ०-६-१०-० (विगाह) को जग्गा ।
७.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/ब (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६८ र १७२ को क्षेत्रफल १-१२-१-० र १-८-३-० (रोपनी) को जग्गा ।
८.	रुपन्देही जिल्ला, मधवलिया न.पा. वडा नं. ७/क (हाल तिलोत्तमा न.पा. वडा नं. १६) स्थित कित्ता नं. १५२ को क्षेत्रफल ०-१-७-० (विगाह) को घरजग्गा ।
९.	बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ८/ख (हाल निजगढ न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२०१ को क्षेत्रफल ०-२-५-८ (विगाह) को जग्गा ।
१०.	जुम्ला जिल्ला, हाकु गा.वि.स वडा नं. ४ ख स्थित कित्ता नं. ११६ को क्षेत्रफल १७५० ब.मि. को घर/जग्गा ।
११.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. ११८ को क्षेत्रफल ३४६.३५ (व.मि) को घरजग्गा ।
१२.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
१३.	तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४ स्थित कित्ता नं. ४३२ को क्षेत्रफल ०-३-३-२ (रोपनी) को घरजग्गा ।
१४.	ललितपुर जिल्ला, विष्टछाप गा.वि.स. वडा नं.८/८(ख) (हाल गोदावरी न.पा. वडा नं.२) स्थित कित्ता नं. २२० को क्षेत्रफल ०-८-१-० (रोपनी) को जग्गा ।
१५.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं २ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. १३७ को क्षेत्रफल ०-१-२.५-० (विगाह) को घरजग्गा ।
१६.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं ३ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. ४६ को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा ।
१७.	पर्सा जिल्ला, मजडिया पिप्रा गा.वि.स. वडा नं. ५ गा (हाल वीरगंज उ.म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ५१ को क्षेत्रफल ०-०-१० (विगाह) को घर/जग्गा ।
१८.	सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ४ ख (हाल धनगढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. ६०८, ८७३, ९४८ र ९४९ को क्षेत्रफल क्रमश: ०-१-१५-०, ०-५-०-०, ०-६-०-० र ०-१-१८-० (विगाह) को जग्गा ।
१९.	चितवन जिल्ला, वीरेन्द्रनगर गा.वि.स. वडा नं. ७ ख (हाल राप्ती न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७६० को क्षेत्रफल ०-१-१६.७५-० (विगाह) को जग्गा ।
२०.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. १) स्थित कित्ता नं. १०५ को क्षेत्रफल १५६.६ (व.मी.)को घरजग्गा ।
२१.	महोत्तरी जिल्ला वहादुरगंज उ.म.न.पा./गा.वि.स. वडा नं. ६क हाल महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ०८ स्थित कित्ता नं. १३५ को क्षेत्रफल ०-१६-९-० (विगाह) को जग्गा ।
२२.	कपिलवस्तु जिल्ला, गजेडहा गा.वि.स. वडा नं. ५ (हाल बाणगंगा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९८ को क्षेत्रफल ५००.२५ (व.मि) को घरजग्गा ।
२३.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १७७३ को क्षेत्रफल ०-०-१५.२५ (विगाहा) को घरजग्गा ।
२४.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १६०६, १६०३ र १४७४ को क्षेत्रफल क्रमश: ०-०-१०, ०-०-१२.५ र ०-१-० (विगाह)को घरजग्गा ।
२५.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा न.पा. वडा न. ३२) स्थित कित्ता नं. ६४८३ र ८७१४ को क्षेत्रफल क्रमश: ०-२-०-२ र ०-४-३-३ (रोपनी) को घरजग्गा ।
२६.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ४४१३ को क्षेत्रफल ०-३-२-० (विगाहा) को जग्गा ।
२७.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १८३५ को क्षेत्रफल ०-८-४-० (विगाहा) को जग्गा ।
२८.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३२ को क्षेत्रफल ०-५-१०-० (विगाह) जग्गा ।
२९.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३४ को क्षेत्रफल ०-१-८.७५-० (विगाह) जग्गा ।
३०.	नवलपरासी (ब.सु.पु), जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३५ को क्षेत्रफल ०-१-१९.७५-० (विगाह) जग्गा ।
३१.	रौतहट जिल्ला, मर्यादिपुर गा.वि.स. वडा नं. २ (हाल मौलापुर न.पा. वडा नं. १) स्थित कित्ता नं. ४३६ र ४३८ को क्षेत्रफल क्रमश: ०-१-८-० र ०-१-१२-० (विगाह) को जग्गा ।
३२.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ११५७ को क्षेत्रफल ००२६६.६५ (व.मि) को घरजग्गा ।
३३.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९१० र ९११ को क्षेत्रफल क्रमश : ०-५-१५ र ०-५-१५ (विगाहा) को जग्गा ।
३४.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १२४९ को क्षेत्रफल ०-४-१४ (विगाहा) को जग्गा ।
३५.	सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९ ख स्थित कित्ता नं. ४४५८ र ३५२० को क्षेत्रफल क्रमश: ०-०-१-५ र ०-०-५-० (विगाह) को घरजग्गा ।
३६.	पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ग स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
३७.	झापा जिल्ला, हल्दिबारी गा.पा. वडा नं. २ख स्थित कित्ता नं. ३६६४ को क्षेत्रफल ०-१२-१२-० (बिगाह) को जग्गा ।
३८.	सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. ३ग स्थित कित्ता नं. ३२१ को क्षेत्रफल ०-४-० (विगाह) को जग्गा ।
३९.	धनुषा जिल्ला, बेंगा डावर गा.वि.स. वडा नं. ८क स्थित कित्ता नं. ४३२ र ४३४ को क्षेत्रफल क्रमश: ०-१-१७-० र ०-२-०-० (विगाह) को जग्गा ।
४०.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ६/६ क (हाल खैरहनी न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८४८, ८४९, ८५२, ९२६ र ९२७ को क्षेत्रफल क्रमश: ०-४-१९.५-०, ०-०-३-०, ०-०-६.५-०, ०-५-०.५-० र ०-१-५.५-० (विगाह) को जग्गा ।
४१.	भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमश: २५४.३२ र ३२५.८५ (व.मि) को जग्गा ।
४२.	रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. २ क (हाल तिलोत्तमा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४०२४ र ४०३० को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-५-० को घरजग्गा ।
४३.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०-०-१२.५, ०-०-१२.५, ०-०-२.२५ र ०-०-२.२५ (विगाह) को घरजग्गा ।
४४.	चितवन जिल्ला, गुन्जनगर गा.वि.स. वडा नं. ८ (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३३१ र ३३८ को क्षेत्रफल क्रमश: ३३८.६३ र ५०७.९४ (व.मि) को जग्गा ।
४५.	चितवन जिल्ला, गुन्जनगर गा.वि.स. वडा नं. ८ ग (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३५६ को क्षेत्रफल २७०.४७ (व.मि) को जग्गा ।
४६.	तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. ३३८ को १-११-१-१ (रोपनी) को घरजग्गा ।
४७.	धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५/क (हाल मिथिला न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६५ को क्षेत्रफल ०-१-४-० (विगाह) को जग्गा ।
४८.	मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. २६४३ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
४९.	सर्लाही जिल्ला, सिसौटिया गा.वि.स. वडा नं. ५ (हाल गोडैता गा.वि.स. वडा नं. १०) स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-४-४-० (विगाह) को घर/जग्गा ।
५०.	सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १ (हाल गोलबजार न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७७२ र ३१२० क्षेत्रफल क्रमश: ४२.३३ र २११.६३ (व.मि) को घरजग्गा ।
५१.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ५ क (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. ८५ र ८६ को क्षेत्रफल क्रमश: ०-५-१४-० र ०-६-६-२ (विगाह) को जग्गा ।
५२.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ४ ख (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२४० को क्षेत्रफल ०-१८-३-० (विगाह) को जग्गा ।
५३.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५७९ को क्षेत्रफल १-०-०-० (विगाहा) को जग्गा ।
५४.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. २/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-११-० (विगाहा) को जग्गा ।
५५.	धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८१ को क्षेत्रफल ०-९-२-१२ (विगाहा) को जग्गा ।
५६.	धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८२ को क्षेत्रफल ०-७-९-० (विगाहा) को जग्गा ।
५७.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. १ (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ७०० को क्षेत्रफल ०-०-१५-८ (विगाहा) को जग्गा ।
५८.	रौतहट जिल्ला, पिप्रा भवानीपुर गा.वि.स. वडा नं. १ (हाल राजपुर न.पा. वडा नं. १) स्थित कित्ता नं. ७०५ को क्षेत्रफल ०-४-१३-८ (विगाह) को जग्गा ।
५९.	पर्सा जिल्ला, सिसिर्या ख.टो. गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. १०६ र ६७२ को क्षेत्रफल क्रमश: ३२५.०० र ४६.६६ (व.मि) को जग्गा ।
६०.	तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५ (हाल भानु न.पा. वडा नं. १) स्थित कित्ता नं. १४४२ को क्षेत्रफल ५३४.५७ (व.मि) को घरजग्गा ।
६१.	सुनसरी जिल्ला, हांसपोसा गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. ३६८१ वो क्षेत्रफल ०-०-१०.५०-० (विगाह) को घरजग्गा ।
६२.	रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. १ (हाल बौधीमाई न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६४५ र ६४७ को क्षेत्रफल क्रमश: ०-१-१५-० र ०-०-५-० (विगाह) को जग्गा ।
६३.	बैतडी जिल्ला, पाटन गा.वि.स. वडा नं. ९ (हाल पाटन न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७१ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा ।
६४.	रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. १ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१४ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
६५.	रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. २ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७६४ को क्षेत्रफल ०-०-७-८ (विगाह) को घरजग्गा ।
६६.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०६ (हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४०१ को क्षेत्रफल ०-८-५-० (विगाह) को जग्गा ।
६७.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०८ (हेटौंडा उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. १९९५ को क्षेत्रफल ०-३-०-० (विगाह) को जग्गा ।
६८.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०६ (हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं.८२५ को क्षेत्रफल ०-३-९.५-० (विगाह) को घरजग्गा ।
६९.	नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५-० (विगाह) को जग्गा ।
७०.	नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ६५३ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा ।
७१.	रौतहट जिल्ला, पुरेनवा गा.वि.स वडा नं. ९ (हाल गौर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८६५, ९२८, १२०६, १२०८, १२०४ र १०४७ को क्षेत्रफल क्रमश: ०-०-१०-०, ०-०-९-०, ०-०-२-८, ०-०-१-८, ०-०-३-८ र ०-१-०-० (विगाह) को घर/जग्गा ।
७२.	भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. ४ क (हाल चाँगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. २२७ को क्षेत्रफल १-२-३-० (रोपनी) को जग्गा ।
७३.	काठमाण्डौ जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ७ क (हाल तारकेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ६३७ को क्षेत्रफल १-६-२-२ (रोपनी) को जग्गा ।
७४.	पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स. वडा नं. २ ग (हाल विन्दवासिनी गा.पा. वडा नं. २) स्थित कित्ता नं. ७३७ को क्षेत्रफल ०-०-१७-४ (विगाह) को घरजग्गा ।
७५.	धनुषा जिल्ला, तेजनगर गा.वि.स. वडा नं. १ क (हाल धनुषाधाम न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३८४०, ३८४१, ३८४२, ४०४७, १३३९, ६५२ र ३३६० को क्षेत्रफल क्रमश: ०-०-४-६.५, ०-०-१८-९.५, ०-०-१२-०, ०-०-१८-०, ०-०-१३-९, ०-०-११-८ र ०-०-३-० (विगाह) को घर/जग्गा ।
७६.	धनुषा जिल्ला, तेजनगर गा.वि.स. वडा नं. १ क (हाल धनुषाधाम न.पा. वडा नं. ३) स्थित कित्ता नं. १३१५ को क्षेत्रफल ०-०-८-० (विगाह) को घरजग्गा ।
७७.	रौतहट जिल्ला, कनकपुर गा.वि.स. वडा नं. १ (हाल गुजरा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १११७ र १११९ को क्षेत्रफल क्रमश: ०-१-०-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
७८.	तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. ४ ग (हाल बन्दिपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २७६ को क्षेत्रफल ०-४-१-२ (रोपनी) को घरजग्गा ।
७९.	तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १९१२ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा ।
८०.	तनहुँ जिल्ला, साभुङ भगवतीपुर गा.वि.स. वडा नं. ४ झ स्थित कित्ता नं. ८१६, ८७०, ८२०, ८४३ र ८२३ को क्षेत्रफल क्रमश: ३९७.४५, १५३.०२, २७०.२७, १८६.८० र ६९७.५३ (व.मी) को जग्गा ।
८१.	कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ७ स्थित कित्ता नं. २०३, ३६ र १७५ को क्षेत्रफल क्रमश: १११६.७४, २६८० र २६८० (व.मी) को जग्गा ।
८२.	नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ८/क (हाल सुनवल न.पा. वडा नं. ९) स्थित ६२३ र ६२४ को क्षेत्रफल क्रमश: २३९.१२ र १३५.४३ (व.मी) को घरजग्गा ।
८३.	झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. ६ (हाल मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६२ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा ।
८४.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
८५.	सिरहा जिल्ला, भदैया गा.वि.स. वडा नं. ६ (हाल लहान न.पा. वडा नं. १८) स्थित कित्ता नं. ८४६ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
८६.	रुपन्देही जिल्ला, पटखौली गा.वि.स. वडा नं. ६ (हाल ओमसतिया गा.पा. वडा नं. ५) स्थित कित्ता नं. १२५९ को क्षेत्रफल १-५-१२-० (विगाह) को जग्गा ।
८७.	चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. २ ग स्थित कित्ता नं. २०४० को क्षेत्रफल ६४०.६७ (व.मि) को घरजग्गा ।
८८.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ स्थित कित्ता नं. ७९ को क्षेत्रफल १९५.१० (व.मि) को घरजग्गा ।
८९.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ३ (हाल वीरगंज म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५९४ को क्षेत्रफल १६९.३० (व.मी.) को घर जग्गा ।
९०.	पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागढी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।
९१.	भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा. वडा नं. ७ (हाल मध्यपुर थिमि न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११७ र ११८ को क्षेत्रफल १७६.८८ र १७६. ८८ (व.मि) को जग्गा ।
९२.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७ क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ र ७३१ को क्षेत्रफल क्रमश: ०-६-१०-० र ०-३-१-० (विगाह) को जग्गा ।
९३.	रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं. ७/क (हाल माधव नारायण न.पा. वडा नं. ३) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१२-२-८ (विगाह) को जग्गा ।
९४.	सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ९/क (हाल कर्जन्हा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ५४० को क्षेत्रफल ०-०-१०-० (विगाह) को घरजग्गा ।
९५.	रुपन्देही जिल्ला, आ.अमुवा गा.वि.स. वडा नं. ६ क (हाल शियारी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ८६४ को क्षेत्रफल १०१.५९ (व.मी) को घरजग्गा ।
९६.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. १० (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. २७०१ को क्षेत्रफल ०-१-८.५-० (विगाहा) को घरजग्गा ।
९७.	रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमश: ०-०-२.२५-० र ०-०-१२.७५-० (विगाह)को जग्गा ।
९८.	झापा जिल्ला, दमक न.पा. वडा नं. १० स्थित कित्ता नं. १४४ को क्षेत्रफल २६८.५५ (व.मि) को घर/जग्गा ।
९९.	झापा जिल्ला, तोपगाछी गा.वि.स. वडा नं. ४ क (हाल कमल गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ५६८३, ११५, ११६, ११७, ३८४, ३८६, ३८८ र ५०४ को क्षेत्रफल क्रमश: ५४१.८२, २४५४.७३, ३६७३.६३, २३७०.०८, २०३१.५०, २७०८.६७, २०३१.५० र ११००३.९५ (व.मि) को जग्गा ।
१००.	बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ६/ख (हाल निजगढ न.पा. वडा नं. ७) स्थित कित्ता नं. १८३३ को क्षेत्रफल ०-२-५-० (विगाह) को जग्गा ।
१०१.	सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ७ क (हाल बीरेन्द्रनगर न.पा. वडा नं. १७) स्थित कित्ता नं. १७४२ को क्षेत्रफल ०-०-१९-० (विगाह) को घरजग्गा ।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

एनसेल 'टाइगर कप'को मुख्य प्रायोजक

काठमाडौं/ छैटौं टाइगर कप भलिबल प्रतियोगिता-२०८२ मा एनसेल मुख्य प्रायोजक बनेको छ। शुक्रबारदेखि पोखरामा सुरु भएको टाइगर कपमा एनसेल मुख्य प्रायोजक बनेको हो। गत वर्ष पनि एनसेल यो प्रतियोगिताको मुख्य प्रायोजक रहेको थियो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीलाई आफ्नो प्रतिभा देखाउने मञ्च प्रदान गरेको यो प्रतियोगिता १७ माघसम्म पोखरा रंगशालामा सञ्चालन हुनेछ।

'टाइगर कपसँगको यो सहकार्यले खेलकुद र युवा सशक्तीकरणप्रति एनसेलको गहिरो प्रतिबद्धता झल्काउँछ। यो प्रतियोगिताले नेपालको प्रिय खेल भलिबलको प्रवर्द्धनमा अर्थपूर्ण योगदान पुर्‍याउनुका साथै राष्ट्रिय



प्रतिभा विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछौं,' एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपांग दत्ताले भने। छैटौं टाइगर कप भलिबल प्रतियोगितामा महिलातर्फ पाँच र पुरुषतर्फ ६ टोली गरी कुल ११ टोलीले प्रतिस्पर्धा गर्दै छन्। महिलातर्फ विभागीय टोली नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, टिप टप न्यु डायमन्ड युथ स्पोर्टस् क्लब र थाइल्यान्ड क्विन्स गरी पाँच टोली सहभागी छन्। पुरुषतर्फ भने गण्डकी प्रदेश भलिबल संघ पोखरा, नेपाल पुलिस क्लब, नेपाल आर्मी क्लब, नेपाल एपिएफ क्लब, पर्वत जिल्ला भलिबल संघ र माल्दिभ्स रहेका छन्। यो प्रतियोगितामा विजेता हुने दुवै महिला र पुरुषतर्फका टोलीले आयोजकबाट समान प्रथम पुरस्कार ६ लाख ६६ हजार ६ सय ६६, दोस्रो पुरस्कार तीन लाख ६६ हजार ६ सय ६६ र तृतीय पुरस्कार दुई लाख ६ हजार ६ सय ६६ पाउनेछन्।

एमडिआरटी छनोट अभिकर्तालाई प्रभु महालक्ष्मीको सम्मान



काठमाडौं/ प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले वित्तीय परामर्शदाताको अन्तर्राष्ट्रिय फोरम एमडिआरटी २०२६ का लागि छनोट भएका अभिकर्तालाई सम्मान गरेको छ। रुपन्देहीमा चलेको तीनदिने कार्यक्रममा कम्पनीले अभिकर्तालाई सम्मान गरेको हो। कार्यक्रमको उद्घाटन कम्पनीका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले गरेका थिए। सिइओ प्रसाईंले उत्कृष्ट कार्यले नै सम्मानका लागि मार्ग तयार हुने बताए। साथै, एमडिआरटीजस्तो अन्तर्राष्ट्रिय फोरममा छनोट हुनु आफैँमा गौरव भएकाले अभिकर्तालाई बधाई पनि दिए।

त्यस्तै, नायब महाप्रबन्धक एवं नेसनल सेल्स हेड सोनबहादुर मगरले एमडिआरटीमा छनोट हुनु अभिकर्ता पेसाले दिएको मानसम्मानको एक उत्कृष्ट उदाहरण भएको बताए। अन्तर्राष्ट्रिय ट्रेनर अमित शर्माले व्यावसायिक बिक्री कलाको क्षमता अभिवृद्धिसम्बन्धी तालिम प्रदान गरेका थिए।

कृषि विकास बैंकले मनायो वार्षिकोत्सव

काठमाडौं/ कृषि विकास बैंक लिमिटेडले ५९औं वार्षिकोत्सव विविध कार्यक्रम गरी मनाएको छ। वार्षिकोत्सव कार्यक्रममा बैंकका अध्यक्ष डिमप्रकाश पौडेलले बैंकिङ क्षेत्रमा आएको तीव्र परिवर्तनसँगै अघि बढ्न नयाँ प्रविधि तथा आधुनिक प्रशासनिक र बैंकिङ प्रणालीमा अभ्यस्त हुनुपर्ने आवश्यकता औँल्याए। हिजो र आजको बैंकिङ प्रणालीमा आमूल परिवर्तन आएको उल्लेख गर्दै यस बैंकले ती परिवर्तनलाई धेरै हदसम्म आत्मसात् गर्दै आएको उनको भनाइ थियो।

त्यस्तै, प्रमुख कार्यकारी अधिकृत (सिइओ) गोविन्द गुरुङले बैंकले कृषि कर्जालाई पहिलो प्राथमिकतामा राख्दै ग्रामीण भेगमा बैंकिङ पहुँच विस्तारमा विशेष ध्यान दिएको बताए। आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने उत्पादनमूलक क्षेत्रहरूमा कर्जा विस्तारलाई प्राथमिकतामा राखिएको उनको भनाइ छ।

वार्षिकोत्सवका अवसरमा बैंकले साना किसानलाई लक्षित गरी तयार



गरिएको 'वान मिनेट बिजनेस प्लान' सफ्टवेयर तथा केन्द्रीय कार्यालयमा शिशु स्याहार केन्द्रको औपचारिक सुरुवातसमेत गरेको छ। बैंकका अनुसार आर्थिक वर्ष ०८२/८३ मा समग्र कर्जा वृद्धि लक्ष्यको ५० प्रतिशत कर्जा कृषि क्षेत्रमा नै लगानी गरिएको छ।

एनआइसी र सूर्यज्योतिबिच निःशुल्क क्रेडिट कार्ड सम्झौता



काठमाडौं/ एनआइसी एसिया बैंक र सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीबिच लाइफटाइम निःशुल्क क्रेडिट कार्ड सेवा प्रदान गर्नेसम्बन्धी समझदारी भएको छ। समझदारीपत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुजित कुमार शाक्य र सूर्यज्योतिका सिइओ प्रकाशविक्रम खत्रीले हस्ताक्षर गरेका हुन्। यो सहयकार्यबाट सूर्यज्योतिका बिमित तथा अभिकर्ताले वार्षिक शुल्कबिना क्रेडिट कार्ड प्राप्त गर्नेछन्।

ग्राहकलाई परिष्कृत र सुलभ बैंकिङ सेवा प्रदान गर्न बैंकले सूर्यज्योति लाइफसँग सहकार्य गरिएको जनाएको छ। क्रेडिट कार्डका माध्यमबाट डिजिटल अर्थतन्त्रमा थप लाभ पुग्ने बैंकले विश्वास लिएको छ।

सिद्धार्थ बैंकका ग्राहकलाई आइएमई हस्पिटालिटी ग्रुपमा १० प्रतिशतसम्म छुट



काठमाडौं/ सिद्धार्थ बैंक र आइएमई हस्पिटालिटी ग्रुपबिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार लाजिम्पाटस्थित होटेल हिमालय तथा साके एन्ड फेङ रेस्टुरेन्ट, हर्कपुरमा बैंकका ग्राहकले १० प्रतिशतसम्म छुट पाउनेछन्।

यो छुट बागलुङस्थित इला कम्फर्ट, मौलाकालीस्थित इला रिसोर्टस्, मौलाकाली केबलकार, लुम्बिनी केबलकार र पोखरास्थित द लेक रिट्रिटम पनि लागू हुने बताइएको छ। छुट प्राप्त गर्न ग्राहकले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ। यस सम्झौताले ग्राहकलाई नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

टिसिएलको वर्ल्डकप योजनाको विजेता सार्वजनिक

काठमाडौं/ इलेक्ट्रोनिक्स ब्रान्ड टिसिएलले भारतको मुम्बईस्थित वानखेडे स्टेडियमा हुने आइसिसी टी-२० विश्वकपलक्षित उपहार योजनाअन्तर्गत तेस्रो चरणको विजेता सार्वजनिक गरेको छ। कम्पनीका अनुसार तेस्रो चरणको विजेता प्रीति ओली बनेकी छिन्।

उनले तुलसीपुरस्थित गौरव सप्लायर्सबाट टिसिएलको वासिङ मेसिन खरिद गरी 'नेपालको सान,



मुम्बईको मैदान' अभियानमा सहभागी भएकी थिइन्।

यस योजनाकी विजेता ओलीले चार रात पाँच दिनको मुम्बई यात्रासहित वानखेडे स्टेडियमा नेपाली राष्ट्रिय क्रिकेट टोलीको खेल प्रत्यक्ष हेर्न पाउनेछन्। साथै, यात्रामा हवाई टिकट, होटेल बसाइ, म्याच टिकट तथा अन्य आवश्यक खर्च कम्पनीले नै व्यहोर्ने बताइएको छ। कम्पनीका अनुसार योजनासँगै उपभोक्ताका लागि आकर्षक अफर पनि उपलब्ध गराइएको छ।

जसमा ग्राहकले एयर कन्डिसनर खरिद गर्दा निःशुल्क जडान तथा ४३ इन्च वा सोभन्दा माथिका टिसिएल टिभी खरिदमा नेटटिभीको नौ महिनाको निःशुल्क सब्स्क्रिप्सन प्राप्त गर्न सक्नेछन्। यो तेस्रो चरण मात्र भएको र योजना अझै पनि जारी रहेको बताइएको छ।

■ महिला टी-२० विश्वकप ग्लोबल छनोट

टेस्ट राष्ट्र जिम्बावेलाई हराउँदा नेपालको सम्भावना कायमै

टेस्ट राष्ट्रविरुद्धको पहिलो खेलमै ६ विकेटको जित निकालेपछि इंग्ल्यान्ड र वेल्समा आयोजना हुने विश्वकप खेल्ने नेपालको सम्भावना जीवितै

रमेश सुवेदी/नयाँ पत्रिका

टेस्ट राष्ट्र जिम्बावेलाई पहिलो भेटमै ६ विकेटले हराउँदै नेपालले आइसिसी टी-२० ग्लोबल छनोटको सुपर सिक्स सम्भावना कायम राखेको छ। शनिबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा टस हारेर ब्याटिङ गरेको जिम्बावेले २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ३० रनको लक्ष्य दिएको थियो।

प्रत्युत्तरमा नेपालले १९.३ ओभरमा ४ विकेट गुमाउँदै पहिलो जित निकाल्यो। यो प्रतियोगितामा नेपालले पहिलो जित निकाल्दै दुई अंक जोडेको छ। नेपालले अहिलेसम्म खेलेको यो नै सबैभन्दा ठुलो प्रतियोगिता हो। यत्तिको ठुलो प्रतियोगितामा पनि नेपालले पहिलो जित निकालेको छ।

यसअघि नेपाल थाइल्यान्डसँग आठ विकेट तथा नेदरल्यान्ड्ससँग दुई रनले पराजित भएको थियो। यता, जिम्बावे प्रतियोगिताबाट बाहिरिसकेको छ। पछिल्ला चारै खेलमा हार व्यहोरेको जिम्बावे अंकविहीन छ। समूह 'बी'बाट नेदरल्यान्ड्सले सुपर सिक्समा स्थान बनाइसकेको छ। यो समूहमा स्कटल्यान्ड र थाइल्यान्डले पनि दुई जित निकालेका छन्। स्कटल्यान्डले शनिबार नै थाइल्यान्डलाई पाँच विकेटले हराउँदै आफ्नो पनि सम्भावना बलियो बनाएको छ। अब, अन्तिम खेलमा नेपाल र स्कटल्यान्ड सोमबार भिड्नेछन्। जुन खेलसँगै समूहमा तेस्रो हुने टोलीको टुंगो लाग्नेछ।

पहिलोपटक नेपालमा आयोजना भएको ग्लोबल छनोटमा १० टिम सहभागी छन्। हरेक समूहमा समान पाँच टिम छन्। समूहका शीर्ष तीन टिम सुपर ६ मा सहभागी हुनेछन्। सुपर ६ का चार टिम सेमिफाइनलमा प्रवेश गर्नेछन्। समूह 'ए'मा बंगलादेशले सबै चार खेल नै जितेको छ। आयरल्यान्डले दुई खेल जित्दा अमेरिका र पिएनजीले समान एक खेल जितेका छन्। नामिबिया भने सबै तीन खेलमै पराजित भएको छ। सेमिफाइनलमा प्रवेश गरेका चार टिम नै पाँच महिनापछि वेल्स र इंग्ल्यान्डमा आयोजना हुने महिला विश्वकपमा स्थान बनाउनेछन्। विश्वकपमा यहाँबाट छनोट हुने चार गरी कुल १२ टिम सहभागी हुनेछन्।

पूजाको सानदार प्रदर्शन

नेपालका लागि उपकप्तान पूजा महतोले अर्धशतक बनाइन्। उनले ५० बलमा चार चौका र दुई छक्कासहित सर्वाधिक अविजित ५२ रन बनाइन्। पूजाले चौका हान्दै नेपाललाई जित दिलाएकी थिइन्। कप्तान इन्दु बर्माले २३ बलमा दुई चौका र एक छक्कासहित २२ रन बनाइन्। ओपनर विन्दु रावलले १७ बलमा दुई चौकासहित १५ रनको योगदान गरिन्। सीता रानामगरले ११ रन जोड्दा हर्ट भइन्। नेपालका लागि इन्दु र पूजाले तेस्रो विकेटका लागि ३८ बलमा ३५ रनको साझेदारी गरेका थिए। यसअघि पहिलो विकेटका लागि विन्दु र सम्झना खड्काले २८ रनको साझेदारी गरेका थिए।

यसअघि ओपनर सम्झना खड्का नौ, कविता जोशी एक रन बनाएर आउट भएका थिए। यसअघि जिम्बावेका लागि ब्याटर केली एन्डलोभुको अविजित ५२ रन बनाइन्। चौथो नम्बर क्रिजमा आएकी एन्डलोभुले ३६ बलमा आठ चौका हिर्काएकी थिइन्। त्यस्तै, ओपनर विलोभ्ड बिजाले ३५ बलमा चार चौकासहित ३४ र मोडेस्टर मुपाचिक्वाले १४ रनको योगदान गरे। अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। नेपालका लागि रिया शर्माले चार ओभरमा २५ रन खर्चिँदै दुई विकेट लिइन्। त्यस्तै, कविता कुंवर, पूजा महतो, सीता रानामगर र रुविना क्षेत्रीको नाममा समान एक विकेट रह्यो।



जिम्बावेको विकेट लिएपछि खुसी हुँदै नेपाली खेलाडी।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

पछिल्लो दुई खेल हार्दा दबाब थियो

● **पूजा महतो**, खेलाडी, नेपाल



हामी घरेलु मैदानमा खेलिरहेका छौं। पछिल्लो दुई खेल हार्दा दबाब थियो। एकदमै दुःखी थिए। तर, तेस्रो खेलमा जित दिलाउन सफल भयौं। एकतर्फबाट विकेट गइरहँदा दबाब थियो। तर, दबाबमुक्त भएर खेलिरहैं र जिम्बावेविरुद्ध जित दिलाउन सफल भएँ। सबैले आत्मविश्वास पनि दिलाएका थिए।

स्कटल्यान्डले थाइल्यान्डलाई हरायो

प्रतियोगितामा स्कटल्यान्डले थाइल्यान्डविरुद्ध प्रभावशाली जित निकालेको छ। त्रिवि मैदानमै भएको खेलमा स्कटल्यान्डले थाइल्यान्डलाई पाँच विकेटले पराजित गऱ्यो। थाइल्यान्डले टस हारेर सुरुमा ब्याटिङ गर्दै ६ विकेट गुमाएर एक सय १९ रनको लक्ष्य दियो। प्रत्युत्तरमा स्कटल्यान्डले १४.४ ओभरमा पाँच विकेट गुमाउँदै एक सय २४ रन बनायो। स्कटल्यान्डको जितमा सारा ब्राइसले ३५ बलमा आठ चौका र एक छक्कासहित सर्वाधिक अविजित ५२ रन बनाइन्। यता, थाइल्यान्डका लागि नारुमोल चाइवाईले ५५ बलमा सर्वाधिक ७३ रन जोडिन्। उनले नौ चौका र दुई छक्का हिर्काएकी थिइन्।

अंकतालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
बंगलादेश	४	४	०	८	१.७५
आयरल्यान्ड	३	२	१	४	०.८०
अमेरिका	३	१	२	२	-०.५२
पिएनजी	३	१	२	२	-१.११
नामिबिया	३	०	३	०	-१.५०

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
नेदरल्यान्ड्स	३	३	०	६	०.५१
स्कटल्यान्ड	३	२	१	४	१.५७
थाइल्यान्ड	३	२	१	४	-०.२८
नेपाल	३	१	२	२	-०.३२
जिम्बावे	४	०	४	०	-०.९४

नेपालले बंगलादेशको स्थानमा स्कटल्यान्डसँग खेल्ने

भूराजनीतिक द्वन्द्वपछि आफ्ना खेलाडी र समर्थकको सुरक्षाको कारण देखाउँदै बंगलादेशले भारतमा खेल्न नसक्ने दाबी गर्दै आएको थियो



एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले २३ माघ बाट सुरु हुने टी-२० विश्वकपमा बंगलादेशको स्थानमा स्कटल्यान्डलाई खेलाउने निर्णय गरेको छ। शनिबारको यो निर्णयसँगै समूह 'सी'मा नेपालले बंगलादेशको सट्टा स्कटल्यान्डसँग खेल्ने पक्का भयो। समूहमा नेपालसहित दुईपटकको च्याम्पियन वेस्ट इन्डिज, एकपटकको च्याम्पियन इंग्ल्यान्ड र इटाली छन्।

बंगलादेशले शुक्रबारसम्म टिम दर्ता नगरेपछि आइसिसीले वरीयताका आधारमा यसअघि छनोट हुन नसकेको स्कटल्यान्डलाई मौका दिने निर्णय गरेको हो। भारत र बंगलादेशबिचको भूराजनीतिक द्वन्द्वका कारण आफ्ना खेलाडी र समर्थकको सुरक्षाको कारण देखाउँदै बंगलादेशले भारतमा खेल्न नसक्ने दाबी गर्दै आएको थियो। यसअघि आइसिसीले बंगलादेश क्रिकेटलाई इमेल गर्दै भनेको थियो, 'यदि बंगलादेशले पूर्वनिर्धारित तालिकाअनुसार भारतमा नखेले ठुलो निर्णय लिन सक्छ।' आइसिसीको इमेलपछि पनि बंगलादेश क्रिकेट परिषद् (बिसिबी)ले आफ्नो खेलाडी र समर्थकको सुरक्षा नहुने भन्दै श्रीलंकामा खेल सार्न अनुरोध गरेको थियो। तर, आइसिसी सबै खेल पूर्वनिर्धारित तालिकाअनुसार नै भारतमा खेल्नुपर्नेमा अडिक रह्यो।

बंगलादेशले तालिकाको सुरुका तीन खेल कोलकातामा खेल्दै छ। चौथो खेल भने नेपालसँग मुम्बईमा खेल्ने तालिका थियो। नेपालले भने समूहका आफ्ना सबै खेल मुम्बईमा खेल्ने तालिका छ। अब, स्कटल्यान्डले पहिलो खेल २३ माघमा वेस्ट इन्डिजसँग इडेन गार्डेनमा खेल्नेछ। दोस्रो खेल इटालीसँग तेस्रो खेल इंग्ल्यान्डसँग तथा चौथो खेल वानखेडे मैदानमा नेपालसँग खेल्ने तालिका छ। समूहका शीर्ष दुई टोली सीधै सुपर ८ मा प्रवेश गर्नेछन्।

यसअघि बंगलादेशका तीव्रगतिका बलर मुस्तफिजुर रहमानलाई आइपिएल टोली कोलकाता नाइट राइडर्सले रिलिज गरेपछि यो विवाद सतहमा आएको थियो। बिसिसिआईको निर्देशनले आफ्ना खेलाडी विश्व चर्चित फ्रेन्चाइज लिग आइपिएल खेल्नबाट वञ्चित भएपछि बंगलादेशमा आइपिएल खेल प्रत्यक्ष प्रसारणमा रोक लगाइएको थियो।

यसपछि क्रिकेट बंगलादेशले भारतमा आफ्ना समर्थक र खेलाडीको सुरक्षा नहुने ठहर गर्दै श्रीलंकामा खेल सार्न आइसिसीलाई दबाब दिएको थियो। तर, आइसिसीले बोर्ड मिटिङबाटै पूर्वनिर्धारित तालिकाअनुसार नै भारतमा खेल्नुपर्ने अडान कायमै राखेको थियो। तर, अन्तिम समयसम्म बंगलादेश क्रिकेटले पनि अडान कायम राखेपछि आइसिसीले बंगलादेशको स्थानमा स्कटल्यान्डलाई अवसर दिएको हो। आइसिसीको यो निर्णयपछि बंगलादेशसँगको यो विवाद अझै लम्बिने देखिन्छ।

स्कटल्यान्डको खेल तालिका

मिति	विपक्षी	स्थान
७ फेब्रुअरी	वेस्ट इन्डिज	इडेन गार्डेन
९ फेब्रुअरी	इटाली	इडेन गार्डेन
१४ फेब्रुअरी	इंग्ल्यान्ड	इडेन गार्डेन
१७ फेब्रुअरी	स्कटल्यान्ड	वानखेडे रंगशाला

नेपालको खेल तालिका

मिति	विपक्षी	स्थान
८ फेब्रुअरी	इंग्ल्यान्ड	वानखेडे रंगशाला
१२ फेब्रुअरी	इटाली	वानखेडे रंगशाला
१५ फेब्रुअरी	वेस्ट इन्डिज	वानखेडे रंगशाला
१७ फेब्रुअरी	स्कटल्यान्ड	वानखेडे रंगशाला

खेल संक्षेप

चार किलोमिटर दौडमा रुवेशलाई उपाधि

काठमाडौं/ रुवेश कार्कीले ७४औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा आयोजना भएको चार किलोमिटर दौडको उपाधि जितेका छन्। शनिबार भएको प्रतियोगितामा विभागीय टोली सशस्त्र प्रहरी बल एपिएफका रूवेशले निर्धारित दूरी १५.३१ मिनेटमा पार गर्दै प्रथम भए। नेपाली सेनाका राजीवकुमार नेपालले १८.२० मिनेटमा दूरी पार गर्दे दोस्रो तथा सेनाकै सञ्जीव माझीले १८.२२ मिनेटमा दूरी पार गर्दै तेस्रो स्थान हासिल गरेका छन्। महिलातर्फ सेनाकी लक्ष्मी खड्काले २२.२९ मिनेटमा दूरी पार गर्दै प्रथम भइन्। एपिएफकी ताराकुमारी गिरी दोस्रो तथा एपिएफकै रीता खड्का तेस्रो भइन्। प्रतियोगिताको दुवैतर्फको विजेताले २५ हजार, दोस्रोले १५ हजार र तेस्रो १० हजार नगद पाएका छन्। त्रिवि भन्सार कार्यालय, नेपाल भन्सार एजेन्ट संघ काठमाडौं, नेपाल फ्रेट फरवार्ड्स एसोसियसन, नेपाल निर्यात परिषद् काठमाडौं तथा नेपाल कुरियर सेवा संघको संयुक्त आयोजनामा सम्पन्न यस प्रतियोगिताको उद्घाटन त्रिवि भन्सार कार्यालयका प्रमुख विष्णुप्रसाद ज्ञवालीले गरेका थिए।

अर्जुन र फूलमती पहिलो

काठमाडौं/ विभागीय टोली त्रिभुवन आर्मीका अर्जुन बुढा र नेपाल एपिएफ क्लबकी फूलमती राना दर्सौं झिल्टुङ क्रसकन्ट्री दौडमा शनिबार पहिलो भएका छन्। खुलातर्फ १३.४ किलोमिटर दूरीको पुरुषमा अर्जुन र महिलामा फूलमती पहिलो भएका हुन्। अर्जुनले निर्धारित दूरी ५१ मिनेट ५७.८ सेकेन्डमा पूरा गरे। ताप्लेजुङका रमेश लिम्बू दोस्रो तथा रुकुमका ठकेन्द्र शर्मा तेस्रो भए। फ्लमितिले निर्धारित दूरी तय गर्न एक घण्टा आठ मिनेट पाँच सेकेन्ड समय खर्चिन्। आर्मीकी राज्यलक्ष्मी रावल दोस्रो तथा एपीएफकी सुशीला महत तेस्रो भइन्। स्थानीयको जुनियर यू-१६ छात्र ४.५ किलोमिटरमा आशिष तामाङ पहिलो बने।

सौराहामा 'जंगल सफारी क्रिकेट' हुने

काठमाडौं/ चितवनको पर्यटकीयस्थल सौराहामा कर्पोरेट खेलकुद प्रतियोगिता 'जंगल सफारी क्रिकेट-२०२६' आयोजना हुने भएको छ। इभेन्ट्स दरबार प्रालिले आगामी फेब्रुअरी २० देखि २२ सम्म सौराहामा गर्दै छ। सन् २०१९ देखि 'जंगल क्रिकेट'को नामबाट सुरु भएको यो प्रतियोगिता यसपटक 'जंगल सफारी क्रिकेट'को नयाँ स्वरूपमा सञ्चालन हुन लागेको हो। यसले खेलकुदसँगै कर्पोरेट नेटवर्किङ, मनोरञ्जन र पर्यटनलाई एकैसाथ जोड्ने लक्ष्य राखेको छ। २ रात ३ दिनको यो प्याकेजमा सहभागीहरूले क्रिकेट मात्र नभई 'जंगल फिल' थिममा टिम बिल्डिङ र आरामको अवसर पाउनेछन्।

भूपेन्द्र सम्मानित

काठमाडौं/ उमा कुङफुका अन्तर्राष्ट्रिय पदक विजेता भूपेन्द्र गुरुङलाई न्युयोर्क स्टेट एसेम्बलीले सम्मान गरेको छ। खेलकुद क्षेत्रमा हासिल गरेको उपलब्धिका लागि सम्मान प्रदान गरिएको भूपेन्द्रले जनाएका छन्। मेम्बर अफ एसेम्ब्ली स्टिभन बी. रागाले भूपेन्द्रलाई सो सम्मान प्रदान गरे। राष्ट्रिय उमा कुङफु च्याम्पियनसिपका स्वर्ण विजेता भूपेन्द्रले अमेरिका, युके र जर्मनीमा भएका विभिन्न ७ अन्तर्राष्ट्रिय प्रतियोगितामा १३ स्वर्ण र २ रजत पदक जितेका छन्। उनले जर्मनीमा भएको १२ औं विश्व मार्सल आर्ट्स गेम्समा एक स्वर्ण, अमेरिकामा भएको ब्याटल अफ दी ड्र्यागन विश्व च्याम्पियनसिपमा दुई स्वर्ण र युकेमा भएको उमा युरोपियन च्याम्पियनसिपमा तीन स्वर्ण जितेका थिए। त्यस्तै, युकेमा भएको आइएमएसी खुला प्रतियोगितामा दुई स्वर्ण, अमेरिकामा भएको छैटौं बक्स काउन्टी मार्सल आर्ट्स च्याम्पियनसिपमा एक स्वर्ण र एक रजत, युकेमा भएको उमा युरोपियन च्याम्पियनसिपको अर्को संस्करणमा एक स्वर्ण तथा १४औं विश्व खुला मार्सल आर्ट्स च्याम्पियनसिपमा दुई स्वर्ण र एक रजत जितेका छन्।

■ बंगलादेशमाथि नेपालको जित



काठमाडौं/ नेपालले साफ फुटसल च्याम्पियनसिपमा बंगलादेशविरुद्ध ४-१ को सानदार जित निकालेको छ। शनिबार बैंककस्थित नोनथाबुरी रंगशालामा विक्रान्तनरसिंह राना, लाक्पा तामाङ, सरोज तामाङ र सञ्जय स्याङ्तानले समान एक गोल गरे। विक्रान्तले प्रतियोगितामा व्यक्तिगत पाँचौं गोल गरेका हुन्। प्रतियोगितामा नेपालको यो दोस्रो जित हो। यसअघि नेपालले आफ्नो पहिलो खेलमा श्रीलंकालाई २-१ ले हराएको थियो। नेपालले आफ्नो अन्तिम खेलमा सोमबार भुटानलाई हराए कम्तीमा तेस्रो स्थान पक्का गर्नेछ। यता, माल्दिभ्स भने भुटानलाई हराउँदै एक खेलअघि नै च्याम्पियन भइसकेको छ। अब, माल्दिभ्सले अन्तिम खेलमा श्रीलंकाको सामना गर्नेछ।

चित्लाङविरुद्ध आर्मीको पाँच गोल

काठमाडौं/ दिनेश हेम्जन चम्किएपछि विभागीय टोली त्रिभुवन आर्मी क्लबले राष्ट्रिय लिगमा नयाँ टोली चित्लाङ एफसीलाई ५-१ ले पराजित गरेको छ। शनिबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आर्मीलाई जिताउन दिनेशले दुई गोल गरे। यस्तै, नवयुग श्रेष्ठ र नवीन लामाले समान एक गोल गरेका थिए। चित्लाङका नरेन्द्र चौधरीले आत्मघाती गोल गरे। म्याथ्यु बाबातुन्डेको नाममा एक गोल रह्यो।

यसअघि पहिलो खेलमा आर्मीले मनाङ मर्स्याङ्दी क्लबलाई ५-० ले हराएको थियो। दोस्रो खेलमा भने टोलीले नवप्रवेशी प्लानिङ ब्वाइजसँग गोलरहित बराबरी खेलेको थियो। यता, चित्लाङको भने दोस्रो पहिलो हार हो। चित्लाङले पहिलो खेलमा नवजनजागृति युवा क्लबलाई २-१ ले हराएको थियो भने दोस्रो खेलमा नेपाल पुलिस क्लबसँग १-१ को बराबरी खेलेको थियो।



■ छैटौं टाइगर कप भलिबल

आर्मीको लगातार दोस्रो हार

कास्कीमा रोहितराज पराजुली

विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र पाहुना टोली माल्दिभ्स भलिबल एसोसिएसन पोखरामा चलिरहेको छैटौं टाइगर कप भलिबल प्रतियोगितामा लगातार दोस्रो हार व्यहोर्नपुगेका छन्।

शनिबार सम्पन्न महिलातर्फको खेलमा विभागीय डर्बीमा नेपाल पुलिस क्लबले त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा पराजित गऱ्यो। खेलमा सुरुवाती अग्रता लिँदै पहिलो सेट १६-२५ ले आफनो पक्षमा पारेको आर्मी त्यसपछिका लगातार तीन सेटमा पछि परेको थियो। एक सेटले पछि परेको अवस्थालाई उल्ट्याउँदै पुलिसले दोस्रो सेट २५-१७, तेस्रो सेट २५-२२ र चौथो सेट २५-१३ ले आफ्नो पक्षमा पारेको थियो। यसअघि आफ्नो पहिलो खेलमा डायमन्डले आर्मीलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो।

पुरुषतर्फको प्रतिस्पर्धामा घरेलु टोली गण्डकी प्रदेश भलिबल संघले माल्दिभ्सलाई सोझो ३-० को सेटमा पराजित गऱ्यो। पहिलो सेट २५-१३, दोस्रो सेट २५-१४ र तेस्रो सेट २५-२१ ले गण्डकीले आफ्नो पक्षमा पारेको हो। जितसँगै गण्डकीले पहिलो जित हात पार्दा माल्दिभ्सले भने लगातार दोस्रो हारको सामना गरेको हो। यसअघि शुक्रबार सम्पन्न उद्घाटन खेलमा गण्डकी एपिएफसँग १-३ को सेटमा र आर्मीले माल्दिभ्सलाई ३-० को सोझो सेटमा पाखा लगाएको थियो।



थाइल्यान्डको टिम पराजित

महिलातर्फको अर्को खेलमा विभागीय एपिएफले पाहुना टोली थाइल्यान्ड क्विन्सलाई ३-२ को सेटको पाखा लगायो। खेलको पहिलो सेट २५-२३ र दोस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पारेको एपिएफ त्यसपछिका दुई सेटमा पछि परेको थियो। खेलको तेस्रो सेट २५-२२ र चौथो सेट २५-२३ ले पाहुना टोलीले आफ्नो पक्षमा पारेको थियो। दुई-दुई सेटको बराबरीमा पुगेको खेलको अन्तिम अर्थात् निर्णायक पाँचौं सेट १५-१३ ले आफ्नो पक्षमा पार्दै एपिएफले जारी प्रतियोगितामा सुखद सुरुवात गरेको हो। प्रतियोगिताको सफल टिम एपिएफले दोस्रो, तेस्रो र चौथो गरी तीन संस्करणको उपाधिसँगै ह्याट्रिक पूरा गरिसकेको छ।

शनिबार सम्पन्न अन्तिम खेलमा पुरुषतर्फ पर्वत भलिबल संघले नेपाल पुलिस क्लबलाई पराजित गऱ्यो। निकै प्रतिस्पर्धात्मक खेलमा ३-२ को सेटले पर्वतले जित हात परेको हो। तीन पाकिस्तानी खेलाडीसहितको पर्वतले पहिलो सेट २५-२२ र दोस्रो सेट ३१-२९ ले आफ्नो पक्षमा पारे पनि त्यसपछिका दुई सेट भने गुमाउन पुगेको थियो। तेस्रो सेटमा पुनरागमन गर्दै पुलिसले २५-२१ र चौथो सेट २५-१८ ले आफ्नो पक्षमा पारेको थियो।

दुई दुई सेटको बराबरीमा पुगेको खेलको निर्णायक पाँचौं सेट पर्वतले १५-१३ अंकसहित आफ्नो पक्षमा पार्दा उपाधि दाबेदार पुलिस भने निराश हुन पुगेको थियो। सिंगल राउन्ड रोबिनका आधारमा सञ्चालन भएको प्रतियोगिताअन्तर्गत आइतबार विभिन्न चार खेल हुने भएका छन्। पहिलो खेल महिलातर्फ एपिएफ र न्यु डायमन्ड र दोस्रो खेल पुलिस र थाइल्यान्डबिच हुनेछ। तेस्रो खेलमा पुरुषतर्फ एपिएफ र पर्वत भिड्दा अर्को खेलमा पुलिस र आर्मी भिड्नेछन्।

१७ माघसम्म सञ्चालन हुने प्रतियोगितामा महिलातर्फ पाँच र पुरुषतर्फ ६ गरी ११ टोली सहभागी रहेका छन्। प्रतियोगिताको महिला तथा पुरुष दुवैतर्फका विजेताले ६ लाख ६६ हजार ६६६, उपविजेताले तीन लाख ६६ हजार ६६६, तेस्रोले दुई लाख ६ हजार ६६६ नगद पाउनेछन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com